# “उपसंहार अर्थात् चौथो अन्त्य” उपन्यासको परिवेश विधान

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको**

**दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

**रुष्मा लामिछाने**

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौं**


**२०६९**


“उपसंहार अर्थात् चौथो अन्त्य” उपन्यासको परिवेश विधान

– रुष्मा लामिछाने, २०६९

उप.प्रा.डा. नारायण गड्तौला
शोधनिर्देशक

# "उपसंहार अर्थात् चौथो अन्त्य" उपन्यासको परिवेश विधान

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको**
**दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**
**रुष्मा लामिछाने**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौं**


**२०६९**

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजन परिपूर्तिका निम्ति **उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको परिवेश विधान** शीर्षकको शोधपत्र **रुष्मा लामिछाने**ले मेरो निर्देशनमा तयार पार्नुभएको हो । धेरै मेहनत साथ तयार पारिएको यस शोधकार्यको संयोजन तथा अध्ययन कार्यबाट म सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग समक्ष पेश गर्न सिफारिस गर्दछु ।

.......................................

(**उप.प्रा.डा. नारायण गड्तौला**)

**शोधनिर्देशक**

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

मिति : २०६९।११ । १६

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा **रुष्मा लामिछाने**ले स्नातकोत्तर तह दोस्रो वर्ष, दसौं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको परिवेश विधान** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. प्रा.डा. देवीप्रसाद गौतम ...........................

(विभागीय प्रमुख)

२. उप. प्रा.डा. नारायण गड्तौला ...........................

(शोधनिर्देशक)

३. अम्बिका निरौला ............................

(बाह्य परीक्षक)

मिति : २०६९/११/२०

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको **उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको परिवेश विधान** शीर्षकको शोधपत्र आदरणीय गुरु उप.प्रा.डा. नारायण गड्तौला ज्यूको कुशल निर्देशनमा तयार पारेकी छु । शोधपत्र तयारीको क्रममा आफ्नो कार्यगत व्यस्तताबाट समय मिलाएर आवश्यक सर-सल्लाह, सुझाव एवम् उद्देश्यमूलक जानकारी शोधपत्रको निरीक्षण, परिमार्जन तथा शुद्धीकरण गरिदिनु हुने आदरणीय गुरु नारायण गड्तौला ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान कार्य गर्न स्वीकृति प्रदान गर्ने त्रि.वि. नेपाली केन्द्रीय विभागप्रति म आभार व्यक्त गर्दछु । त्यसैगरी शोधपत्रको तयारीका क्रममा सहयोग र सुझाव दिनुहुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु साथै प्रस्तुत शोधपत्र तयार गर्दा सम्बन्धित विषयप्रति सल्लाह र सुझाव दिनुहुने लेखक डा. ध्रुवचन्द्र गौतमप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यस शोधकार्यका लागि आवश्यक पुस्तक तथा पत्रपत्रिका सरल र सहज ढङ्गले उपलब्ध गराई सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी विभागीय पुस्तकालय कर्मचारी तथा आदरणीय दाजु राजाराम प्रति आभार प्रकट गर्दछु ।

विभिन्न बाधा र अप्ठ्याराहरू आइपर्दा पनि मलाई उचित वातावरण सिर्जना गरी मेरो अध्ययनलाई निरन्तरता दिनुहुने मेरो श्रीमान् द्रोण भट्टराई ज्यू, आदरणीय बुवाआमा तथा घरपरिवारप्रति आजीवन ऋणी रहनेछु । सामग्री सङ्कलनदेखि शोधपत्र लेखन कार्यसम्मलाई प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुऱ्याउने मित्रजनहरूप्रति पनि आभारी छु । सङ्कलित सामग्रीहरू सुरक्षितपूर्वक टङ्कण गरिदिने बहिनी दिव्या क्षेत्री 'पूर्णिमा' लाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

............................

रुष्मा लामिछाने

मिति : २०६९/११/ १६ नेपाली केन्द्रीय विभाग

रोल नं ११४ कीर्तिपुर, काठमाडौं

## सङ्क्षेपीकरण

| संक्षिप्त रूप | पूर्ण रूप |
| --- | --- |
| अप्रका. | अप्रकाशित |
| आइ.ए. | इन्टरमिडियट अफ आर्ट्स |
| एस.एल.सी. | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| चि.वा.प्र. | चितवन वाङ्मय प्रतिष्ठान |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| ने.के.वि. | नेपाली केन्द्रीय विभाग |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.शि.स. | नेपाली शिक्षण समिति |
| पृ. | पृष्ठ |
| प्र.सं. | प्रथम संस्करण |
| बी.ए. | ब्याचलर अफ आर्ट्स |
| भा.रु. | भारतीय रूपैयाँ |
| वि.पी. | विश्वेश्वर प्रसाद |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादन/सम्पादक |
| स्व. | स्वर्गीय |

# विषयसूची


| | पृष्ठ सं. |
|---|---|
| **परिच्छेद एक : शोध परिचय** | **१–७** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधपत्रको उद्देश्य | ३ |
| १.४. पूर्वकार्यको समीक्षा | ३ |
| १.५ अध्ययनको औचित्य | ५ |
| १.६ अध्ययनको क्षेत्र र सीमाङ्कन | ६ |
| १.७ शोधविधि | ६ |
| १.७.१ सामग्री सङ्कलन विधि | ६ |
| १.७.२ अध्ययन विधि | ७ |
| १.८ शोधपत्रको रूपरेखा | ७ |
| **परिच्छेद दुई : ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्रा र प्रवृत्ति** | **८–२७** |
| २.१ ध्रुवचन्द्र गौतमको परिचय | ८ |
| २.१.१ जन्म | ८ |
| २.१.२ बाल्यकाल | ८ |
| २.१.३ प्रेरणा र प्रभाव | ९ |
| २.१.४ साहित्यमा प्रवेश | १० |
| २.१.५ सामाजिक सेवा | १० |
| २.१.६ साहित्यिक योगदान | ११ |

२.१.६.१ उपन्यासकारिता १२

२.१.६.२ कथाकारिता १२

२.१.५.३ नाट्यकारिता १३

२.१.५.४ कविता तथा गीतिकारिता १३

२.१.६.५ निबन्धकारिता १४

२.१.५.६ स्तम्भकारिता १४

२.१.६.७ निर्देशक/पटकथाकारिता १४

२.१.७ पुरस्कार तथा सम्मान १५

२.२ ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्रा १६

२.३ ध्रुवचन्द्र गौतमको औपन्यासिक प्रवृत्तिहरू २२

२.३.१ विसङ्गतिवादी प्रवृत्ति २३

२.३.२ अस्तित्ववादी प्रवृत्ति २३

२.३.३ आलोचनात्मक यथार्थवादी प्रवृत्ति २४

२.३.४ प्रकृतवादी शैली २४

२.३.५ प्रयोगवादी प्रवृत्ति २५

२.३.६ स्वैरकल्पना २५

२.३.७ श्यामव्यङ्ग्य/असित व्यङ्ग्य २५

२.३.८ चेतनप्रवाह शैली २६

२.३.९ प्रतीक, विम्ब र मिथकको प्रयोग २६

२.३.१० भाषिक प्रयोगमा विविधता २७

**परिच्छेद तीन : परिवेशको सैद्धान्तिक पक्ष** **२८–४७**

३.१ विषय परिचय २८

३.१.१ अर्थ २९

३.१.२ देशकाल ३०

३.१.३ वातावरण ३२

३.१.४ परिभाषा ३३

३.२ परिवेशका पक्षहरू ३६

३.३ उपन्यासका तत्त्वहरू र परिवेशसँगको सम्बन्ध ४०

३.३.१ कथानक ४१

३.३.२ चरित्र/पात्र ४३

३.३.३ संवाद ४५

३.३.४ भाषाशैली ४६

३.३.५ उद्देश्य ४७

**परिच्छेद चार : उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासमा प्रयुक्त परिवेशको विश्लेषण र परिवेशसँग औपन्यासिक तत्त्वको संयोजन ४८–८६**

४.१ बाह्य परिवेश ४८

४.१.१ स्थान : देश ४८

४.१.२ समय : काल ५२

४.१.३ सांस्कृतिक पक्ष ५४

४.१.४ सामाजिक पक्ष ५७

४.१.५ राजनीतिक पक्ष ५८

४.१.६ आर्थिक पक्ष ६१

४.१.७ भाषिक पक्ष ६३

४.२ आन्तरिक परिवेश ६९

४.२.१ चेतन र अचेतन अवस्था ६९

४.२.२ जीवनमूलक प्रवृत्ति र मृत्युमूलक प्रवृत्ति ७०

४.२.३ हीनता र उच्चताको भावना ७१

४.२.४ अन्तर्मुखी र बर्हिमुखी प्रवृत्ति ७२

४.२.५ स्वपीडन र परपीडन रति ७३

४.३ उपन्यासका अन्य तत्त्व र उपसंहार अर्थात् चौथो अन्त्यको परिवेशको सम्बन्ध ७४

४.३.१ उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको कथानक र परिवेश ७४

४.३.२ उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासका पात्र र परिवेश ७८

४.३.३ उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको संवाद र परिवेश ८१

४.३.४ उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको भाषा र परिवेश ८४

**परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष** **८८–९१**

५.१ निष्कर्ष ८८

सम्भावित शोधशीर्षकहरू ९२

**सन्दर्भ सामग्रीहरू** **९३**

# परिच्छेद- एक

# शोध परिचय

## १.१ विषय परिचय

उपन्यासकार ध्रुवचन्द्र गौतम (२०००) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । गौतमले साहित्यका धेरै विधामा कलम चलाए तापनि उनको विशेष प्रसिद्धि भने उपन्यास विधामा रहेको छ । गौतमले साहित्यका गीत, कविता, कथा, निबन्ध, नाटक र उपन्यास विधामा कलम चलाएका छन् । गौतमको लेखन विसङ्गतिवादी परम्पराबाट आरम्भ भएर परम्परागत सामाजिक यथार्थ र आलोचनात्मक यथार्थसम्म अभिमुख हुन पुगेको देखिन्छ । उनका उपन्यासहरू मध्ये **उपसंहार अर्थात् चौथो अन्त्य** पनि एक हो । यसमा समाजमा विद्यमान र विविध क्षेत्रमा भएका विकृति र विसङ्गतिप्रति आलोचना गर्दै श्यामव्यङ्ग्य गरिएको छ ।

कुनै पनि साहित्यिक कृतिमा घटना घट्नको लागि उपयुक्त मानिएको स्थल नै त्यस साहित्यिक कृतिको परिवेश हो । पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले ठूलो भूमिका खेल्दछ र परिवेश अन्तर्गत देश-काल र वातावरण पर्दछन् । यस बाहेक सामाजिक संस्कार, रीतिरिवाज, रहनसहन, संस्कृति, धार्मिक, आर्थिक, राजनैतिक अवस्था आदि कुराहरू पनि परिवेश अन्तर्गत पर्दछन् । उपन्यासमा देश, काल र वातावरणको यथार्थ प्रयोगले घटना र पात्रमा सजीवता भई पाठकमा घटनाप्रति विश्वास जागृत हुन्छ ।

ध्रुवचन्द्र गौतमको **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास वि.सं २०४८ सालमा प्रकाशित विसङ्गतिवादी उपन्यास हो । यस उपन्यासको मञ्चीय कार्य स्थलका रूपमा नेपालको राजधानी काठमाडौं सहर र सहरभित्रका विभिन्न स्थानहरू 'म' पात्रको कोठा, दीप्तिमान पत्रिकाको कार्यालय, प्रसादराजाको दरबार, विभिन्न होटल र भट्टी पसलहरू आदि आएका छन् । त्यस्तै नेपथ्यमा लक्ष्मीको मावली घर, भक्तपुरको किसानको घर, अमिताको घर, रोजिना रानीले समाज सेवा गर्न पुगेको गाउँ,

शिवरामको घर, रुक्मिणीको घर, छिमेकी परिवारको घर रहेको छ । यस उपन्यासमा पञ्चायतकालीन सामन्ती व्यवस्थाले फैलाएको विकृति र विसङ्गतिलाई देखाइएको छ । प्रजातन्त्रको आगमन पश्चात्, पनि समाजमा देखिएका विकृतिहरू नहटेको र सामन्ती शोषकहरू ठूला ठूला पदमा पुगेका छन् । शान्तिकामी र प्रजातन्त्र प्रेमी अर्थात् प्रजातन्त्रको लागि मरिमेट्नेहरूको जीवनचाहिँ पतन भएको सामाजिक सङ्क्रमणको स्थितिलाई यस उपन्यासमा चित्रण गरिएको छ ।

समग्र तत्त्वको आधारमा कृतिको अध्ययन विश्लेषण भए तापनि यस उपन्यासको कुनै परिवेशमा मात्र केन्द्रित भएर अध्ययन भएको पाइँदैन । त्यसकारण उपन्यासको एक तत्त्व परिवेशमा आधारित भएर **उपसंहार अर्थात् चौथो अन्त्य**को अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

ध्रुवचन्द्र गौतमको उपन्यास **उपसंहार अर्थात् चौथो अन्त्य**को विभिन्न पक्षमा शोधकार्य सम्पन्न भइसकेको भए तापनि यसै उपन्यासको परिवेश विधानमा केन्द्रित भएर हालसम्म शोध भएको छैन । त्यसकारण **उपसंहार अर्थात् चौथो अन्त्य,** उपन्यासको परिवेशगत अध्ययन गर्नु नै प्रमुख समस्या रहेको छ र यसै समस्यासँग गाँसिएर निम्न समस्याहरू आएका छन् ।

(क) ध्रुवचन्द्र गौतमको जीवनी, औपन्यासिक यात्रा र प्रवृत्ति के कस्तो छ ?

(ख) **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासले कहाँ र कुन समयवृत्तलाई समेटेको छ

(ग) **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको बाह्य र आन्तरिक परिवेश विधान के कस्तो छ ?

(घ) औपन्यासिक तत्त्वका दृष्टिले **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासका विभिन्न पक्षसित परिवेशको के-कस्तो सम्बन्ध रहेको छ ?

माथिका यिनै समस्याहरूमा केन्द्रित भएर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.३ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य उपन्यासको परिवेश विधानगत अध्ययन गर्नु रहेको छ र यही मुख्य उद्देश्यसँग सम्बन्धित भएर निम्न उद्देश्यहरू निर्धारण गरिएका छन् :

(क) ध्रुवचन्द्र गौतमको जीवनी, औपन्यासिक यात्रा र प्रवृत्तिहरूको खोजी गर्नु ,

(ख) **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा प्रस्तुत स्थान र समयवृत्तको विश्लेषण गर्नु ,

(ग) **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको परिवेश विधान सैद्धान्तिक आधारमा विश्लेषण गर्नु,

(घ) औपन्यासिक तत्त्वका दृष्टिले **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासका विभिन्न पक्षसित परिवेशको सम्बन्ध निरूपण गर्नु ।

माथिका बुँदाका आधारमा प्रस्तुत शोधपत्रको अध्ययनको उद्देश्य रहेको छ ।

## १.४. पूर्वकार्यको समीक्षा

उपन्यासकार ध्रुवचन्द्र गौतमको **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासका बारेमा विभिन्न विद्वान्हरूद्वारा टीका टिप्पणी तथा समीक्षा पत्रपत्रिका र पुस्तकहरूमा गरिएको पाइए तापनि परिवेशमा मात्र केन्द्रित भई अध्ययन विश्लेषण भएको छैन । यस कृतिका बारेमा विद्वान्हरूद्वारा गरिएका समीक्षा तथा टीका टिप्पणीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

राजेन्द्र सुवेदी (२०५०) ले **समकालीन साहित्य**मा प्रकाशित “उपन्यासकार ध्रुवचन्द्र गौतम र उनको उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको अध्ययन” नामक समालोचनात्मक लेखमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा सभ्यता, संस्कृति,

समाज, सत्ता र शासकका आचरणलाई अस्तित्ववादी शैलीमा उतारिएको कुरा उल्लेख गरेका छन् ।

लीला लुइटेल (२०५७) ले **गरिमा** मा प्रकाशित “ध्रुवचन्द्र गौतमको औपन्यासिक शिल्प” नामक समालोचनात्मक लेखमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा निम्न वर्गीय सहरिया परिवेशको चित्रण भएको कुरा उल्लेख गरेकी छन् ।

लक्ष्मणप्रसाद गौतम (२०५७)ले **सान्दर्भिक समालोचना** नामक समालोचनात्मक पुस्तकमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको परिवेश पञ्चायतकालीन र पञ्चायतोत्तर प्रजातान्त्रिक व्यवस्थाको कालिक परिवेशको वृत्तमा आधारित रहेको छ भनेका छन् ।

खेम दाहाल (२०५८) ले **समकालीन साहित्य**मा प्रकाशित “उपसंहार अर्थात् चौथो अन्त्य : एक समीक्षा” नामक समालोचनात्मक लेखमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा ठूलो र सकभर मुख्य समय त्यस्तै २०३० सालदेखि सुरु भए झैं लाग्छ र प्रशस्त धन कमाई सम्पत्तिमा रजगज गर्न पाउने बेला आउँदा वि.सं २०४६ सालको जनक्रान्तिको बेला आएको बुझिन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान (२०६१) ले **नेपाली उपन्यास र उपन्यासकार** नामक समालोचनात्मक पुस्तकमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा वर्तमान समयसँग तादात्म्य राख्न जीवनमा घटित यथार्थ घटनाहरूलाई प्रस्तुत गरिएको छ भनेका छन् ।

राजेन्द्र सुवेदी (२०६४) ले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** नामक समालोचनात्मक पुस्तकमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा राजनीतिक परिवेशलाई देखाएको छ भनेका छन् ।

कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** नामक समालोचनात्मक पुस्तकमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास नाङ्गो र

अश्लील शब्दहरूको पर्याप्त प्रयोग गरिएको प्रकृतवादी शैलीको उपन्यास हो भन्ने कुरा उल्लेख छन् ।

ज्ञानु अधिकारी (२०६७) ले **प्रायोगिक समालोचना केही प्रतिरूप** नामक समालोचनात्मक पुस्तकमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा वि.सं २०३६ / ०३७ देखि २०४७ सम्मको समयावधिको पृष्ठभूमिलाई आधार बनाएर तत्कालीन राजनीति र त्यसबाट प्रभावित पक्षहरूलाई विश्लेषण गरेर लेखिएको उपन्यास हो भन्ने कुरा उल्लेख गरेकी छन् ।

यस प्रकार माथि उल्लेख गरिएका सामान्य प्रयासहरू भए पनि **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको परिवेशमा मात्र केन्द्रित भई विस्तृत अध्ययन विश्लेषण भएको छैन । यही अभाव पूर्ति गर्ने उद्देश्यले यस शोधपत्रमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको परिवेशको विस्तृत अध्ययन र सूक्ष्म विश्लेषण गरिएको छ । तसर्थ प्रस्तुत शोधपत्रमा उपन्यासको परिवेश विधानका आधारमा व्याख्या, विश्लेषण र अध्ययन अनुसन्धान गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

ध्रुवचन्द्र गौतमद्वारा रचित **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको बारेमा विभिन्न समालोचक तथा समीक्षकहरूले गरेका टिप्पणी र विवेचनाहरूले मात्र यसको अध्ययन पूर्ण नभएकाले यो शोधपत्र परिवेशविधानगत अध्ययनका दृष्टिले औचित्यपूर्ण रहेको छ । प्रस्तुत शोधकार्यबाट गौतमको **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको परिवेशले कुन समयलाई अङ्कित गरेको छ ? र यस उपन्यासको कथावस्तु कुन स्थानमा घटित भएका छन् ? भनी बुझ्न चाहने जो कोही जिज्ञासु र इच्छुक पाठकवर्गले ज्ञान हासिल गर्न सक्छन् र साथै कुनै पनि कृतिको परिवेशको अध्ययन गर्न चाहने शोधार्थीले सामान्य मार्ग निर्देश प्राप्त गर्न सक्ने हुँदा यस शोध कार्यको महत्त्व स्वतः स्पष्ट हुन्छ । त्यस्तै अर्कोतर्फ गौतमको यस उपन्यासको विभिन्न कोणबाट विश्लेषण एवम् मूल्याङ्कन भइसकेको सन्दर्भमा परिवेश विधानगत अध्ययन

नभएकाले **उपसंहार अर्थात् चौथो अन्त्य** लाई परिवेशको आधारमा मात्रै अध्ययन गर्नु यस शोधपत्रको अध्ययनको औचित्य रहेको छ ।

## १.६ अध्ययनको क्षेत्र र सीमाङ्कन

उपन्यासकार ध्रुवचन्द्र गौतमको दुई दजर्नभन्दा बढी प्रकाशित उपन्यास भए तापनि यस शोधपत्रमा उनको उपन्यास **उपसंहार अर्थात् चौथो अन्त्य**को परिवेशमा मात्र केन्द्रित भएर अध्ययन गरिने भएकाले उपन्यासको परिवेश विधानगत अध्ययन गर्नु यस शोधपत्रको सीमा बनाइएको छ ।

## १.७ शोधविधि

शोधविधि एक अनुसन्धनात्मक कार्य हो । शोध तथा अनुसन्धनात्मक कार्य गर्नका निमित्त विभिन्न सामग्रीहरूको आवश्यकता पर्दछ त्यसैले यो शोधकार्य गर्नका लागि सामग्री सङ्कलन र अध्ययन विधिलाई प्रस्तुत गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य लेखनमा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त शोधनायकका विचार विभिन्न विद्वान्हरूका लेख, रचना, पुस्तक, पत्रपत्रिका आदिलाई पनि सामग्रीको रूपमा उपयोग गरिएको छ । साथै शिक्षक र अग्रजहरूको सल्लाह अनुसार पनि सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका क्रममा प्राथमिक र द्वितीयक दुवै स्रोतहरूको समेत सहयोग लिइएको छ । प्राथमिक स्रोतमा **उपसंहार अर्थात् चौथो अन्त्य** औपन्यासिक कृतिलाई लिइएको छ भने द्वितीयक स्रोतमा यस उपन्यासको बारेमा भएको पूर्वाध्ययनहरूलाई लिइएको छ ।

### १.७.२ अध्ययन विधि

प्रस्तुत शोधकार्य लेखनमा अध्ययन विधिको पनि प्रयोग गरिएको छ । यस शोधकार्यमा सङ्कलित सामग्रीहरूको अध्ययन गरी वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र सुसङ्गठित ढङ्गमा प्रस्तुत गर्नका लागि विभिन्न अध्यायहरूमा विभाजन गरी आवश्यकता अनुसार तिनलाई पनि विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरिएको छ । यस शोधपत्रको परिच्छेदगत विभाजन निम्नलिखित शीर्षकमा गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्रा र प्रवृत्ति

परिच्छेद तीन : परिवेशको सैद्धान्तिक पक्ष

परिच्छेद चार : **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा प्रयुक्त परिवेशको विश्लेषण र परिवेशसँग औपन्यासिक तत्त्वको संयोजन

परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष

उपर्युक्त पाँच परिच्छेदका अलावा शोधपत्रको अन्त्यमा सन्दर्भ ग्रन्थको सूची राखिएको छ ।

# परिच्छेद - दुई

# ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्रा र प्रवृत्ति

## २.१ ध्रुवचन्द्र गौतमको परिचय

ध्रुवचन्द्र गौतम नेपाली उपन्यास परम्परामा वि.सं. २०२० को दशकमा उदाएका प्रतिभा हुन् । गौतमको लगभग चार दशक लामो औपन्यासिक यात्रामा उनले दुई दर्जनभन्दा बढी उपन्यास प्रकाशित गराइसकेका छन् । गौतमले नेपाली उपन्यासमा स्वैरकल्पना, मिथकीय प्रयोग, श्यामव्यङ्ग्य, अनुभवन्यास र सूत्र उपन्यास जस्ता विविध प्रकारका उपन्यास लेखेका छन् र सफलता पनि प्राप्त गरेका छन् । यसरी विभिन्न प्रकारका उपन्यास लेख्ने गौतमको जीवनका केही घटनाहरूको सामान्य चर्चा तल प्रस्तुत गरिएको छ ।

### २.१.१ जन्म

ध्रुवचन्द्र गौतमको जन्म मिति  सम्बन्धी विभिन्न विद्वान्हरूले आ- आफ्नो  मत राखेका छन् । ध्रुवचन्द्र गौतमको जन्म वि.सं. २००० साल पुस २ गते बिहीबार भएको र तदनुसार सन् १९४३ डिसेम्बर १६ मा भएको हो (लुइटेल, २०६०:८) । माता दीपावती देवी र पिता गोविन्दचन्द्र गौतमका काइँलो पुत्रको रूपमा रहेका चेतचन्द्र नै आजका ध्रुवचन्द्र गौतम हुन् (मरासिनी, २०६६:६) । गौतमको जन्म बीरगञ्जको बेतौनामा भएको हो (पाण्डे, २०६०:२५) । भन्ने मत देखिए पनि ध्रुवचन्द्र गौतम स्वयम्ले आफ्नो जन्म भारतको रक्सौलमा भएको र पछि बीरगञ्ज आएको कुरा बताएका छन् । यस आधारमा ध्रुवचन्द्र गौतमको भनाइलाई बढी प्रामाणिक मानिएको छ ।

### २.१.२ बाल्यकाल

ध्रुवचन्द्र गौतम आफ्ना बुवाको जागिरको सिलसिलामा डेरा लिएर बस्ने क्रममा कहिले बीरगञ्ज र कहिले बेतौना गाउँमा बसेको देखिन्छ । यसैगरी उनले आफ्ना बुवाले बसाएको गौतमपुरमा सम्पूर्ण बाल्यकाल र किशोरकाल व्यतीत गरेको पाइन्छ

(पाण्डे, २०६०:२५) । उनी सात वर्षको हुँदा उनकी आमाको मृत्यु भएको र मृत्यु पश्चात् उनको बाल्यकालीन अवस्था केही दुःखद र केही समय सामान्य ढङ्गमा गुज्रिएको देखिन्छ (लुइटेल, २०६०:८) ।

वि.सं. २०१० सालमा ब्रतबन्धका निम्ति पहिलो पटक काठमाडौँ आउँदा उनलाई त्यस ठाउँले पनि राम्रै अनुभव गराएको देखिन्छ (निरौला, २०६१:६९) । उनले प्रारम्भिक शिक्षा बीरगञ्जकै साधारण विद्यालयबाट सुरूवात गरेका हुन् र वि.सं. २०१६ सालमा बीरगञ्जकै त्रिजुद्ध मा.वि.बाट एस.एल.सी. उत्तीर्ण गरेको पाइन्छ (बराल र एटम, २०६६:२४६) । गौतमले काठमाडौँ आएर शङ्करदेव क्याम्पसको रात्रिकक्षामा अध्ययन थालेको पाइए पनि २०१७ सालमा ठाकुरराम क्याम्पस बीरगञ्जबाट आई.ए. र त्रिचन्द्र कलेज बाट २०२० सालमा बी.ए. उत्तीर्ण गरेका छन् । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट २०२३ सालमा एम.ए. उत्तीर्ण (द्वितीय श्रेणीमा सर्वप्रथम) गरेका हुन् (लुइटेल, २०६०:८) । पुना विश्वविद्यालयबाट २०३६ सालमा (अ डिस्क्रिपटिभ स्टडी अफ तराई नेपाली) शीर्षकमा विद्यावारिधि उपाधि हासिल गरेका छन् (बराल र एटम, २०६६:२४७) ।

## २.१.३ प्रेरणा र प्रभाव

कुनै पनि मानिसले ज्ञान आर्जनका लागि कसैको प्रभाव प्रेरणा वा व्यक्ति स्वयम्को अध्ययनद्वारा कुनै पनि क्षेत्रमा विशिष्टता प्राप्त गरेको हुन्छ । ध्रुवचन्द्र गौतमले माध्यमिक तह अध्ययनको क्रमदेखि नै गीत गाउने, नाटक लेख्ने गरेको पाइन्छ (सुवेदी, २०५९:१) । गौतमले आफ्नै बुवा र दाजु धनुषचन्द्र गौतमको पारिवारिक प्रेरणाबाट साहित्यमा प्रवेश गरेका हुन् (मरासिनी, २०६६:७) । गौतमलाई मातृवियोगको पीडा, आर्थिक अभाव र श्री ५ महेन्द्रको “लेखिरहनु लेख्न नछोड्नु” भन्ने कथन (बाढी, पृ. १२९) आदिले केही मात्रामा सहयोग पुऱ्याएको देखिए तापनि खासमा यिनीभित्र लुकेर रहेको विशिष्ट सिर्जनशील प्रतिभा नै सर्वप्रथम कारक रहेको छ (लुइटेल, २०६०:१०) । उनले लेखेको गीतबाट २०१९ सालमा राजा महेन्द्र प्रभावित भई भा.रु. सय दिए पछि लेखन कार्यमा थप प्रेरणा मिलेको पाइन्छ । यिनी वी.पी.

कोइराला, पारिजात, इन्द्र बहादुर राई, गोविन्द गोठाले, सार्त्र, कामु, काफ्का, रवीन्द्रनाथ, ताराशङ्कर अज्ञेय, राजेन्द्र यादव, गिरिराज किशोर आदि स्वदेशी र विदेशी लेखकहरूबाट प्रभावित भएको पाइन्छ (सापकोटा, २०४३:८४-९५) । गौतमले आफ्ना अग्रज लेखकहरूको प्रभाव, आफ्नो अथाह मेहनत र प्रयासले गर्दा उत्कृष्ट खालको रचना गर्ने प्रेरणा प्राप्त गरेका छन् ।

### २.१.४ साहित्यमा प्रवेश

ध्रुवचन्द्र गौतमले विद्यालय तहको पठनपाठन देखि नै गीत, कविता आदि लेख्ने गरेको पाइन्छ । गौतमले दश वर्षको उमेरदेखि कविता लेख्ने गरेको कुरा उनी स्वयम्ले बताएका छन् । गौतमको लेखनका दृष्टिले पहिलो कविता **सरस्वती तिम्रो शक्ति महान्** शीर्षकको कविता रहेको छ (निरौला, २०६१:१५) । बीरगञ्जको **जुनेली** नामको हस्तलिखित भित्ते पत्रिकामा २०१४ सालमा **शुभ्रहिमालयको काखमा बसेको हाम्रो देश नेपाल** शीर्षकको कविता पहिलो पटक छापिएको हो (पाण्डे, २०६०:२५) । गौतमले औपचारिक रूपमा वि.सं. २०२० सालको **रूपरेखा** (पूर्णाङ्क, २०) पत्रिकामा प्रकाशित **तटस्थता : असफलता** शीर्षकको कविता तथा त्यसै सालको **रूपरेखा** (पूर्णाङ्क २०) मा प्रकाशित **एक यात्रानुभूति** शीर्षकको कथाबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् (लुइटेल, २०५७:८६) । ध्रुवचन्द्र गौतमले साहित्यिक विधा अन्तर्गत गीत, कविता, कथा, निबन्ध, नाटक र उपन्यास आदि विविध विधामा कलम चलाएका छन् ।

### २.१.५ सामाजिक सेवा

ध्रुवचन्द्र गौतम उच्च शिक्षा हासिल गर्नका लागि काठमाडौँ आएपछि वि.सं. २०१६ सालमा संसदको क्यान्टिनमा सामान्य जागिरे हुन पुग्दछन् । अध्ययनकै क्रममा २०१९ मा एजुकेसनल इन्टरप्राइजेजमा पुस्तक विक्रेता तथा त्यही साल गोरखापत्रमा प्रुफरिडर समेत भएको देखिन्छ (मरासिनी, २०६६:८) । आफ्नो औपचारिक अध्ययन पूरा गरेर प्राध्यापन पेसामा लागेका गौतमले विभिन्न सामाजिक सङ्घ संस्था र पेसामा आवद्ध भएर काम गरेका छन् ।

गौतम **अमलेख साहित्यिक आन्दोलनका** संस्थापक सदस्य, **साझा प्रकाशन**को सञ्चालक, **पेन नेपाल**का संस्थापक उपाध्यक्ष, **नारायणी वाङ्मय प्रतिष्ठान**का सदस्य सचिव, **सिर्जनशील साहित्यिक समाज**का महासचिव, **माध्यमिक विद्यालयमा नेपाली विषय समिति**का सदस्य, **वी.पी. स्मृती ट्रस्ट**का संस्थापक कार्यकारी सदस्य जस्ता विभिन्न संघ संस्थामा आवद्ध भएको देखिन्छ (गौतम, २०६०:९) । उनले स्नातकोत्तर गरेर त्रिचन्द्र कलेजमा अध्यापन गर्न थालेपछि विभिन्न सामाजिक सङ्घसंस्थामा रहेर जिम्मेवारी वहन गरेका हुन् । गौतमले त्रि.वि. मा २०३६ देखि २०५१ सम्म अध्यापन गर्दा **त्रि.वि. सूचना शाखा** को सहयोगी, **नेपाल टेलिभिजन**को निर्देशक समेत बनेका छन् (मरासिनी, २०६६:८) । ध्रुवचन्द्र गौतम विभिन्न पत्रपत्रिकाको सम्पादन, स्तम्भ लेखन, रेडियो नेपाल, नेपाल टेलिभिजन र सांस्कृतिक संस्थान आदि संस्थाको कतै प्रत्यक्ष त कतै अप्रत्यक्ष सल्लाहकार रहँदै आएका छन् (सुवेदी, २०५७:१-२) ।

ध्रुवचन्द्र गौतम २०४० साल पछिका वर्षहरूमा प्राध्यापनको तुलनामा लेखनका क्षेत्रमा बढी सक्रिय भएको देखिन्छ । **गौतम नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान**का सदस्य सचिव, **एकेडेमी अफ पोएट्स एन्ड राइटर्स** अमेरिकाको नेपाल शाखाका संस्थापक अध्यक्ष (लुइटेल, २०६०:९) बनेको देखिन्छ ।

यसरी ध्रुवचन्द्र गौतमले लामो समयसम्म विभिन्न सङ्घ संस्था र पेसामा आबद्ध भएर कार्य गरेको पाइन्छ ।

## २.१.६ साहित्यिक योगदान

ध्रुवचन्द्र गौतमले दश वर्षको कलिलो उमेर देखि नै कविता लेखेको कुरा स्वयम् गौतमले बताएका छन् । उनले साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएका छन् । उनको औपचारिक रूपमा वि.सं. २०२० सालमा **तटस्थता : असफलता** कविता **रूपरेखा** पत्रिकामा प्रकाशित भएपछि र सोही साल **रूपरेखा**मा **एक यात्रानुभूति** कथा प्रकाशित भएपछि गौतमको साहित्यिक यात्रा सुरू हुन्छ (बराल र एटम, २०६६:२४७) ।

यसरी साहित्यका विविध क्षेत्रमा योगदान पुऱ्याउन उनी प्रयत्नरत रहेका देखिन्छन् । उनका साहित्यिक विधागत योगदानलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ ।

## २.१.६.१ उपन्यासकारिता

ध्रुवचन्द्र गौतमको वि.सं. २०२४ सालमा **अन्त्यपछि** उपन्यास (**रूपरेखा**, पूर्णाङ्क ७१, २०२४) प्रकाशित भएपछि औपन्यासिक यात्रा आरम्भ भएको हो (लुइटेल, २०५७:८७) । उनको उपन्यासकारिता गुणात्मक दृष्टिले उत्कृष्ट खालको रहेका छन् भने संख्यात्मक दृष्टिले दुई दर्जनभन्दा बढी रहेका छन् । उनले अधिक मात्रामा आख्यानको सिर्जना गरेको हुनाले आख्यान पुरुषको उपाधि समेत पाएका छन् । उनले एकल र सहलेखन गरी हालसम्म थुप्रै उपन्यासहरू रचना गरेका छन् । गौतमको प्रकाशित कृतिहरूमा **अन्त्यपछि** (२०२४)**,** **बालुवामाथि** (२०२८), **डापी** (२०३३), **कट्टेलसरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्व. हिरादेवीको खोज** (२०४५), **एक शहरमा एक कोठा** (२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८), **दुविधा** (२०५२), **अग्निदत्त + अग्निदत्त** (२०५३), **फूलको आतङ्क** (२०५५), **बाढी** (२०५६), **सहस्राब्दीको अन्तिम प्रेम कथा** (२०५६), **मौन** (२०५८), **भीमसेन ४ को खोजी** (२०५८), **तथाकथित** (२०५९), **घुर्मी** (२०६१), **जेलिएको** (२०६२), **एक असफल आख्यानको आरम्भ** (२०६५), **अप्रिय** (२०६७) **र सातौं ऋतु** (२०६८) **रहेको छ ।** सह-लेखन गरिएका उपन्यासहरू **आकाश विभाजित छ** (२०३०), **देहमुक्त** (२०४४), **अवतार विघटन** (२०४५ **र ज्यागा** (२०५०) रहेका छन् ।

## २.१.६.२ कथाकारिता

ध्रुवचन्द्र गौतमको उपन्यास विधा पछिको सफल साहित्यिक विधा कथा हो । वि.सं. २०२० सालमा **रूपरेखा** पत्रिकामा प्रकाशित **एक यात्रानुभूति** कथा गौतमको पहिलो कथा हो । उनको अन्य कथाहरूमा **अँध्यारो द्वीपमा** (२०३५), **गौतमका केही प्रतिनिधि कथाहरू** (२०४४), **संरक्षक** (२०४८), **ध्रुवचन्द्र गौतमका एकाउन्न कथा** (२०५८), **साठी वर्षमा हृदयघात तथा कथा दृष्टिकोण** (२०६०) (बराल र एटम,

२०६६:२४७) रहेका छन् । गौतमको हालसम्मको अन्तिम कथासङ्ग्रह **पहिलो प्रेमको संस्मरण** (२०६६) रहेको कुरा गौतम स्वयम्ले बताएका छन् ।

### २.१.६.३ नाट्यकारिता

ध्रुवचन्द्र गौतमको आख्यान विधा पछिको अर्को सफल विधा नाटक हो । उनले वि.सं. २०१८ सालमा **पिकनिक (बाढी**, पृ. १२५) नाटक लेखन र मञ्चनबाट नाट्य क्षेत्रमा प्रवेश गरेका हुन् । उनको पहिलो प्रकाशित नाटक **त्यो एउटा कुरा** (२०३०) हो (लुइटेल, २०६०:१४) वि.सं. २०१८ सालदेखि नाटक लेख्न थालेका गौतमले हालसम्म निम्न लिखित नाटक/एकाङ्कीहरूको सिर्जना गरेका छन् **पिकनिक** (२०१८) **त्यो एउटा कुरा** (२०३०), **भस्मासुरको नलीहाड** (२०३७), **समानान्तर** (२०३९ मञ्चन), **द्वन्द्व** (२०४०), **श्री कृष्ण लीला** (गीतिनाटक, २०४१ मञ्चन), **दुर्गा अवतार** (नृत्य नाटक, २०४२ मञ्चन), **नाटक कसरी थाल्ने हो ?** (२०५२), **कीर्तिमान** (२०५३), (उपाध्याय, २०६०:१६७-१७२), गौतमका नाट्यकृतिहरूमध्ये **त्यो एउटा कुरा** र **भस्मासुरको नलीहाड** लाई नाटक, **श्रीकृष्णलीला र दुर्गा अवतार**लाई गीतिनाटक र अन्यलाई एकाङ्कीका रूपमा लिन सकिन्छ ।

### २.१.६.४ कविता तथा गीतिकारिता

ध्रुवचन्द्र गौतमको साहित्यिक यात्रा कविताबाट सुरू भएको हो । फुटकर कविता र गीतका स्रष्टा गौतम २०१५ देखि २०२० का बीचका वर्षहरूमा पूर्ण रूपमा कवितामा केन्द्रित थिए (सुवेदी, २०५४:३) । गौतमको **तटस्थताः असफलता** कविता प्रकाशन भएपछि उनले औपचारिक रूपमा साहित्यमा प्रवेश गरेको पाइन्छ । उनका अन्य फुटकर कविताहरूमा **अन्त्यहीन क्रम (रूपरेखा** ५/६, २०२१), **रानी पोखरीको किनारमा (रूपरेखा**, ६/१, २०२३), **अवशेष नगर एक परिचय (रूपरेखा** ८/२, २०२४), **दिन : टुक्राहरूमा (रत्नश्री** १०/६, २०३०), **नववर्ष** (**मधुपर्क,** ५, २२६, २०३६) आदि रहेका छन् (लुइटेल, २०६०:१२) । वि.सं. २०२० पछिका वर्षहरूमा उनका कविता अपवादका रूपमा मात्र देखिए पनि उनी गीत गायनमा क्रियाशील देखिन्छन् । उनले

आफ्नै रचनामा मीरा राणासँग मिलेर युगल गायन गरेका छन् (सुवेदी, २०५४:३) । गौतमका केही कविता र गीतहरू **बाढी** उपन्यासमा पनि समाविष्ट भएका छन् ।

### २.१.६.५ निबन्धकारिता

साहित्यका विविध विधामा कलम चलाएका गौतम निबन्धकारका रूपमा पनि परिचित भएका छन् । उनको संस्मरणात्मक निबन्ध **बाल्यकाल** (२०५०), नियात्राका रूपमा **घडीहरूको देशमा समय खोज्दै** (२०६३) रहेको छ (बराल र एटम, २०६६ :२४७) । त्यस्तै **मेरो जापान भ्रमण** (२०६३), **जर्मनी** (२०६५) आदि संस्मरणात्मक निबन्धका रूपमा रहेका छन् (खरेल, २०६५:९) ।

### २.१.६.६ स्तम्भकारिता

ध्रुवचन्द्र गौतमले विभिन्न पत्रपत्रिकाहरूमा स्तम्भ लेखन गरेको पाइन्छ । ध्रुवचन्द्र गौतमले तत्कालीन समयमा निस्किएका पत्रिकाहरूमा पृथ्वी, ध्रुवचन्द्र गौतम आदि नाम-उपनामबाट स्तम्भ लेखन गरेका छन् (बराल र एटम, २०६६ : २४८) । पञ्चायती राजनीतिमा देखिएका विकृति र असन्तुष्टिका भावनालाई व्यक्त गर्न उनले साहित्य, संस्कृति, राजनीति र आर्थिक क्षेत्रमा देखिएका विसङ्गतिलाई प्रस्तुत गर्ने लेखनमा सक्कली-नक्कली नाममा सामयिक लेख लिएर देखिएका छन् (सुवेदी, २०५७:८) । गौतमका आफ्ना चिन्तनमूलक रचना **गोरखापत्र, मधुपर्क, जनज्योति, देशान्तर, नेपाली आवाज, समकालीन साहित्य, समीक्षा, साप्ताहिक मञ्च, हिमालय टाइम्स, विमर्श, नेपाल, स्पेश टाइम्स, अग्निपथ, खबर कागज, प्रतीक साप्ताहिक** (बीरगञ्ज), **अङ्कुश,** (दैनिक बीरगञ्ज), **गरिमा, रूपरेखा, रचना, अभिव्यक्ति, मिर्मिरे** आदि थुप्रै पत्रिकाहरूमा छापिएका छन् (लुइटेल, २०६०:१०) ।

### २.१.६.७ निर्देशक/पटकथाकारिता

ध्रुवचन्द्र गौतमले विभिन्न चलचित्र, टेलिचलचित्रहरूमा कथा, पटकथा र संवाद लेखनका साथै निर्देशन पनि गरेका छन् । यिनले **वासुदेव** चलचित्रका साथै टेलिचलचित्र **शरीर र संवेदना, भ्याउँकिरी, परिबन्द** आदिको निर्देशन तथा संवाद र

पटकथा लेखन गरेको देखिन्छ (लुइटेल, २०६०:१०) । त्यस्तै गरी गौतमले **एक पटक, फेरि, राप, एक शहरमा एक कोठा** आदि टेलिचलचित्रका कथा, पटकथा र संवाद लेख्ने काम पनि गरेका छन् (निरौला, २०६१:१२) ।

## २.१.७ पुरस्कार तथा सम्मान

नेपाली साहित्यका  विभिन्न विधामा कुशलतापूर्वक कलम चलाउने गौतम आफ्ना साहित्यिक यात्राका क्रममा विविध पुरस्कार र सम्मानद्वारा पुरस्कृत र सम्मानित भएका छन् । वि.सं. २०१८ मा गीत लेखन र गायन गरेकोले स्व. राजा महेन्द्रबाट भा.रु. सयबाट पुरस्कृत गरिएको छ (गौतम, २०५९:१३०) ।

राजा महेन्द्रबाट उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान (२०१९), महेन्द्र विद्याभूषण “क” श्रेणी (२०३७), मदन पुरस्कार (२०४०), नोबेल पुरस्कारका लागि पेन नेपालबाट संस्थागत रूपमा प्रथम मनोनयन (२०४५), नारायणी वाङ्मय पुरस्कार (२०४४), गँकी बसुन्धरा पुरस्कार (२०५०), सरस्वती पुरस्कार (२०५१), बीरगञ्ज उपमहानगरपालिका पुरस्कार (२०५६), गरिमा पुरस्कार (२०५६), मधुपर्क पुरस्कार (२०५९), साझा पुरस्कार (२०५९), लुनकरणदास गङ्गादेवी चौधरी साहित्य कला मन्दिर सम्मान (दुई पटक) (लुइटेल, २०६०:११) । नारी साहित्य प्रतिष्ठानद्वारा सम्मान (२०६०), आख्यान पुरुष उपाधि (२०६०), भूमिपुत्र सम्मान (२०६०), आदि पुरस्कारहरू द्वारा गौतम पुरस्कृत एवं सम्मानित भएका छन् (मरासिनी, २०६६:११) । यी सबै पुरस्कार र सम्मान साहित्य र सामाजिक क्षेत्रमा योगदान पुऱ्याएको कदर स्वरूप प्रदान गरिएको हो ।

यसरी वि.सं. २०२० सालदेखि औपचारिक रूपमा नेपाली साहित्यमा उदाएका ध्रुवचन्द्र गौतम हालसम्म पनि लेखन कार्यमा निरन्तर लागि परेका छन् । साहित्यका अन्य विधामा भन्दा आख्यान विधा अन्तर्गत उपन्यास विधामा बढी सक्रिय रहेका छन् ।

## २.२ ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्रा

ध्रुवचन्द्र गौतमले **अन्त्यपछि** (२०२४) उपन्यासबाट आफ्नो औपन्यासिक यात्रा सुरू गरेका छन् । उनको लगभग चार दशक लामो औपन्यासिक यात्रामा उनले दुई दर्जनभन्दा बढी उपन्यास प्रकाशित गराइसकेका छन् । गौतमका हालसम्म प्रकाशित उपन्यासहरू निम्न रहेका छन् : **अन्त्यपछि, बालुवामाथि, डापी, कट्टेलसरको चोटपटक, अलिखित, निमित्त नायक, स्व. हीरादेवीको खोज, एक सहरमा एक कोठा, उपसंहार, अर्थात् चौथो अन्त्य, दुविधा, अग्दित्त + अग्निदत्त, फूलको आतङ्क, बाढी, सहस्राब्दीको अन्तिम प्रेमकथा, मौन, तथाकथित, घुर्मी , जेलिएको, एक असफल आख्यानको आरम्भ, अप्रिय र सातौँ ऋतु** ।

गौतमका उपन्यासहरूमा नेपाली समाजका आर्थिक, सामाजिक, राजनीतिक, नैतिक आदि विभिन्न क्षेत्रमा देखापरेका विकृति, विसङ्गतिलाई विम्ब, प्रतीक र मिथकहरूका साथै स्वैरकल्पनाको प्रयोग गरी श्यामव्यङ्ग्य प्रस्तुत गरिएको छ । गौतमले परम्पराभन्दा भिन्न अर्थात् नवीन कथ्य, संरचना र शिल्पमा संरचित उपन्यासहरूको रचना गरेका छन् । गौतमको औपन्यासिक यात्रा नियाल्दा झण्डै-झण्डै उस्तै प्रवृत्ति पाइने भए पनि केही सूक्ष्म प्रवृत्तिगत, शैलीगत, रूपगत विविधताका आधारमा मरासिनी (२०६६:१५) ले आफ्नो शोधपत्रमा ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्रालाई तीन चरणमा विभाजन गरेका छन् :

१. पहिलो चरण (वि.सं. २०२४ - वि.सं. २०२८)

२. दोस्रो चरण (वि.सं. २०२९ - वि.सं. २०४७)

३. तेस्रो चरण (वि.सं. २०४८ - हालसम्म)

### १. पहिलो चरण

उपन्यासकार ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्राको प्रथम चरणको समयको रूपमा २०२४ देखि २०२८ साल सम्मको समयावधिलाई लिन सकिन्छ । यस चरणमा

गौतमको **अन्त्यपछि** (२०२४) र **बालुवामाथि** (२०२८) गरी दुईवटा उपन्यास रहेका छन् । उपन्यासको परम्परागत रूप र सिद्धान्तभन्दा नितान्त भिन्न नवीन कथ्य, संरचना र शिल्पमा संरचित गरी गौतमले उपन्यास लेखन गरेको पाइन्छ (लुइटेल, २०५७:८७) । गौतमको पहिलो उपन्यास **अन्त्यपछि** देखि नै नेपाली उपन्यासमा प्रयोगवादी प्रवृत्ति भित्रिएको पाइन्छ । **अन्त्यपछि** उपन्यासमा कल्पित परिवेशमा घटनाहरू घटित भएका छन् । क्षीण कथानक, अनामपात्र, अनिश्चित परिवेश, रूग्ण मानसिकता बोकेका पात्रहरूको कारूणिक र दयनीय स्थिति **अन्त्यपछि** उपन्यासमा देखाइएको छ (मरासिनी, २०६६:१६) । **अन्त्यपछि** उपन्यासमा समाजमा व्याप्त असुरक्षा, अभाव, उत्पीडन, नैराश्यता, असत्वृत्ति र दुराचार आदिका आक्रमणबाट त्रस्त मानव जीवनको उद्घाटन गरिएको छ । त्यस्तै यस चरणको अर्को उपन्यास **बालुवामाथि** सक्षम रहेको छ (बराल र एटम, २०६६:२४८) । यस उपन्यासमा जीवनको शुष्कता, निस्सारता र निरर्थकतालाई वहन गरेर बाँच्न बाध्य भएको समकालीन युगजीवनका विवशतालाई अघि सारिएको छ ।

गौतमको प्रथम चरणका उपन्यासहरू विसङ्गति र अस्तित्वको केन्द्रीयतामा लेखिए पनि बढी दुरूह र दुर्बोध्य किसिमको रहेका छन् । कथाहीनता, अभिव्यक्तिगत जटिलता यस चरणका उपन्यासमा पाइने प्रवृत्ति हुन् ।

### २. दोस्रो चरण

गौतमको उपन्यास लेखनको दोस्रो चरण **डापी** (२०३३) उपन्यासबाट आरम्भ भएको मानिन्छ । ध्रुवचन्द्र गौतमको लेखनमा देखापरेका तीनवटा चरणमध्ये दोस्रो चरणमा देखापरेको प्रवृत्ति २०३३ सालमा प्रकाशित **डापी** उपन्यासबाट स्पष्ट रूपमा आरम्भ भएको छ (सुवेदी, २०६४ : ३३३) । यस चरणमा उनको अन्य उपन्यासहरू **कट्टेलसरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्व. हिरादेवीको खोज** (२०४५) र **एक सहरमा एक कोठा** (२०४६) रहेका छन् ।

**डापी** उपन्यासमा नेपाली समाजका तत्कालीन राजनीतिक संरचनाभित्रका विकराल र भयावह आचरणमा आएको विसङ्गति, क्रुर र आतङ्कमय शासनव्यवस्था,

सामाजिक दुराचार, गिर्दो मानवीय मूल्य र नैतिक मर्यादाको पतन आदिलाई अमूर्त वस्तुका रूपमा प्रयोग गरिएको छ (सुवेदी, २०६४:३६४) । गौतमको **डापी** उपन्यासबाट स्वैरकल्पना र श्यामव्यङ्ग्य प्रयोगको नयाँ मोड आरम्भ भएको पाइन्छ । त्यस्तै गौतमको अर्को उपन्यास **कट्टेलसरको चोटपटक** बाट औपन्यासिक लेखन अमूर्तबाट मूर्त तर्फ अभिप्रेरित भएको छ । **कट्टेलसरको चोटपटक**मा आधारित भएर **वासुदेव** चलचित्र निर्माण गरिएको हो (पौडेल, २०६०:५०) । वर्तमान अवस्थामा शिक्षक जीवनको अभाव, शैक्षिक संस्थाहरूमा भइरहेका र हुन सक्ने भ्रष्टाचारका साथै अन्य क्षेत्रमा देखिने चाकडीभन्दा योग्यता कमजोर, हाजिरी भन्दा कार्य सम्पादन कमजोर र चाप्लुसीभन्दा इमान्दारी कमजोर हुँदै गएको तथ्यलाई उजागर गरिएको छ (सुवेदी, २०५४:५६) । ध्रुवचन्द्र गौतमको यसै चरणको अर्को उपन्यास **अलिखित** (२०४०) रहेको छ । विभक्त नायकत्वमा केन्द्रित **अलिखित** उपन्यास एक वर्षको समयसीमामा बाँधिएको छ । बारा जिल्लाको विरहिनपुर बरेवाको ऐतिहासिक किंवदन्तीलाई कथावस्तु बनाएको छ । प्राचीन सभ्यता र पुरातात्त्विक मूल्यको अन्वेषण गर्ने उद्देश्यले उत्खनन्का निम्ति खटिई आएका एघार जनाको टोली र स्थानीय जमिनदारसमेत प्रतिमहिना पालैपालो नायकको भूमिकामा उभिएर उपन्यास निर्माण भएको छ । **अलिखित** उपन्यासमा स्वैरकल्पनात्मक गाउँको माध्यमबाट समाजमा देखिएका विकृति, विसङ्गति, हत्या, बलात्कार, शोषण, अन्याय र अत्याचारलाई देखाउने कार्य गरिएको छ । त्यस्तै यस चरणको अर्को उपन्यास **निमित्त नायक** रहेको छ ।

**निमित्त नायक** उपन्यासमा सहरी जीवनका मान्छेभित्र आदर्श, बौद्धिकता, नैतिकता, आचार सभ्यता र मानवता हराएकाले त्यसभित्र मानिस कसरी बाँचिरहेको छ भन्ने तथ्यलाई प्रस्तुत गरिएको छ । साथै पञ्चायती कालका विकृति विसङ्गतिलाई व्यङ्ग्य र प्रतीक मार्फत उजागर गरिएको छ (कोइराला, २०६०:६७) । **स्व. हिरादेवीको खोज** (२०४५) उपन्यास स्वैरकल्पनाको कलेवरमा रहेको छ र यसमा अप्राप्त वस्तुको खोजीमा जीवन खर्चेको कुरालाई प्रस्तुत गरिएको छ । साथै राणाकालीन शासनको यौन भोगवादी प्रचलनमाथि पनि व्यङ्ग्य गरिएको छ । रोचक खालको औपन्यासिक संरचना, सामाजिक सञ्चेतना, स्वकीय भावना, मानवीय संवेदना, युगीन चाप-

प्रतिचाप आदिका दृष्टिले **स्व. हीरादेवीको खोज** उपन्यास समकालीन जीवनका त्रासदीलाई अभिव्यक्त गर्न सक्षम भएको छ (थापा, २०६०:७७) ।

यस चरणको अन्तिम उपन्यास **एक शहरमा एक कोठा** (२०४६) उपन्यासले मध्यम वर्गीय समाजले भोग्नुपरेका तीता र अप्ठ्यारा स्थितिहरूलाई यथार्थ रूपमा प्रस्तुत गरेको छ (पौडेल, २०६०:७८) । निम्न आय हुने कर्मचारीहरूको जीवनपद्धति अनि उनीहरूको बाँच्नुको बाध्यतालाई सचेततापूर्वक प्रस्तुत गरिएको छ ।

यस चरणमा आएपछि गौतमको उपन्यास लेखन अमूर्त र मूर्त दुबै रहेका छन् । यस चरणका उपन्यासहरूमा अनैतिकता, भ्रष्टाचार, व्यभिचार, चाकडी, चाप्लुसी र हरेक क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई उदाङ्गो पार्ने कार्य गरिएको छ । साथै मिथक र स्वैरकल्पनाको प्रयोगद्वारा चोटिलो व्यङ्ग्य गरिएको छ ।

### ३. तेस्रो चरण

ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्राको तेस्रो चरण **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८) उपन्याससँगै आरम्भ हुन्छ । गौतमको आलोचनात्मक यथार्थवादको सबैभन्दा उच्च प्राप्तिको रूपमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास आएको छ । यसले प्रजातन्त्र प्राप्तिपछिका राजनीतिक विसङ्गति र त्यसबाट सिर्जित निराश वातावरणको सफल चित्रण गरेको छ । चेतनप्रवाह शैलीको विशिष्ट प्रयोग र प्रकृतवादी यथार्थको उद्घाटनले यसलाई गहिराई प्रदान गरेको छ (बराल र एटम, २०६६:२४९) । पञ्चायती व्यवस्थामा देशलाई लुटेर प्रजातन्त्रको लागि भएको आन्दोलन दबाउन खोज्ने षड्यन्त्रकारीहरू प्रजातन्त्रपछि रूप बदलेर देशको सत्तामा छिरेका छन् भन्ने राजनैतिक विकृतिलाई यस उपन्यासमा देखाइएको छ । साथै यौनको विकृत रूप, भ्रष्टाचार, अनैतिकता, अवसरवादिता, मानवता ह्रास जस्ता विविध कुराहरूमा श्यामव्यङ्ग्य गरिएको छ ।

यस चरणको अर्को उपन्यास **दुविधा** (२०५२) रहेको छ । **दुविधा** अनेक अनुकूल र प्रतिकूल मानवीय सम्बन्धको द्वन्द्वबाट रङ्गिएको मानवीय दुविधाको यथार्थवादी

प्रस्तुती हो (शर्मा, २०६०:८९) । मानव जीवनको यापनका क्रममा देखिएका दुविधापूर्ण घटनाहरू कथानकभित्र आएका छन् । मानवीय कमजोरी र सामाजिक विकृति विसङ्गतिप्रति उपन्यासमा श्यामव्यङ्ग्य गरिएको छ । **अग्निदत्त + अग्निदत्त** (२०५३) उपन्यासमा नेपालको राजनीतिक पर्यावरणमा फस्टाउँदै गएका बहुल विसङ्गति र मूल्य विघटनका स्वरूपहरू मूल विषय बनेर आएका छन् (सुवेदी, २०६४:३७८) । **अग्निदत्त + अग्निदत्त** उपन्यासमा समाजमा व्याप्त भ्रष्टाचार, अन्याय, अत्याचारका साथै यौनको नग्नता विकृति र विसङ्गतिलाई स्वैरकल्पनाको माध्यमद्वारा प्रस्तुत गर्दै श्यामव्यङ्ग्य गरिएको छ ।

**फूलको आतङ्क** (२०५५) उपन्यास स्वैरकल्पनाको प्रयोग गरिएको र सूत्र उपन्यासको पहिलो नमुनाको रूपमा रहेको छ । वर्तमान जीवनमा कृत्रिमताको सहारा लिएर बाँच्न विवश भई प्राकृतिक जीवनपद्धतिबाट विमुख हुँदै गइरहेको आजको प्रत्येक मान्छेलाई प्रकृतिको सुन्दर एवम् कोमल वस्तु फूलले समेत आतङ्कित पारिरहेको छ भन्ने भावलाई प्रस्तुत गरिएको छ (लुइटेल, २०६०:१०) । गौतमको अर्को उपन्यास **बाढी** (२०५६) रहेको छ । यो लेखक स्वयम्कै बाल्यकालदेखिका स्मृतिबिम्बहरूको अनुभवन्यास हो । यस उपन्यासमा आफ्नो बाल्यकालदेखि पुना विश्वविद्यालयमा पी.एच.डी. गर्दाको घटना र **डापी** उपन्यास प्रकाशित भएर हातमा पर्दा सम्मको घटनाक्रमलाई विषयवस्तु बनाइएको छ । यस **बाढी** उपन्यास नेपाली साहित्यकै नौलो आयाम बोकेको उपन्यास हो र यसमा विधा मिश्रण र विधा भञ्जन गरिएको पाइन्छ (गौतम, २०६०:१०४) ।

**सहस्राब्दीको अन्तिम प्रेमकथा** (२०५६) उपन्यासमा युवाजमातको पारस्परिक आकर्षणले परम्परा विपरीत भेट्टाउने स्थिति र त्यसको क्रमबद्धतालाई प्रभावशाली ढङ्गमा चित्रण गरिएको छ साथै पुँजीवादको चरमता र त्यससित सम्बन्धित अनेक खराबीले मानवीय जीवन सङ्कटग्रस्त बन्दै गएको कुरालाई यस उपन्यासले प्रस्तुत गरेको छ (गोर्खाली, २०६०:१२४) । यसै चरणको अर्को उपन्यास **मौन** (२०५८) सूत्र उपन्यासको रूपमा रहेको छ । यसमा श्यामव्यङ्ग्यको माध्यमद्वारा समाजका विकृति र विसङ्गतिलाई उजागर गर्ने कार्य गरिएको छ । कुनै पनि कुराको तारतम्य नभएको, नग्न

रूपको प्रस्तुति भएको तथा रहस्यात्मक कुतूहलता भएको विसङ्गतिको पृष्ठपोषण गर्ने नवीन कृतिको रूपमा **मौन**लाई लिइएको छ । **मौन** उपन्यासमा कथावस्तु र पात्रका माध्यमद्वारा आजको समयलाई हेर्ने प्रयास गरिएको छ । यस **मौन** उपन्यासमा लेखक मौन भएर देशकाल परिस्थिति हेर्नु भनेको मानवीय चेतना र अस्तित्वको खोजीमा जीवनको अभावका कुरा राजनीतिक विसङ्गतिको दृश्य, सामाजिक सन्दर्भको झलक, विश्वासहीनताको स्थिति आदिको बोध गरी त्यसको प्रस्तुती गर्नु हो (थापा, २०६०:१४४) ।

**भीमसेन-४ को खोजी** (२०५८) सूत्र उपन्यासको रूपमा रहेको छ । यसमा प्रतीकात्मक रूपमा आर्थिक समस्याले मुलुक आक्रान्त भएको प्रसङ्गको उल्लेख गरिएको छ । गौतमको **तथाकथित** (२०५९) स्वैरकल्पना र समसामयिकतामा जोड दिएर लेखिएको उपन्यास हो । राजनीतिक विकृतिका कारणले मान्छेमा विकसीत भएको दुराचार, अनैतिकता, अमानवीयताका दुष्कृतिलाई कथ्यका रूपमा लिइएको छ । अनुभवन्यासको रूपमा आएको नौलो उपन्यास **बाढी**को दोस्रो भागको रूपमा **घुर्मी** (२०६१) आएको छ । यो विसङ्गतिवादी र अस्तित्ववादी चिन्तनले भरिएको उपन्यास हो । **जेलिएको** (२०६३) उपन्यासमा पनि स्वैरकल्पनाको प्रयोग गरिएको छ । यसमा गौतमले पात्रलाई पनि सहलेखक बनाएर अधिआख्यानको नौलो ढाँचा प्रदर्शन गरेका छन् । यसमा अपरम्परित तथ्यहरू जेलिएका छन् । एक वस्तु वा घटनाको स्वरूप अर्कोसँग नछुट्टिने गरी मिलित भएपछि जेलिन्छ (मरासिनी, २०६६:१५) । **एक असफल आख्यानको आरम्भ** उपन्यासमा विषयवस्तुका रूपमा राजनैतिक, सामाजिक र शैक्षिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

गौतमको अर्को उपन्यास **अप्रिय** (२०६७) रहेको छ । यसमा गौतमले लेखक र पात्रको माध्यमद्वारा सम्पूर्ण कथा प्रस्तुत गरेका छन् । **अप्रिय** उपन्यास यथार्थ लाग्ने कलात्मक भ्रान्तिहरूले बुनिएको उपन्यास हो । यस उपन्यासमा एक निम्नमध्यम वर्गीय जीवनको दैनिकी र आर्थिक अभावका कारण पराधिनताको जीवन बाँच्न विवश भएको व्यक्तिको यथार्थतालाई प्रस्तुत गरिएको छ । वर्तमान जीवनमा मानवले सबै प्रकारका स्वतन्त्रता गुमाइसकेको छ र ऊ समयको निकृष्ट दास भएको छ । ऊ

यथार्थतामा पराधीन छ, कल्पनामा पनि पराधीन छ भन्ने कुरालाई **अप्रिय** उपन्यासमा प्रस्तुत गरिएको छ (भट्टराई, २०६७: भूमिका बाह्र) । **सातौं ऋतु** (२०६८) गौतमको हालसम्मको अन्तिम उपन्यास हो । गौतमको **सातौं ऋतु** प्रयोगवादी उपन्यासको रूपमा रहेको छ । यस उपन्यासको शीर्षकबाटै गौतमको प्रयोगता सुरू भएको छ । यो लेखक र पाठक दुवै पात्रहरू भएको पराख्यान हो । यसमा कुनै एउटा बाहुबली बस्तीको कथानक रहेको छ । यस उपन्यासको कथानक सिलसिलाबद्ध रूपमा नआई छरिएर र गुजिल्टिएर आएका छन् (खरेल, २०६८ : ङ) ।

यस चरणका उपन्यासहरूमा राजनैतिक विकृति र विसङ्गतिलाई मूल रूपमा देखाइएको छ । विशेष गरी मनोविज्ञानलाई आधार बनाएर चेतनप्रवाह शैली र प्रकृतवादी शैलीलाई आत्मसात् गरेर उपन्यासको रचना गरिएको छ । श्यामव्यङ्ग्य पनि यस चरणका उपन्यासमा पाइने मूल प्रवृत्ति हो । उत्तरआधुनिक समयमा देखापरेका विभिन्न किसिमका प्रवृत्तिहरू उनका उपन्यासहरूमा पाइन्छन् ।

यसरी ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्रा **अन्त्यपछि** उपन्यासबाट प्रारम्भ भएर हाल **सातौं ऋतु** सम्म कायम रहेको छ । गौतमले परम्परित औपन्यासिक रूपरचना र सिद्धान्तभन्दा फरक नवीन कथ्य र शिल्पमा संरचित उपन्यासहरूको रचना गरेका छन् । **अन्त्यपछि** (२०२४) बाट आरम्भ भएर **सातौं ऋतु** (२०६८) सम्म आउँदा गौतमका उपन्यासहरूमा विभिन्न नवीन प्रयोग र प्रवृत्तिहरू देख्न पाइन्छ । गौतमका सम्पूर्ण उपन्यासहरूमा पाइने विभिन्न प्रयोग र प्रवृत्तिहरूका आधारमा औपन्यासिक यात्रालाई पहिलो, दोस्रो र तेस्रो गरी तीन चरणमा विभक्त गरेर अध्ययन गरिएको छ ।

## २.३ ध्रुवचन्द्र गौतमको औपन्यासिक प्रवृत्तिहरू

ध्रुवचन्द्र गौतमले नेपाली उपन्यास परम्परामा परम्परित उपन्यास लेखनको विघटन गर्दै स्वैरकल्पना, चेतनप्रवाह शैली, श्यामव्यङ्ग्य, सूत्र उपन्यास, अनुभवन्यास आदि नवीन प्रवृत्तिहरूलाई आत्मसात् गरेर उपन्यास लेखेका छन् । गौतमको उपन्यास

लेखन **अन्त्यपछि**बाट प्रारम्भ भएर हाल **सातौं ऋतु** सम्म कायम रहेको छ । गौतमको औपन्यासिक कृतिहरूको आधारमा औपन्यासिक प्रवृत्तिहरूलाई औंल्याउन सकिन्छ ।

## २.३.१ विसङ्गतिवादी प्रवृत्ति

इन्द्रबहादुर राई र पारिजातले प्रारम्भ गरेको विसङ्गतिवादी अस्तित्ववादी जीवनदृष्टिलाई आत्मसात् गर्दै केही नवीन प्रयोगका साथ त्यसलाई उचाइमा पुऱ्याउने काम गौतमले गरेका छन् । व्यक्तिगत स्वतन्त्रताको अपहरण, व्यक्तिका इच्छा र आकाङ्क्षामा व्यवधान तथा मूल्यहीनताको बोधले विसङ्गतिको अवस्थामा पुऱ्याएर रूग्ण बनाइएका चरित्रहरूको प्रस्तुतिमा गौतमका उपन्यासहरू सक्रिय रहेका छन् (बराल र एटम, २०६६:२५०) । अस्तित्व रक्षाका लागि गरिने सम्पूर्ण क्रियाकलापहरू विसङ्गतिपूर्ण रहने तथ्यको उद्घाटनमा उनका उपन्यासहरू सबल रहेका छन् । गौतमको जीवनदृष्टि विसङ्गतिको केन्द्रीयतामा भएकाले उनका सबै उपन्यासमा कहीँ प्रबल रूपमा र कहीँ गौण रूपमा विसङ्गतिवादी जीवनदृष्टि व्यक्त भएको पाइन्छ । गौतमका सबैजसो उपन्यासमा सामाजिक, आर्थिक, राजनैतिक, नैतिक ह्रास, मानवता ह्रास, भ्रष्टाचार, चाकडी, चाप्लुसी र व्यक्तिले भोग्नु परेका पीडा आदि विसङ्गत पक्षको चित्रण गरिएको हुन्छ । जीवन र जगतको ठोस अस्तित्वबोधको अन्त्यपछि मान्छेमा पुनः विसङ्गतिबोधको जन्म हुन्छ । त्यही विसङ्गत विर्कीणताको समष्टिमा सिङ्गो जीवनको पूर्णता छामिन्छ (सुवेदी, २०६४:३१९) । **डापी, अलिखित, उपसंहार, अर्थात् चौथो अन्त्य** आदि उपन्यासमा विसङ्गतिवादी धारणा रहेको पाइन्छ ।

## २.३.२ अस्तित्ववादी प्रवृत्ति

विसङ्गतिको धरातलबाट अस्तित्वको खोजी गर्नु गौतमको औपन्यासिक कृतिको मूलभूत प्रवृत्ति हो । मान्छे बाँच्ने क्रममा अनेक सङ्घर्ष गर्छ तैपनि विवशता र निस्सारताको भुमरीमा फेलिन पुग्छ । त्यही निस्सारता, निरथर्कता र विवशताको बीचबाटै उसले आफ्नो मूल्य, स्वतन्त्रता र अस्तित्वको खोजी गर्छ भन्ने कुरा गौतमका उपन्यासमा प्रस्तुत गरिएको छ । औपन्यासिकतामा आर्जित अस्तित्ववादी चिन्तन नै गौतमले प्रतिपादन गर्न खोजेको सत्य हो र निजत्व हो (प्रधान, २०६१:१९४) । ध्रुवचन्द्र

गौतमले द्वितीय विश्वयुद्धपछि विश्व साहित्यमा देखापरेका विसङ्गतिवादी अस्तित्ववादी चिन्तनलाई आफ्ना उपन्यासमा औपन्यासिक घटना र पात्रसँग अनुस्यूत गरी प्रस्तुत गरेका छन् (लुइटेल, २०५७:८७) । **कट्टेलसरको चोटपटक, दुविधा, फूलको आतङ्क** आदि उपन्यासमा अस्तित्ववादी प्रवृत्ति पाइन्छ ।

### २.३.३ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

गौतमको उपन्यासमा समाजमा भएका नराम्रा पक्षहरूको आलोचना गर्दै समाजमा भएका राम्रा कुरा र विचारलाई अघि सार्ने काम यस दृष्टिका उपन्यासमा गरिएको छ । गौतमको उपन्यासमा समाजमा विद्यमान विकृतिमाथि गर्ने आलोचना मार्मिक र आक्रोशयुक्त प्रकारको छ (बराल र एटम, २०६६:२५१) । **निमित्त नायक, दुविधा, स्वर्गीय हीरादेवीको खोज, फूलको आतङ्क** आदि उपन्यासहरूमा समाजमा भएका विकृति विसङ्गतिप्रति तिब्र रूपमा आलोचना गरिएको छ ।

### २.३.४ प्रकृतवादी शैली

मानवमा जतिसुकै ज्ञान बुद्धि र विवेकको विकास भएपनि उसमा आदिम प्रवृत्ति हुन्छ । उसले आफ्नो जैविक चाहनालाई पूर्णता परित्याग गर्न सक्दैन । त्यस्ता आदिम, पाशविक र जैविक चाहनालाई गौतमका उपन्यासमा उदाङ्गो रूपमा प्रस्तुत गरिएको पाइन्छ । व्यक्तिमा पाइने पाशविकताको उदाङ्गो चित्रणले उनका उपन्यासका कतिपय प्रसङ्गहरू अश्लील भएका छन् । अप्राकृतिक मैथुनका प्रसङ्ग तथा बलात्कारका घटनाहरू **उपसंहार अर्थात् चौथो अन्त्य**मा स्वाभाविक तरिकाले प्रस्तुत गरिएका छन् भने अश्लील गालीको पनि अत्यधिक प्रयोग गरिएको छ (बराल र एटम, २०६६:२५१) । ध्रुवचन्द्र गौतमले यौनबाहेक दुनियाँमा अरू केही कुरा महत्त्वपूर्ण छैन भन्ने प्रवृत्तिलाई आफ्ना आख्यानहरूमा बारम्बार दोहोऱ्याएका छन् । गौतमको यौनवाद प्रकृतवादी चिन्तनबाट अभिप्रेरित छ साथै उनले गरिबी र भोकमरी भित्र पनि यौन मनोरञ्जनको स्वाद आफ्ना आख्यानमा लिएका छन् (भट्टराई, २०६०:८५) ।

### २.३.५ प्रयोगवादी प्रवृत्ति

ध्रुवचन्द्र गौतम प्रयोगवादी उपन्यासकार हुन् । परम्परागत लेखनलाई अस्विकार गर्दै नौलो लेखन प्रवृत्तिले गर्दा उनका उपन्यास प्रयोगवादी बन्न पुगेका छन् । कथाहीन कथावस्तु, अनायक, एउटै कृतिमा धेरै दृष्टिविन्दुको प्रयोग, चेतनप्रवाह शैली, स्वैरकल्पना, श्यामव्यङ्ग्य आदिको प्रयोगले गौतमको उपन्यास प्रयोगवादी बन्न पुगेका छन् । विभिन्न सूत्र कथाहरूलाई जोडेर औपन्यासिक संरचना प्रदान गर्नु तथा अनुभवन्यासका रूपमा आफ्नो जीवन भोगाइका उल्लेखनीय क्षणका तीतामीठा अनुभवहरूलाई पनि औपन्यासिक संरचनाभित्र आबद्ध गर्नु गौतमको प्रयोगवादी प्रवृत्ति हो (लुइटेल, २०५७:८८) । नवीन कथ्यको खोजी र अधुनातन शैलीको प्रकटीकरणमा सधैं चासो राखिरहने गौतममा रहेको सिर्जनशीलताको महत्तम प्राप्ति पनि प्रयोगवादी प्रवृत्ति हो (बराल र एटम, २०६६:२५) ।

### २.३.६ स्वैरकल्पना

अयथार्थ र काल्पनिक कुराको प्रस्तुतिबाट यथार्थको उद्घाटन गर्ने स्वैरकल्पनाको प्रयोग गौतमका उपन्यासमा पाइने प्रवृत्ति हो । जादुको संसार सिर्जना गरेर आफ्नै वरिपरि भइरहेका भोगाइको विसङ्गतिलाई अत्यन्त टड्कारो रूपमा प्रस्तुत गर्ने हुँदा स्वैरकल्पनामा प्रभावकारिताका साथ प्रतीक र बौद्धिकताको पनि मिश्रण भएको हुन्छ (बराल र एटम, २०६६:२५२) । अयथार्थको धरातलमा टेकेर यथार्थलाई प्रस्तुत गर्ने स्वैरकल्पना-प्रविधिको थालनी उनले **डापी** उपन्यासबाट गरी त्यसपछिका **अलिखित, स्व. हीरादेवीको खोज, अग्निदत्त + अग्निदत्त** आदि उपन्यासहरूमा आइपुग्दा यस प्रविधिको प्रयोगमा अझ विविधता र विशिष्टता प्रदान गरेका छन् (लुइटेल, २०५७:८८) ।

### २.३.७ श्यामव्यङ्ग्य/असित व्यङ्ग्य

ध्रुवचन्द्र गौतमको रूचि समाजमा व्याप्त रहेको विकृति र विसङ्गतिप्रति तीव्र रूपमा व्यङ्ग्य गर्नु रहेको छ। अत्यन्त गम्भीर र संवेदनशील कुरालाई पनि सामान्य र

तल्लो स्तरको कुरासँग जोडी पाठकको अन्तरतलमा घोच्ने व्यङ्ग्यको एक तरिका हो असित-व्यङ्ग्य । यसले ठट्टाकै रूपमा विसङ्गतिमाथि दीर्घ असरयुक्त प्रहार गर्दछ (बराल र एटम, २०६६:२५३-२५४) । युगीन परिवेशभित्रका मान्छेको जीवनको विसङ्गति र विकृतिमाथि मनोविनोदात्मक रुन्चे हाँसो तथा विनोदी व्यङ्ग्य प्रहार गर्ने अधुनातन प्रविधिका रूपमा रहेको श्यामव्यङ्ग्यले बिना आग्रह घोचपेच गर्ने गर्दछ (लुइटेल, २०५७:६०) । हाँस्य वा व्यङ्ग्यका स्थितिहरू समेत श्यामव्यङ्ग्यका परिधिमा पुगेर विराट कालो पर्दामा मिसिन्छन् र कारुणिक वा भयोत्पादक प्रभावको सिर्जना गर्दछन् (शर्मा, २०५९:८२-८५) ।

### २.३.८ चेतनप्रवाह शैली

गौतमको औपन्यासिक प्रवृत्ति अन्तर्गत चेतनप्रवाह शैली पनि पर्दछ । विचारमा जे आयो त्यसलाई नढाँटी अङ्कन गर्नु चेतनप्रवाह शैली हो । यो प्रवृत्ति गौतमका प्रायः जसो उपन्यासमा पाइन्छ (बराल र एटम, २०६६:२३५) । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा कथयिताले चेतनाको प्रवाहले गर्दा आफ्नो र अन्य पात्र तथा घटनाको अभिव्यक्ति गरेको छ ।

### २.३.९ प्रतीक, विम्ब र मिथकको प्रयोग

ध्रुवचन्द्र गौतमले आफ्ना प्रायः उपन्यासहरूमा प्रतीक, विम्ब र मिथकको प्रयोग गरेका छन् र यसैका माध्यमद्वारा आफ्ना मनका भावहरू व्यक्त गरेका छन् । प्रतीक, विम्ब र मिथकको प्रयोगले कृतिको गरिमा वृद्धि गर्नुका साथै अभिव्यक्तिलाई पनि प्रष्ट पार्ने कार्य गर्दछ । गौतमले आफ्ना प्रायः उपन्यासहरूमा विभिन्न बिम्ब, प्रतीक, मिथक र पुराकथाको प्रयोग गरी यिनका माध्यमबाट तत्कालीन युगीन यथार्थको उद्घाटन गरेका छन् (लुइटेल, २०५७:८८) । गौतमले आफ्ना उपन्यासमा स्वैरकल्पना र मिथकबाट टिपिएका प्रतीक र विम्बको प्रयोग गरी यथार्थलाई गम्भीर र सूक्ष्म रूपमा प्रक्षेपण गर्ने प्रयास गरेका छन् (बराल र एटम, २०६६:२५४) । गौतम स्वयम्को भनाइलाई यहाँ उद्गार गरिएको छ “मैले यी प्रतीक, विम्ब ठाउँठाउँमा प्रयोग गरेको

छु र ती सबै बिम्ब मैले आजको सन्दर्भलाई अभिव्यक्त दिन प्रयोग गरेको हुँ (थापा, २०५६:६७) ।"

## २.३.१० भाषिक प्रयोगमा विविधता

ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासहरूमा विभिन्न किसिमको भाषा प्रयोग गरेका छन् । उनले पात्रको स्तर र परिवेश अनुसार हिन्दी, अङ्ग्रेजी, भोजपुरी र कतिपय ठाउँमा संस्कृतका सूक्तिहरूको प्रयोग गर्दै अभिव्यक्ति सापेक्ष बनाएको पाइन्छ । कवितात्मक मधुरताका साथ व्यङ्ग्यको भ्कटारो हुने भएकोले भाषिक प्रस्तुतिमा पाठकको मानसिकता भेदन गर्ने सामर्थ्य रहेको छ (बराल र एटम, २०६६:२५४) । ठाउँ-ठाउँमा प्रयुक्त विचलनयुक्त भाषिक प्रयोग र अभिव्यक्तिको अनौपचारिक शैलीले गौतमको भाषिक कलालाई थप ओज प्रदान गरेको छ (लुइटेल, २०५७:८८) ।

यसरी गौतमले अस्तित्ववादी-विसङ्गतिवादी मान्यतामा आधारित भएर औपन्यासिक यात्रा प्रारम्भ गरेका छन् । समाजमा देखिएका विकृति-विसङ्गतिलाई स्वैरकल्पनात्मक रूपमा प्रस्तुत गर्दै आलोचनात्मक दृष्टिले हेर्ने काम गरेका छन् । गौतमले आफ्ना उपन्यासहरूमा परम्परित मूल्य र मान्यतालाई विघटन गर्दै अनायक, अकथा, सूत्र उपन्यास, अनुभवन्यास जस्ता नवीन प्रवृत्तिहरूको खोजी गर्दै उपन्यास लेखेका छन् । स्वैरकल्पनात्मक प्रस्तुतिद्वारा विभिन्न मिथकहरूको प्रयोग गरेर समाजको यथार्थ पक्षलाई देखाउने काम गौतमको उपन्यासमा पाइन्छ । कथ्य भाषामा प्रकृतवादी शैलीको प्रयोग गर्दै चेतनप्रवाह शैलीलाई पनि अवलम्बन गर्ने कार्य गौतमका उपन्यासहरूमा पाइन्छन् । त्यस्तै समाजका नराम्रा पक्षहरूलाई पनि अनौपचारिक शैलीमा श्यामव्यङ्ग्य गर्ने प्रवृत्ति गौतमको प्रायः जसो उपन्यासहरूमा पाइन्छन् ।

# परिच्छेद - तीन

# परिवेशको सैद्धान्तिक पक्ष

## ३.१ विषय परिचय

उपन्यास रचना गर्नका लागि विभिन्न यौगिक तत्त्वहरूको आवश्यकता पर्दछ । कथानक, चरित्र वा पात्र, परिवेश, दृष्टिविन्दु, उद्देश्य, संवाद र भाषाशैली आदि पर्दछन् । उपन्यासका तत्त्वहरू मध्ये परिवेशको पनि आफ्नै किसिमको महत्त्व रहेको छ । परिवेश उपन्यासको अनिवार्य तत्त्व हो । परिवेशको अभावमा कथावस्तु अगाडि बढ्न सक्दैन साथै परिवेश भित्र नै उपन्यासका पात्रहरूको कार्यकलापहरू घटित भएका हुन्छन् । घटना एवं पात्रसँग सम्बन्धित परिवेशको चित्रणबाट सिङ्गो उपन्यास रोचक एवं आकर्षक बन्दछ । परिवेशको चित्रण गर्दा अत्यन्त स्वाभाविक, आकर्षक तथा यथासम्भव पात्रहरूको मानसिक परिस्थिति अनुकूल गरिएको हुनुपर्छ । उपन्यासमा परिवेशको चित्रण गर्दा उपन्यासका अन्य तत्त्वहरूलाई पनि ख्याल गरिएको हुनुपर्छ । परिवेशले विशेष गरी देश-काल र वातावरणलाई बुझाउँछ त्यसो भए तापनि उपन्यासभरि पात्रको सिङ्गो जीवनका विविध कुराहरू गाँसिएर आएका हुन्छन् : पात्रका रहनसहन, भेषभुषा, आचार-विचार, धार्मिक, साँस्कृतिक, सामाजिक, राजनैतिक ऐतिहासिक र मानसिक आदि पक्षहरू रहन्छन् । परिवेशको चित्रण जुनसुकै आख्यानात्मक कृतिमा पनि गरिएको हुन्छ तर परिवेशको प्रयोग गर्ने ढङ्ग ढाँचामा भिन्नता पाइन्छ । किंवदन्ती, जासुसी, तिलस्मी, विषयवस्तु भएका आख्यानात्मक कृतिमा परिवेशको प्रयोग गर्ने शैलीमा सत्यता पाइँदैन भने ऐतिहासिक विषयवस्तु भएका आख्यानात्मक कृतिमा परिवेशको चित्रण यथातथ्य ढङ्गमा गरिएको हुन्छ ।

यसरी आख्यानात्मक कृतिमा परिवेशको महत्त्व अत्यन्त रहेको हुन्छ । परिवेशको चित्रण बिना कथावस्तु, चरित्र, उद्देश्य, संवाद, भाषाशैली आदि तत्त्वहरू निरर्थक बन्दछन् ।

### ३.१.१ अर्थ

'परिवेश' तत्सम शब्द हो । 'वेश' आधार शब्दमा 'परि' उपसर्ग लागेर परिवेश शब्द निर्माण भएको हो । परिवेशको शाब्दिक व्युत्पत्ति केलाउने हो भने 'विश' धातुमा 'परि' उपसर्ग तथा 'घञ' (अ) प्रत्यय लागेर बनेको देखिन्छ । परि + विश + घञ (अ) = परिवेश (लुइटेल, २०५३:१२१) शब्द निर्माण भएको छ । सामान्य अर्थमा 'परिवेश' शब्दले वस्तुको वरिपरि रहेको ठाउँ खास कार्य वा घटना हुँदाको आसपासको क्षेत्र, वरिपरिको स्थिति, वातावरण र सेरोफेरोलाई बुझाउँछ (अधिकारी, २०६६:५९४) ।

परिवेशलाई देश काल र वातावरण पनि भन्ने गरिन्छ । देश शब्दले स्थल, थलो वा ठाउँ बुझाउँछ भने काल शब्दले समय, युग वा बेला भन्ने बुझाउँछ । देश काललाई अङ्ग्रेजीमा सेटिङ्ग भनिन्छ । सेटिङ्ग अन्तर्गत एटमस्फियर, इन्भारनमेन्ट ब्याकग्राउन्ड आदि शब्दहरू पनि पर्दछन् (बराल र प्रधान, २०५५:३२५) । 'परिवेश'को लागि नेपालीमा देश-काल, वातावरण पर्यावरण, कार्यपीठिका, परिवृत्त, परिधि (सुवेदी, २०६४:२५) पनि भन्ने गरेको पाइन्छ त्यस्तै परिवेशलाई परिस्थिति (बराल र एटम, २०६६:३२) भावपरिमण्डल (श्रेष्ठ, २०३९:२०१) आदि जस्ता शब्दले पनि चिन्ने गरिन्छ । साहित्यिक कृतिमा पात्र वा चरित्रको कार्यकलाप देखाउन वा घटना घट्नको लागि देखाइने कार्यपीठिका वा स्थान विशेषलाई नै परिवेश भनिन्छ । नेपाली साहित्यको आख्यान विधामा कथानकलाई जीवन्तता दिने तत्त्वका रूपमा पनि परिवेशलाई लिइन्छ । उपन्यासमा जुन स्थान र समयको कथा प्रस्तुत गर्ने हो त्यसको बारेमा उपन्यासकारलाई जानकारी हुन अति आवश्यक हुन्छ किनभने त्यस स्थान र समयको बारेमा जानकारी नहुँदा पात्रको कार्यकलाप र सोही स्थानको भाषाशैली आदि सँग तालमेल नमिली यथार्थ भन्दा पर पुग्ने संभावना हुन्छ । त्यसकारण उपन्यासकारलाई स्थान र समयको बारेमा जानकारी हुन अति आवश्यक छ । यसरी ज्ञात भएको स्थान र समयको चित्रणले उपन्यासलाई यथार्थको नजिक पुऱ्याउँछ र परिवेशलाई सुस्पष्ट पार्ने कार्य गर्दछ ।

यसरी उपन्यासलाई प्रभावशाली बनाउन परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ । परिवेशलाई देश काल र वातावरणको नामले पनि चिनिन्छ । देश-काल र वातावरण सँगसँगै प्रयोग हुने शब्द भए तापनि यिनीहरूका बीचमा पर्याप्त अन्तर रहेको छ । यहाँ देश काल र वातावरणमा भएको अन्तरलाई देखाउने कार्य गरिएको छ ।

### ३.१.२ देशकाल

सामान्य अर्थमा उपन्यासमा घटना घट्ने स्थान र समयलाई देश काल भनिन्छ । देश शब्दले पृथ्वीको कुनै भाग, प्रदेश, ठाउँ वा स्थान भन्ने बुझिन्छ भने 'काल' शब्दले समय, बेला, बखत भन्ने बुझिन्छ (अधिकारी, २०६६:५०७-१७३) ।

देशको अभिप्राय पृथ्वीको स्थानको कुनै भू-भाग हो र जहाँ उपन्यासको घटनाको काल्पनिक रङ्गस्थल हुन्छ । समयको परिवर्तनसँगै त्यस स्थानको विविध कुराहरूमा परिवर्तन हुन्छ । त्यसैले जुन समय तथा स्थानको घटनाको वर्णन गरिएको छ । त्यहाँको सामाजिक अवस्था र रहनसहनको पूर्ण परिचय प्राप्त हुनुपर्छ यसरी देशकालको स्वाभाविक चित्रणले उपन्यास सजीव बन्दछ (अग्निहोत्री, १९६१:२०७-२०८) । देश-काल विशेषतः भौतिक र सामाजिक वातावरणसँग सम्बद्ध हुन्छ । उपन्यासमा देश-कालको माध्यमबाट घटना र पात्रहरूको कार्यकलाप सक्रिय हुने भएकाले पात्र र घटना स्वाभाविक र जीवन्त बन्दछ । कुबिस र हलण्ड (ई. १९९०) ले कथानक उपकरणहरूको व्याख्या गर्ने क्रममा ऐतिहासिक कालखण्ड र ऋतुका आधारमा लगाइने पोशाकलाई पनि परिवेशको आधार मानेको पाइन्छ (पौड्याल, २०६६:१४०-१४१) । देश-कालको चित्रण गर्दा कुनै देशकाल लेखकलाई व्यक्तिगत अनुभव भएका हुन्छन् भने कुनै व्यक्तिगत अनुभव नभएको र आफूले भनेको, सुनेको र पढेको आधारमा प्रस्तुत गरिएको हुन्छ । सुनेको र पढेको आधारमा गरिएको देशकालको चित्रणभन्दा व्यक्तिगत अनुभव भएको देश कालको चित्रण प्रभावकारी र विश्वसनीय हुन्छ । ऐतिहासिक उपन्यासमा कथा जुन युगसँग सम्बन्धित छ त्यसमा त्यस युगको पूर्ण छाप हुनु अनिवार्य हुन्छ अन्यथा त्यसमा वास्तविकताको अभाव हुन्छ (खनाल, २०६६:१०) । जुन युगको चित्रण उपन्यासमा भएको छ त्यसको इतिहास,

भूगोल वा तत्कालीन प्रत्येक आन्दोलन र अन्य कुराहरूको पूर्ण ज्ञानको आवश्यकता पर्दछ (मिश्र, १९५६:७०) ।

देशकालको चित्रण गर्दा कुनै पनि दृश्यको प्रस्तुतीकरणमा सजीव चित्रण गरिएको हुन्छ । कुनै पात्रको बयान गर्दा त्यसको बाह्य र आन्तरिक दुबै पक्षको वर्णन गरिएको हुन्छ साथै घटनाको छनोट होसियारीपूर्वक गर्नुपर्छ र लेखकले आफ्नो पात्रको र पाठकको मानसिकतालाई ध्यान दिनुपर्छ । भाषिक अवस्थाले पनि स्थान र समयलाई प्रभाव पार्ने हुनाले त्यसमा ध्यान पुऱ्याउनु पर्दछ । कृतिमा देशकाल घटना र पात्रहरू क्रियाशील हुने आधार भएकाले यसमा आधारित भएर मात्रै पात्र र घटना स्वाभाविक र जीवन्त बन्दछ । त्यसैले कथा, उपन्यास जस्ता आख्यानात्मक रचनामा यसको विधान जीवनका अनुरूप र अनुकूल हुनुपर्छ र यसको चित्रण सूक्ष्म, स्वाभाविक र पत्यारिलो ढंगमा हुनु आवश्यक छ (बराल, २०५५:३२६) । देशकालको प्रस्तुति जुनसुकै आख्यानात्मक कृतिहरूमा पनि हुन्छ तर आधुनिक कथाहरूमा परम्परावादी कथामा जस्तो परिवेशको स्पष्टता र स्वतन्त्र अस्तित्व पाइँदैन । आजका कथाहरूमा यो तत्त्व कथाका अन्य अङ्ग (जस्तो - भावपरिमण्डल, कथानक, पात्र, सारवस्तु आदि) सँग मिसिएर प्रच्छन्न रूपमा रहेको पाइन्छ (श्रेष्ठ, २०२९:११२) । उपन्यासमा दृश्यात्मक पद्धतिबाट गति बढाउँदा स्पष्ट देशकाल आएको हुन्छ । देश-कालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । देश-काल कृतिगत पात्रले मानवीय जीवन बिताउने स्थान एवं समय पनि हो र सो स्थान र समय उसको जीवनको अवस्था एवं परिस्थिति पनि हो । यसले कृतिका पात्रलाई स्वाभाविक र वास्तविक तुल्याउँछ (बराल, २०५५:३२६) ।

देशकालको प्रस्तुति विशेष प्रकारले गरिन्छ भने त्यसलाई स्थानीय रङ्ग भनिन्छ । औपन्यासिक कृतिमा प्रकृति र सामाजिक चित्रणको अत्यधिक प्रयोग गर्न जाँदा आञ्चलिकताको प्रादुर्भाव हुन्छ । कुनै ठाउँ विशेषको सांस्कृतिक, भौगोलिक, आर्थिक, लोकजीवन, भाषा आदिको विशिष्ट चित्रणबाट आञ्चलिक उपन्यास बन्दछ (सुवेदी, २०५६:१४) कुनै स्थानको विशिष्टता प्रदर्शन गर्ने, भाषिक रीतिस्थिति, भेषभुषा, जीवनस्तर, सोचाइका दिशा तथा अनुभवको विशिष्टिकरण नै स्थानीय रङ्ग हो र

उपन्यासमा यही स्थानीय रङ्गलाई देखाउने उद्देश्य भयो भने त्यो आञ्चलिक हुन्छ (बराल र एटम, २०६६:२४) । स्थानीय रङ्ग आञ्चलिकता होइन तर आञ्चलिकताको अनिवार्य तत्त्व स्थानीय रङ्ग हो (पोखरेल, २०६०:१२२) । औद्योगिकीकरणका विरोधमा चलाईएको **माटातर्फ फर्क** अभियानसँग सम्बद्ध भएकाले आञ्चलिक कथामा प्रायः ग्राम्याञ्चलको वर्णन हुन्छ (शर्मा, २०५०:३४) । आञ्चलिक साहित्यको खास धर्म स्थानीय यथार्थता हो । सहरी परिवेशको जीवन शैलीमा विविधता हुने र विभिन्न तत्त्वबाट प्रभावित हुने हुँदा वास्तविक झलक ल्याउन पनि सक्छ त्यसैले परिवेश यही हो भन्न सकिने स्थिति नभए पनि आञ्चलिक साहित्यले पूर्ण सफलता ग्रामीण परिवेशमा पाएको हुन्छ । आञ्चलिक रचनामा कुनै विशिष्ट स्थानको चित्रण गरिएको हुनाले कथावस्तु अत्यन्त झिनो हुन्छ । आञ्चलिक उपन्यासमा स्थानीय दृश्य, प्रवृति, चाडपर्व, भाषाशैली, रहनसहन, व्यवहार, उखान-टुक्का, नैतिक मान्यता आदि कुराहरूको सचेतताका साथ चित्रण गरिएको हुन्छ । स्थानीय रङ्ग कुनै कथावस्तुको मूल तत्त्वको रूपमा नआएर केवल कुनै स्थान वा ठाउँ विशेषको सजावटको रूपमा आएको हुन्छ । आञ्चलिक रचना सीमित क्षेत्रसँग सम्बद्ध भए पनि यसले पाठकमा ठूलो प्रभाव पार्दछ ।

### ३.१.३ वातावरण

वातावरण भनेको पात्र पात्राहरूको मानसिक स्थिति, रहनसहन, रीतिरिवाज, भाषाशैली, भेषभूषा र प्राकृति परिवेश आदिलाई वातावरण भनिन्छ । सामान्य अर्थमा वातावरण भनेको आफू वरिपरिको परिवेश, प्राकृतिक स्थिति, पर्यावरण आदि हो (अधिकारी, २०६६ : ९०१) । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःख, सुख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ती नै वातावरण हो । यसको निर्माण देशकालमा घट्ने घटना, दृश्य वा चरित्रहरूको कार्यबाट हुन्छ (बराल र एटम, २०६६:२४) । कृतिमा व्याप्त त्यस रङ्गसङ्गतिलाई वातावरण भनिन्छ । जसले पाठकका मनमा घटनाक्रममा सुखद वा दुःखद मोड लिन्छ भन्ने प्रत्याशा जगाउँछ (बराल र अन्य, २०५५:३२७) । देश-काल स्थूल रूपमा रहेको हुन्छ भने

वातावरण सूक्ष्म रूपमा रहेको हुन्छ र यसको सम्बन्ध विशेषतः मानवीय संवेदनासँग सम्बन्धित रहेको हुन्छ । वातावरण हृदयले महसुस गर्ने एक अनुभूति हो । यो पाठकको भावनासँग सम्बन्धित हुन्छ । वातावरणलाई भावपरिमण्डल पनि भनेको पाइन्छ र यो मानिसको संवेग, आन्तरिक चेतना, कुनै अमूर्त वस्तुको बोध आदिसँग सम्बन्धित हुने भएकाले यो आत्मपरक हुन्छ (श्रेष्ठ, २०३९:२०२) । वातावरणको निर्माणमा प्रकृतिको पनि भूमिका रहेको हुन्छ । प्रकृतिले पनि मानिसको अन्तर्भावनामा ठूलो प्रभाव पारेको हुन्छ । मानिसको सुख, दुःख, आशा-निराशा, घात-प्रतिघात आदिको प्रतिविम्बको रूपमा पनि प्रकृतिको चित्रण र विश्लेषण भएको हुन्छ (थापा, २०४७:१४४) ।

शर्मा (२०५५:४००-४०१) ले वातावरणको परिभाषा दिने क्रममा कथामा अशक्तता, उदासी, जुगुप्सा र निराशा रङ्गसङ्गति पाइने कुरा उल्लेख गरेका छन् ।

## ३.१.४ परिभाषा

परिवेशलाई देश-काल, वातावरण, पर्यावरण, परिस्थिति, कार्यपीठिका, भावपरिमण्डल आदि जस्ता नामले पनि चिनिन्छ । परिवेशको अर्थ पहिल्याउने क्रममा विभिन्न विद्वानहरूले भिन्न भिन्न परिभाषा प्रस्तुत गरेका छन् । यिनै परिभाषा अनुसार परिवेशको अर्थ पहिल्याउन सकिन्छ ।

आख्यानात्मक कृतिमा घटना घट्ने स्थान, समय, भुगोल, इतिहास र सामाजिक घटनाको सम्बन्ध परिवेशसँग हुन्छ (अब्राम्स, सन् १९९२:१५७) ।

साहित्यमा घटना घट्ने स्थान र समयलाई परिवेश भनिन्छ (वेन्सन र अन्य इ. १९७४:८१) ।

देश-कालको तात्पर्य वातावरणको कुनै सीमा हो । जसको परिवेश अन्तर्गत उपन्यासले आफ्नो संसार सृष्टि गर्छ । यसले देशको सामाजिक, धार्मिक, राजनीतिक परिस्थितिलाई बुझाउँछ । आचार-विचार, असल-खराब, व्यावहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्छ (प्रधान, २०६१:१०) ।

वस्तुको भविता र समाज, स्थिति एवं घटनाको विघटनका निम्ति चाहिने भाँडो परिवेश वा पर्यावरण हो (नेपाल, १९८७:५४) ।

उपन्यासमा पात्रहरूको कार्यकलाप र तत् सम्बन्धी विविध घटनाक्रम उनीहरूको व्यवहार, विचार, रीतिरिवाज, रहनसहन, सामाजिक र राजनैतिक परिस्थिति देश, काल र वातावरण सदृश रहनुपर्दछ । जसले उपन्यासलाई यथार्थता र सजीवताको नजिक पुऱ्याउँछ (सत्याल, २०१७:१०६) ।

देश-काल अन्तर्गत स्थान र समय मात्र नरही रीतिरिवाज, रहनसहन, पात्रको भेषभुषा, आचार-विचार, वार्तालापको भाषाशैली आदि सबै कुरा पर्दछन् । जसले कथानकलाई स्वाभाविक वातावरण प्रदान गर्दछ (बर्मा र अन्य, २०२०:३७३) ।

उपन्यासको विषय र घटना घट्ने स्थान कुनै जिल्ला, अञ्चल, सहर वा गाउँ कुनै न कुनै हुन्छ । जहाँ रहेर पात्र-पात्राहरू काम गर्छन् त्यस्तो घटनाको समय, वरिपरिको आन्तरिक र बाह्य स्थिति यिनीहरूलाई देश-काल तथा वातावरण भनिन्छ ( न्यौपाने, २०३८:१९५) ।

कथामा पात्रको क्रियाकलापलाई सप्रयोजन प्रस्तुत गरिने पृष्ठभूमि नै कार्य-पीठिका हो (श्रेष्ठ, २०२९:१२२) ।

मूलतः औपन्यासिक संरचना प्रक्रियामा वातावरण भन्नाले उपन्यासका आन्तरिक तथा बाह्य समयावधि प्रवाहित औपन्यासिक कार्यव्यापारसँग सम्बन्धित विशेष देश, काल र परिस्थितिलाई अथवा कुनै समाज जातजाति वा वर्गको आचार सभ्यता एवम् संस्कृति र साथै सामाजिक, सांस्कृतिक, राजनैतिक, ऐतिहासिक आदि परिवेशको चित्रणलाई बुझिन्छ (प्रधान, २०४०:८३) ।

समाजको एउटा निश्चित समय र ठाउँ विशेषको चित्रण र विश्लेषण नै वातावरण हो (थापा, २०४७:१४३) ।

चरित्रसँग सम्बद्ध देश, काल, दृष्टिपात विषय र ध्वनीको सम्भूति परिवेश हो ( बराल, २०४८:७४) ।

कथामा चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तु जगतलाई परिवेश भनिन्छ (शर्मा, २०५५:३९) ।

कुनै पनि व्यक्ति वा वस्तुलाई असर पर्ने वा पार्ने वरिपरिको भागलाई परिवेश भनिन्छ (भट्टराई र लम्साल, २०६३:५२३) ।

परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण मात्र हो । परम्परागत भनाइमा यसलाई देश-काल वातावरण पनि भन्ने गरिन्छ (बराल, २०५६:५३) ।

कथामा प्रत्यङ्कन गरिने देश-कालको परिधिलाई परिवेश भनिन्छ (शर्मा, २०५९:७६) ।

कुनै काम हुनको लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो (सुवेदी, २०६४:२५) ।

परिवेश भनेको कथामा गरिने कुनै खास युगका, खास ठाउँका समाजका वातावरणमा देखापर्ने यथास्थिति, सङ्घर्षशीलता, परिवर्तनशीलता, जस्ता बाह्य परिवेशको चित्रण पनि हो भने मानव समाज र मानव मनका द्वन्द्वशील शाश्वत परिवेशको चित्रण पनि हो (अवस्थी, २०६५:८) ।

उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ (बराल र एटम, २०६६:३२) ।

परिवेश सम्बन्धी विभिन्न विद्वानहरूले आ-आफ्नो धारणा व्यक्त गरेका छन् । समग्रमा भन्दा परिवेश भनेको देश काल वातावरण, रहनसहन, भेषभुषा, अनुभूति, आचारविचार, राजनैतिक, ऐतिहासिक, साँस्कृतिक घटना प्रसङ्ग, मानव मनका संवेदना आदि सम्पूर्ण कुराहरूको समष्टि रूप हो । सामान्यतया परम्परावादी आख्यानमा

परिवेश भन्नाले स्थान र समयलाई बुझ्ने गरे तापनि आधुनिक आख्यानहरूमा परिवेशको स्पष्ट र स्वतन्त्र अस्तित्व पाइँदैन यो आन्तरिक स्थल वा मानसिक जगतसँग र बाह्य स्थल र समयसँग मिसिएर आएको हुन्छ । उपन्यासमा परिवेशको समुचित प्रयोगले कथानकलाई विश्वसनीय र यथार्थता प्रदान गर्दछ जसले पाठकलाई वास्तविक जीवनको बोध गराउँछ ।

## ३.२ परिवेशका पक्षहरू

कुनै पनि कृतिको कार्यव्यापार सम्पन्न हुने स्थल परिवेश हो । उपन्यासमा घटना घटित हुन कुनै न कुनै परिवेशको आवश्यकता पर्दछ । परिवेशलाई विशेष गरी बाह्य र आन्तरिक पक्षका दृष्टिले विश्लेषण गरेको पाइन्छ । हड्सनले पनि देशकाललाई भौतिक वा स्थूल र सामाजिक वा सूक्ष्म भनी दुई भागमा विभाजन गरेका छन् । भौतिक वा स्थूल देशकाल भनेको चरित्रले कार्य गरेको स्थल, प्राकृतिक स्थिति एवम् समयवृत्त हो भने सामाजिक वा सूक्ष्म देशकाल भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो (बराल र एटम, २०६६:३३) । बाह्य परिस्थिति भन्नाले पात्र-पात्राहरूको वरपरको वातावरण, भौगोलिक, ऐतिहासिक आदि स्थिति एक अर्को पात्रबीचको सम्बन्ध आदि बुझिन्छ भने आन्तरिक परिस्थिति भन्नाले पात्र-पात्राहरूका मानसिक उथल-पुथल, उल्झनहरू, अचेतन कारणहरूलाई लिइएको छ (न्यौपाने, २०३८:१९५) ।

परिवेश भौतिक र मानसिक दुवै प्रकारको हुन्छ । उपन्यासमा चित्रित भौतिक परिवेश मानव र मानव समाजसँग जोडिने भएकोले उपन्यासकारले पनि आफ्नो रचनामा समाजभन्दा पर पुगेर कृतिको रचना गर्न सक्दैन त्यसैले उपन्यासको भौतिक वा बाह्य परिवेश समाज सँगसँगै जोडिएर आएको हुन्छ । बाह्य परिवेश अन्तर्गत सामाजिक रहनसहन, रीतिरिवाज, धार्मिक, सांस्कृतिक, राजनैतिक, ऐतिहासिक, आर्थिक, शैक्षिक, भाषिक आदि विविध पक्षहरू पर्दछन् । वातावरणलाई बाह्य र आन्तरिक पक्षको दृष्टिले विभाजन गर्न सकिन्छ । बाह्य पक्षलाई भौतिक पक्षको संज्ञा दिन सकिन्छ । यस अन्तर्गत उपन्यासमा वर्णित समाज चित्रण र प्रकृति चित्रणलाई राख्न

सकिन्छ । आन्तरिक पक्षलाई चाहिँ मानसिक पक्षको रूपमा लिन सकिन्छ (थापा, २०४७:१४४) ।

आन्तरिक परिवेश अन्तर्गत पात्रको मनका विभिन्न भावहरू पर्दछन् । पात्रको मनका सूक्ष्म भावहरूलाई केलाएर बाह्य रूपमा प्रकट गर्ने कार्य आन्तरिक परिवेश अन्तर्गत पर्दछ । पात्रको मनका सूक्ष्म भावहरूलाई केलाउने काम मनोवैज्ञानिक सिद्धान्तको आधारमा मात्र गर्न सकिने भएकाले फ्रायड, एडलर, युङ्ग र फ्रमको मनोविश्लेषण सिद्धान्तलाई प्रस्तुत गरिएको छ ।

सिग्मन्ड फ्रायडले मनका आकारात्मक पक्षको विभाजन तीन तहमा गरेका छन् ।

**चेतन, अवचेतन र अचेतन**

मनभित्रका सूक्ष्म भावहरू चेतन, अवचेतन र अचेतनका तहमा रहेका हुन्छन् । चेतन मन मानिसको जाग्रत अवस्था हो भने अचेतन मन सुषुप्त अवस्था हो । त्यसैले चेतन मनका क्रियाकलाप देखिन्छन र अनुभव गर्न सकिन्छ तर अचेतनमा रहेका इच्छाहरू भने व्यक्तिले अनुभव गर्न सक्दैन । यस्ता इच्छाहरू अनेक बहाना बनाउँदै चेतनलाई छल्न र बाहिर निस्कन तयार भएका हुन्छन् (बराल र एटम, २०६६:१२५) । अवचेतनलाई चेतन र अचेतन मनको मध्यवर्ती भाग मानिएको छ । यसलाई स्मृति र इच्छाहरूको भण्डारका रूपमा लिइन्छ । यस भण्डारमा रहेका स्मृति र इच्छाहरूलाई व्यक्तिले तत्काल चेतनामा फर्काएर पुनः स्मरण गर्न सक्छ (शर्मा र लुइटेल, २०६२:१७२) ।

सिग्मण्ड फ्रायडको मूल प्रवृत्तिको सिद्धान्तको आधारमा पनि उपन्यासका पात्रहरूको मनको विश्लेषण गर्न सकिन्छ । फ्रायडले दुईवटा मूल प्रवृत्तिहरूको निर्धारण गरेका छन् :

**जीवनमूलक प्रवृत्ति र मृत्युमूलक प्रवृत्ति**

मान्छेभित्र जीवनमूलक र मृत्युमूलक प्रवृत्ति दुवै रहेको पाइन्छ । मान्छेले बाँच्नका लागि गर्ने प्रेम, मित्रता, आकर्षण, अनुराग, आसक्ति, यौन, प्रजनन, रचना आदि कार्यलाई जीवनमूलक प्रवृत्ति भनिन्छ (शर्मा र लुइटेल, २०६३:१७१) । जीवनमुखी प्रवृत्तिले मान्छेलाई उत्प्रेरणा दिन्छ भने मृत्युमुखी प्रवृत्तिले मान्छेलाई विनाशात्मक प्रेरणा दिन्छ (बराल र एटम, २०६६:१२५) । मान्छेको विनाश, ध्वंस, हत्या, हिंसा, हानी, घृणा, क्रोध, युद्ध, झगडा, हमला, आत्महत्या आदि कार्यलाई मृत्युमूलक प्रवृत्ति भनिन्छ (शर्मा र लुइटेल, २०६३:१७१) ।

एडलरले मनोविश्लेषणका क्षेत्रमा वैयक्तिक मनोविज्ञानको सिद्धान्त अगाडि सारेका छन् । एडलरको यस वैयक्तिक मनोविज्ञानको सिद्धान्तको आधारमा पनि पात्रको मनको विश्लेषण गर्न सकिन्छ । एडलरको वैयक्तिक मनोविज्ञानको सिद्धान्त यस प्रकार रहेको छ :

**हीनताको भावना र उच्चताको भावना**

हरेक व्यक्तिको मनभित्र हीनता र उच्चताको भावना अवस्थित रहेको हुन्छ । व्यक्तिमा कुनै कुराको कमी हुँदा हीनताको भावना उत्पन्न हुन्छ । मानिसको व्यक्तित्वको केन्द्रीय ग्रन्थी हीनताको भावनाले व्यक्तिलाई क्षतिपूर्तिको लागि प्रेरित गर्छ र उसमा उच्चता वा श्रेष्ठताको प्राप्तिका लागि प्रतिष्ठा सङ्घर्ष हुन्छ (शर्मा र लुइटेल, २०६२:१८२) । हीनता भावको क्षतिपूर्ति गर्नका लागि व्यक्तिमा उच्चताको भावना जागृत हुन्छ । यही भावना नै कहिलेकाहीँ प्रतिरोध वा बदला लिने अवस्थामा पुग्छ र आफ्नो शक्ति प्रदर्शन गर्ने इच्छाको उद्‌भव हुन्छ । मानिस आफ्नो कल्पित लक्ष्यमा पुग्नाका निमित्त प्रतिरोधक क्रियाकलाप, शक्तिप्रदर्शनका कार्यहरू र उच्चताको प्रयासलाई श्रृङ्खलित रूपमा अगाडि बढाउँछ (तिवारी, २०३५:१०५-१०८) ।

युङ्गले मानिसको व्यक्तित्वलाई अन्तर्मुखी र बर्हिमुखी गरी दुई भागमा बाँडेका छन् ।

**अन्तर्मुखी र बहीर्मुखी प्रवृत्ति**

व्यक्तिमा अन्तर्मुखी र बहीर्मुखी दुवै खालका प्रवृत्तिहरू रहेका हुन्छन् । अन्तर्मुखी व्यक्तित्व भएको मानिस आफ्नै बारेमा सोच्छ, उसको बाहिरी जीवनमा रुचि हुँदैन र उसमा भावनाको प्रधानता हुन्छ भने ऊ आफूलाई प्रकट गर्न नरुचाउने हुँदा रहस्यमयी हुन्छ । बहिर्मुखी व्यक्तित्व भएको मानिस धेरै क्रियाशील र बाहिरी वा सामाजिक जीवनमा रुचि भएको हुन्छ । उसमा अन्तर्दृष्टिको प्रधानता हुन्छ र ऊ आफूलाई बढीभन्दा बढी अरूका सामु प्रकट गर्न रुचाउँछ (बराल र एटम, २०६६:१२८) ।

एरिक फ्रामको मानसिक पलाईन प्रक्रिया अनुसार पनि उपन्यासको पात्रहरूको मनोविश्लेषण गर्न सकिन्छ ।

बराल र एटम (२०६६:१२८) का अनुसार एरिक फ्रामको मानसिक पलाईनका प्रक्रिया यस प्रकार रहेको छ :

स्वपीडन रति, स्वयम्लाई हीन तथा अयोग्य अनुभव गरी आफ्नै पीडामा आनन्दित हुने तथा अर्काले पीडा दिँदा रमाउने पलाईनको प्रक्रियालाई स्वपीडन रति भनिन्छ ।

परपीडन रति, अर्कालाई यौन वा अन्य किसिमले पीडा दिँदा रमाउने पलाईनको प्रक्रियालाई परपीडन रति भनिन्छ । अर्कालाई आफ्नो अधीनमा राख्ने, अर्कालाई भावनात्मक तथा भौतिक शोषण गर्ने र अर्कालाई दुःखी देख्दा वा उसलाई आफैंले दुःख दिई आफूलाई सुखी अनुभव गर्ने व्यक्तिमा यस्तो प्रवृत्ति रहन्छ ।

आन्तरिक पक्ष उपन्यासको मानसिक वा आत्मिक सौन्दर्य हो । यसैले आन्तरिक पक्षमा पात्रको मानसिकताको र यसको सुन्दर र हार्दिकता अभिव्यक्त हुन्छ (थापा, २०४७:१४७) । आन्तरिक परिवेशमा औपन्यासिक पात्रहरूको संवेग र उद्वेगहरूको प्रस्तुति गरिएको हुन्छ । त्यसैले फ्रायड, एडलर, युङ्ग र फ्रामको मनोवैज्ञानिक

सिद्धान्तको आधारमा पात्रहरूको मनको विश्लेषण गर्न सकिने भएकाले यी विद्वानहरूको सिद्धान्तलाई आन्तरिक परिवेशको आधार मानिएको छ ।

## ३.३ उपन्यासका तत्त्वहरू र परिवेशसँगको सम्बन्ध

उपन्यास साहित्यका विविध विधाहरू मध्ये एक महत्त्वपूर्ण विधा हो । उपन्यास रचना गर्नका लागि यौगिक तत्त्वहरूको आवश्यकता पर्दछ । उपन्यासका तत्त्वहरूको निर्क्यौल गर्ने सम्बन्धमा विभिन्न विद्वानहरू बीच मतमतान्तर पाइन्छ । हड्सनले सानो वा ठूलो, असल वा खराब जुनसुकै उपन्यासको संरचनाका लागि निम्न तत्त्वहरू आवश्यक ठानेका छन् । कथावस्तु, चरित्र चित्रण, संवाद, देश-काल र वातावरण, शैली र उद्देश्य वा जीवनदर्शन (न्यौपाने, २०३८:१८४) ।

घनश्याम नेपालले उपन्यासका तत्त्वहरू कथावस्तु, कथानक, कथा, पात्र तथा चरित्र चित्रण, विचार तत्त्व, पर्यावरण र चित्रवृत्ति, दृष्टिकोण, प्रतीक र विम्ब, गति तथा लयसँग भाषा र बुनोटलाई मानेका छन् (नेपाल, १९८७:४०) ।

कृष्णचन्द्र सिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई उपन्यासका आधारभूत तत्त्वहरू मानेका छन् (प्रधान, २०६१:७) ।

राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र उद्देश्यलाई उपन्यासका प्रमुख तत्त्वका रूपमा चर्चा गरेका छन् (सुवेदी, २०६४:१७) ।

प्रतापचन्द्र प्रधानले कथानक वा कथावस्तु, पात्र वा चरित्र, औपन्यासिक संवाद, औपन्यासिक भाषाशैली र उद्देश्यलाई उपन्यासका तत्त्वका रूपमा लिएका छन् (प्रधान, २०४०:४५) ।

माथिका परिभाषाहरूलाई अध्ययन गर्दा उपन्यासका तत्त्वहरू यति नै हुन्छन् भनेर किटान गर्न सक्ने स्थिति नभए पनि मुख्य तत्त्वहरूमा कथानक, चरित्र, परिवेश, संवाद, उद्देश्य र भाषाशैलीलाई लिन सकिन्छ ।

### ३.३.१ कथानक

कथानक भनेको कार्यकारण शृङ्खला हो । कथानकसँग सम्बन्धित भएर कथावस्तु आएको हुन्छ । जुन विषयवस्तुको आधारमा उपन्यासको निर्माण गरिन्छ त्यसलाई; त्यस्तो कच्चा पदार्थलाई कथावस्तु भनिन्छ (न्यौपाने, २०३८:१८५) । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो र यो कार्यकारण सम्बन्धद्वारा मिलाईएको हुन्छ । कथानकले घटनाहरूलाई मिलाउने काम गर्दछ । उपन्यासमा कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा आउने आकस्मिक घटनाहरूको अनुक्रमात्मक व्यवस्थापन हो । यो चरित्र र उद्देश्यसित घनिष्ठ रूपमा गाँसिएको हुन्छ (बराल, २०५६:२८) ।

उपन्यासमा कथानक सामाजिक, राजनैतिक, ऐतिहासिक, धार्मिक, जासुसी, काल्पनिक आदि विभिन्न स्रोतबाट लिइएको हुन्छ । उपन्यासमा कथानकको ढाँचा रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको रहेको हुन्छ । सरल ढङ्गले अघि बढ्ने कथानक रैखिक र घुमाउरो पारामा रहेको कथानक वृत्ताकारीय हो । खनाल (२०६६:१५) का अनुसार कथानकको वर्गीकरण विस्तार, सङ्गठन, बनोट, प्रभाव, उद्देश्य आदिलाई आधार मानेर गरिएको छ ।

**विस्तारका आधारमा**

विस्तारका आधारमा कथानक दुई प्रकारका हुन्छन् मुख्य र सहायक । आदिदेखि अन्त्यसम्म व्याप्त रहने कथानक मुख्य र बीचमै सुरू भई बीचमै हराउने कथानक सहायक वा गौण हुन्छ ।

**सङ्गठनका आधारमा**

सङ्गठनका आधारमा कथानक सङ्गठित र असङ्गठित गरी दुई प्रकारका हुन्छन् । घटनाहरूको संयोजन अत्यन्तै योजनाबद्ध  ढङ्गमा कसिलो बनाइएको भए

कथानक सङ्गठित हुन्छ । घटनाहरूको संयोजन शिथिल वा खुकुलो बनाइएको भए कथानक असङ्गठित हुन्छ ।

**बनोटका आधारमा**

बनोटका आधारमा कथानक सरल र जटिल गरी दुई प्रकारको हुन्छ । एउटै मात्र कथानक सुरूदेखि अन्त्यसम्म रहेमा त्यो सरल कथानक हुन्छ भने एकभन्दा बढी कथानकहरूको मिश्रित स्वरूपले विकसित भएको कथानक जटिल हुन्छ ।

**प्रभावका आधारमा**

प्रभावका आधारमा कथानक सुखान्तक र दुःखान्तक गरी दुई किसिमका हुन्छन् । सुखद वा आनन्ददायक अन्त्य भएर पाठकमा मनोरञ्जनात्मक प्रभाव छोड्ने कथानक सुखान्तक हुन्छ भने दुःखद वा कारुणिक अन्त्य भएर पाठकमा गम्भीर प्रभाव छोड्ने कथानक दुःखान्तक हुन्छ ।

**उद्देश्यका आधारमा**

उद्देश्यका आधारमा कथानक रागात्मक र व्यङ्ग्यात्मक गरी दुई प्रकारको हुन्छ । जुन कथाको उद्देश्य प्रेमानुरागलाई व्यक्त गर्ने खालको छ त्यो रागात्मक कथानक हो र जुन कथानकको उद्देश्य सामाजिक विकृति र विसङ्गतिलाई व्यङ्ग्यपूर्वक व्यक्त गर्दै स्वस्थ समाजको निर्माण गर्ने खालको हुन्छ त्यस्तो कथानकलाई व्यङ्ग्यात्मक कथानक भनिन्छ ।

परिवेश भनेको उपन्यासमा घटना घट्ने स्थान, समय र वातावरणलाई बुझिन्छ । परिवेशले कथानकलाई यथार्थको नजिक पुऱ्याई जीवन्तता दिने कार्य गर्दछ । एउटा सफल उपन्यास रचना गर्नको लागि कथानक र परिवेश बीच अन्योन्याश्रित सम्बन्ध रहनु आवश्यक छ । कथानकको माध्यमबाट उपन्यास अघि बढ्छ भने परिवेशको सजीव चित्रण गर्नाले उपन्यास जीवन्त बन्न पुग्दछ र पाठकलाई विश्वसनीयता प्रदान गर्दछ । उपन्यासमा ग्रामीण या शहरी जुनसुकै परिवेशको चित्रण

गरिएता पनि कथानक परिवेश अनुरूप चित्रण गर्नु उपयुक्त हुन्छ; जसले गर्दा उपन्यासलाई यथार्थको नजिक पुऱ्याउँछ । परिवेशले कथानकलाई गति दिने कार्य गर्दछ । आख्यानात्मक रचनामा परिवेश विधान जीवनका अनुरूप र अनुकूल भए मात्र कथानक पत्यारिलो र स्वाभाविक बन्दछ ।

## ३.३.२ चरित्र/पात्र

उपन्यासको अर्को आवश्यक तत्त्वका रूपमा चरित्र वा पात्र रहेको छ । उपन्यास भित्रका हर्ष, विषाद, जय-पराजयसँग सम्बन्धित विभिन्न घटनाहरूका कर्ता, भोक्ता वा द्रष्टालाई पात्र वा चरित्र भनिन्छ (न्यौपाने, २०३८:१८८) । चरित्र वा पात्रका माध्यमबाट उपन्यासका घटनाहरू अघि बढ्ने कार्य गर्दछ । चरित्र वा पात्र उपन्यासको विचारलाई संवहन गर्ने माध्यम पनि हो । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ । त्यस्तै, पात्रउपर नै स्रष्टा सबैभन्दा बढी निर्भर रहेको हुन्छ (बराल र एटम, २०६६:२७) । चरित्र वा पात्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा एक अर्काका सापेक्षतामा उनीहरूले आफ्नै विशेषताहरू लिएर आएका हुन्छन् । शर्मा (२०५५:१२४-१२५) का अनुसार पात्रहरूको वर्गीकरणका आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता रहेका छन् ।

**लिङ्गका आधारमा**

प्राकृतिक रूपमा पात्रको जात छुट्टयाउने लिङ्गका आधारमा पात्रलाई पुलिङ्गी र स्त्रीलिङ्गी गरी वर्गीकरण गरिन्छ ।

**कार्यका आधारमा**

उपन्यासमा पात्र वा चरित्रको कार्यको घटीबढीका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण वर्गका हुन्छन् ।

**प्रवृत्तिका आधारमा**

यस आधारमा पात्रहरूलाई अनुकूल र प्रतिकूल गरी छुट्टयाइन्छ । अनुकूल पात्रले उपन्यासमा सकारात्मक भूमिका निर्वाह गरेको हुन्छ भने प्रतिकूल पात्रले नकारात्मक भूमिका  निर्वाह गरेको हुन्छ

**स्वभावका आधारमा**

स्वभावका आधारमा पात्रहरूलाई गतिशील र गतिहीन गरी दुई भागमा वर्गीकरण गरिन्छ । उपन्यासमा कथानक र परिस्थिति अनुसार बदलिने पात्र गतिशील तथा समय र परिस्थिति बदलिए पनि आद्यान्त उस्तै जीवन बिताउने र विचलन नआउने स्वभावको पात्र गतिहीन हुन्छ ।

**जीवनचेतनाका आधारमा**

जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत गरी पात्रलाई विभाजन गर्न सकिन्छ। वर्गीय पात्रले कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्दछ भने व्यक्तिगत पात्रले आफ्नै निजी स्वभाव वा वैयक्तिकताको प्रतिनिधित्व गर्दछ ।

**आसन्नताको आधारमा**

यस आधारमा पात्रलाई मञ्चीय र नेपथ्यीय गरी वर्गीकरण गर्न सकिन्छ । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय पात्र हो भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको मात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

**आवद्धताका आधारमा**

यस आधारमा पात्रहरू, बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ । तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा त्यसलाई झिक्दा कथानकमा खास फरक पर्दैन ।

पात्रहरूको कार्यव्यापार प्रकट हुने स्थान, समय र वातावरण नै परिवेश हो । पात्रको कार्यकलाप, रहनसहन, भेषभुषा, बोलीचाली आदि सम्पूर्ण कुराहरू परिवेश अनुकूल हुनुपर्दछ (खनाल, २०६६ : १८) । देशकाल र वातावरण अनुकूल चरित्र चित्रण भएन भने कृति अस्वभाविक लाग्दछ । जुन परिवेशको कथानक छ पात्रको आचरण पनि सोही अनुसार भयो भने पात्रमा सजीवता आउँछ । परिवेश अन्तर्गत नै पात्रले सम्पूर्ण जीवन भोग गरेको हुन्छ त्यसैले परिवेश र पात्र बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । उपन्यासमा घटना जुन स्थान वा समयको हो त्यसको वास्तविक चित्र उतार्ने खालका पात्र हुनु आवश्यक पर्छ । स्थान, समय अनुसारको जीवनशैली, भेषभुषा, भाषा आदि अनुसार पात्रको चयन गरिएको हुनुपर्छ जसले पात्रमा सजीवता र वास्तविकता  ल्याउँछ ।

### ३.३.३ संवाद

संवाद भन्नाले वार्तालाप वा कुराकानी भन्ने बुझिन्छ । संवादलाई कथोपकथन पनि भनिन्छ । यसलाई अङ्ग्रेजीमा डाइलग भनिन्छ । संवाद पात्रको अभिव्यक्तिकला र कथानकलाई गति दिने सन्दर्भमा गरिएको हुन्छ । संवादले कथानकमा आउने घटना र कार्यव्यापारलाई सङ्गठित गर्ने कार्य गर्दछ । उपन्यासका पात्र-पात्राहरूले घटनाको सन्दर्भमा परस्परमा व्यक्त गरेका प्रतिक्रियाहरू उनीहरूका बीचका छलफल कुराकानीहरूलाई संवाद भनिन्छ (न्यौपाने २०३८:१९३) ।

संवाद उपन्यासको अनिवार्य तत्त्व नभए पनि यसले कथानकलाई रोचक बनाउन, पाठक र पात्र बीच सामञ्जस्य ल्याउन सहयोग गर्दछ । संवादको सम्बन्ध विशेष गरी पात्रसँग गाँसिएको हुन्छ साथै उपन्यासकारले पात्रको बारेमा आफूले वर्णन गर्नुभन्दा पात्रले संवादद्वारा अभिव्यक्त गर्दा उपन्यासले सजीवता प्राप्त गर्दछ । संवाद दुई व्यक्ति वा उपन्यासका पात्रहरूबीचको प्रत्यक्ष कुराकानी हो । उपन्यासमा प्रयोग भएका घटना, दृश्य र पर्यावरणहरूमा सजीवता ल्याउनका साथै रोचकता, स्वाभाविकता सृष्टि गर्नमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ (प्रधान, २०६१:८) । संवादले मात्रै पात्रको बाह्य र आन्तरिक व्यक्तित्वको पहिचान दिन सक्छ । कथोपकथन

नाटकीय तत्त्व पनि हो । यसले उपन्यासलाई नाटकीय निकटता प्रदान गर्दछ । नाटकमा अभिनयद्वारा व्यञ्जित गरिने तत्त्व पनि उपन्यासमा संवादद्वारा व्यञ्जित हुन्छ (सुवेदी, २०६४:२४) ।

पात्रहरूको संवादले पनि परिवेशमा फरकपन ल्याउँछ । जुन परिवेशको चरित्र छ त्यस अनुरूप संवाद प्रस्तुत भयो, भने कृति पत्यारिलो बन्दछ । तराईको परिवेश आएका ठाउँमा पहाडी मानिसहरूले बोल्ने संवाद प्रस्तुत भयो भने त्यो उपयुक्त हुँदैन । त्यसैले परिवेश अनुकूल संवादको प्रयोग भयो भने कृतिमा स्वभाविकता र यथार्थता आउँछ ।

## ३.३.४ भाषाशैली

उपन्यास साहित्यिक विधा भएकाले यसलाई अभिव्यक्त गर्नका लागि भाषा अनिवार्य मानिन्छ । उपन्यासमा भाषा व्यक्त हुँदा लेख्य रूपमा आएको हुन्छ भने उपन्यासमा पात्रहरूको संवादको माध्यमबाट भाषा कथ्य रूपमा पनि आएको हुन्छ । कथ्य विषयलाई पाठकसमक्ष प्रभावकारी ढङ्गमा सम्प्रेषण गर्ने सामग्री भाषा बाहेक उपन्यासकारसँग अरू केही हुँदैन (बराल र एटम, २०६६:३९) । उपन्यास सरल भाषाको प्रयोग गरेर लेखिएको पनि पाइन्छ । सरल भाषामा लेखिएको उपन्यासलाई प्रायः सबै जसो पाठकले बुझ्ने गर्दछन् भने आलङ्कारिक, प्रतीकात्मक, वा व्यञ्जनात्मक भाषाको प्रयोग गरेर लेखिएको उपन्यासलाई बौद्धिक पाठकले मात्र बुझ्ने गर्दछन् । उपन्यास रचना गर्नको लागि गद्य भाषाको प्रयोग गरिएको पाइन्छ । भाषा उपन्यासको आत्मा पनि हो । यसले उपन्यासकारले देखाउन खोजेको दृश्य, पात्र, भाव आदि कुराहरूलाई भाषाकै माध्यमबाट प्रस्तुत गर्दछ । साहित्यिक कृतिमा पाइने सौन्दर्य भाषाकै माध्यमबाट प्राप्त हुन्छ ।

शैली भनेको शिल्प पनि हो । मूल विषय कथावस्तु, घटना, चरित्र आदि सामग्रीहरू पूर्णतया तयार भइसकेपछि तिनीहरूलाई रूप दिन उपन्यासकारले जुन तरिका अपनाउँछ त्यस्तो ढाँचालाई शैली भनिन्छ (न्यौपाने, २०३८:१९६) । शैली भनेको अभिव्यक्तिको प्रकार हो । कुनै पनि लेखकले जे जसरी आफ्ना विचार दृष्टिकोण,

भावना वा कथ्य व्यक्त गर्दछ त्यो सन्दर्भमा वर्णनात्मक,आत्मकथात्मक, पत्रात्मक, डायरी पद्धति, चित्रात्मक, चेतनप्रवाहात्मक जस्ता विविध शैलीहरूको प्रयोग गरिन्छ ( प्रधान, २०४०:५६-५७) । भाषा र परिवेश बीच नजिकको सम्बन्ध रहेको हुन्छ । उपन्यासमा प्रयोग हुने भाषाशैली र परिवेश बीच तालमेल हुनुपर्दछ । परिवेश अनुसार भाषिक व्यवस्था भयो भने उपन्यास यथार्थ र विश्वसनीय बन्न पुग्दछ ।

### ३.३.५ उद्देश्य

उपन्यासकारले कुनै न कुनै उद्देश्यले उपन्यासको रचना गरेको हुन्छ । उपन्यास मानव जीवनसँग सम्बन्धित रहने हुँदा यसको उद्देश्य मानव जीवन जगत्का विविध पक्षहरू समेटिएको हुन्छ । उपन्यास रचना गर्न प्रेरित गर्ने मूल भाव विचार वा दृष्टिकोण नै उद्देश्य हो । उद्देश्य साध्य नभई साधन हो जसको माध्यमले उपन्यासकारले आफ्ना आस्था, मान्यता र जीवन जगत्प्रतिको दृष्टिकोण प्रस्तुत गर्छ ( न्यौपाने, २०३८:२०१-२०२) ।

उद्देश्य र परिवेश बीच पनि अन्य तत्त्वहरू जस्तै सम्बन्ध रहेको हुन्छ । कुनै न कुनै उद्देश्यले उपन्यासको रचना गरिएको हुन्छ । उपन्यास विशेष गरी मानव जीवन सँग सम्बन्धित रहने हुँदा यसले जीवनका विविध परिवेशहरूलाई समेट्ने उद्देश्य राखेको हुन्छ । कुनै उपन्यासकारले कुनै युगको चित्रण गरेका हुन्छन् भने कुनै उपन्याकिारले कुनै स्थान, घटना वा विचारलाई अघि सार्ने उद्देश्य राखेका हुन्छन् ।

यसरी उपन्यासको रचना गर्ने क्रममा विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । कथानक, पात्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली आदि । यी तत्त्वहरूको संयोजनबाट उपन्यासले स्वाभाविक र मूर्त रूप प्राप्त गर्दछ । उपन्यासका तत्त्वहरू मध्ये परिवेशको पनि आफ्नै महत्त्व रहेको छ । परिवेशले उपन्यासलाई गतिशील र विश्वसनीयता प्रदान गर्ने कार्य गर्दछ । उपन्यासमा परिवेशको कथानक, पात्र, संवाद, उद्देश्य, भाषाशैली आदिसँग सम्बन्ध रहेको हुन्छ र ती तत्त्वहरूसँगको आपसी सम्बन्धबाट उपन्यासले स्वाभाविकता र विश्वसनीयता प्राप्त गर्दछ ।

# परिच्छेद - चार

# उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासमा प्रयुक्त परिवेशको विश्लेषण र परिवेशसँग औपन्यासिक तत्त्वको संयोजन

कुनै पनि कृतिको कार्यव्यापार सम्पन्न हुने स्थान परिवेश हो । जुनसुकै आख्यानात्मक कृतिमा पनि परिवेशको चित्रण गरिएको हुन्छ । कुनै पनि कार्य सञ्चालन हुन निश्चित भू-भाग, निश्चित समय र वातावरणको आवश्यकता पर्दछ । त्यस्तै **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको परिवेशलाई पनि बाह्य र आन्तरिक गरी विभाजन गरेर अध्ययन गरिएको छ ।

## ४.१ बाह्य परिवेश

उपन्यासमा घटित भएका विभिन्न भौगोलिक स्थान, पात्रले कार्य गरेको स्थल, पात्रले भोगेको युग वा समयवृत्त, विभिन्न सामाजिक रहनसहन, पात्रका भेषभुषा आदि र समाज चित्रणलाई बाह्य परिवेश भनिन्छ । यस अन्तर्गत कार्यव्यापार भएको स्थान, समय, सांस्कारिक पक्ष, सामाजिक पक्ष, राजनीतिक पक्ष, आर्थिक पक्ष, शैक्षिक पक्ष, भाषिक पक्ष आदि रहेका छन् ।

### ४.१.१ स्थान : देश

कुनै पनि घटना घट्ने वा कार्य हुने ठाउँ विशेषलाई स्थान भनिन्छ । कुनै पनि औपन्यासिक कृतिमा निश्चित ठाउँ वा स्थानमा आएर मात्र पात्रले कार्यव्यापार सम्पन्न गरेको हुन्छ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा पनि पात्रहरूले विभिन्न स्थानिक परिवेशमा रहेर कार्यकलाप सम्पन्न गरेका छन् । यस उपन्यासमा गरिएका कार्यकलापको स्थानिक परिवेशको अध्ययन र विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

कार्यव्यापारका दृष्टिले **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको प्रमुख कार्यस्थल नेपालको राजधानी काठमाडौं सहर रहेको छ । काठमाडौं सहर नजीकको

जिल्ला भक्तपुर र अनाम स्थानहरू पनि यस उपन्यासको स्थानिक परिवेशको रूपमा रहेको छ । कथयिता 'म' पात्रले स्मरण गरेको बाल्यकालका घटना र उपन्यासको अन्त्यतिर रविलाई छुरा प्रहार भएका घटना मात्र काठमाडौंमा केन्द्रित भएकोले यस उपन्यासले स्थानीय विशेषता ग्रहण गरेको छ (दाहाल, २०५८:११७) ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको मञ्चीय परिवेश काठमाडौंको सहरी परिवेश रहेको छ । काठमाडौंको सहरी परिवेशमा हुने गरेको यौन दुराचारलाई देखाउन 'म' पात्र लक्ष्मी रविको कोठा स्थानिक परिवेशको रूपमा यस उपन्यासमा आएको छ । 'म' पात्र लक्ष्मीले शीला, गीता, सविता, रुक्मिणीसँग यौन दुराचार गरेका घटना सबै लक्ष्मीको आफ्नै कोठामा घटित भएका छन् । त्यस्तै 'म' पात्र लक्ष्मीले ब्लु फिल्म हेरेर आएपछि सिरक ओढेर गरेका एकान्त क्रियाहरू पनि लक्ष्मीको आफ्नै कोठामा घटेका छन् । लक्ष्मीले विधवा रुक्मिणीको बलात्कार गरेको र सवितालाई विभिन्न लोभ देखाएर वेश्या बन्न बाध्य पारी भोग चलन गरेको सहरिया विकृतिको घटना स्थल यस उपन्यासको स्थानिक परिवेशको रूपमा आएको छ ।

**दीप्तिमान** पत्रिकाको कार्यालय र शिवरामको घर पनि यस उपन्यासको परिवेश बनेर आएको छ । **दिप्तिमान** पत्रिकाको सम्पादक शिवरामले कर्मचारीलाई तलब दिनुपर्दा सधै आफू टाट पल्टेको नाटक गरी मन्त्री र जी.एम.को आश देखाउने गर्दछ साथै ठूलाबडाको नराम्रा कुराहरूलाई पनि बढाइचढाइ गरी पत्रिकामा छाप्ने र पैसा असुल्ने पीतपत्रकारिता पेसालाई यस उपन्यासमा देखाइएको छ । रविको कविता जर्मन भाषामा अनुवाद हुने कुरा थाहा पाएपछि 'म' पात्र लक्ष्मीले ईर्ष्या गरेको छ र शिवरामको घरमा पुगेर शिवरामकी धर्मपत्नीलाई **दिप्तिमान** पत्रिका बन्द गराउने आग्रह गर्दै व्यापार गर्ने सल्लाह दिएको छ । "ल भाउजु, म त्यसैले हजुरलाई अहिले दुःख दिन आएको । यो अखबार-सखबार छोड्ने भए पहिले एउटा मौका आएको छ । म एउटा यस्तो लाईसेन्स दिलाईदिन्छु, जुन देख्नासाथै लाखौं रुपियाँ घर बसीबसी आउँछ । स्लिपिङ पार्टनर बनेर कमाइरहे पनि भयो । यस्तो मौका आउँदैन । हजुरले दाइसँग सल्लाह गरेर मलाई यो नम्बरमा खबर गरिदिइसियोस ।" (पृ. ९१)

यस घटनाबाट अवैधानिक ढङ्गबाट काम गरेर रातारात धनी हुने व्यक्तिहरूको प्रवृत्तिलाई देखाइएको छ । 'म' पात्र लक्ष्मी र रविले खाना खाने विभिन्न होटलहरू पनि यस उपन्यासको परिवेश बनेर आएको छ । लक्ष्मी र रविले आर्थिक अभावका कारण होटलमा उधारोमा खाना खाएका छन् र उधारो धेरै भएपछि पैसा नतिरी फेरि कोठामा पकाएर खान थालेको पाइन्छ । कोठामा पनि अभाव महसुस भए पछि पुनः होटलमा खान खान पुगेको घटना यस उपन्यासमा आएको छ । आर्थिक अभाव र पैसा नतिर्ने बानीले गर्दा काठमाडौं सहरमा ठगी गर्ने प्रवृत्ति बढ्दै गएको कुरा पनि उपन्यासमा परिवेशको रूपमा आएको छ ।

साँझ परेपछि भट्टी पसलमा जमघट भई  र सुरा र सुन्दरीमा रमाउने सहरिया तन्नेरी वर्गहरूको प्रवृत्तिलाई पनि यस उपन्यासले परिवेश बनाएको छ । "त्यहाँ एउटी यस्ती तरूनी केटी बस्थी, जसलाई छुनासाथ जीउमा कामज्वरो चढोस । त्यति राँक्किएकी थिई  (पृ. ७१) । "

यस अंशले यौन विकृतिमय परिवेशको सङ्केत गरेको छ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा स्थानिक परिवेशलाई दृश्यात्मक पद्धतिबाट भन्दा संकेतात्मक पद्धतिबाट देखाइएको छ साथै कतै कतै मात्र उपन्यासमा दृश्यात्मक पद्धतिबाट स्थानिक परिवेशलाई देखाइएको छ । यस अंशले दृश्यात्मक पद्धतिको झलकलाई देखाएको छ । "भक्तपुरको कुनै गल्लीमा त्यो घर थियो । पुराना र थोत्रो । टाउको ठोकीने ढोका र भित्र पस्नासाथ अँध्यारो र ओसिएको गन्ध नाकबाट फोक्सोमा जानुअघि सारा शरीरमा लटपटिन्थ्यो (पृ. ५६) । "

भक्तपुरको अँध्यारो र चिसो गल्लीमा किसान परिवारको घर रहेको र 'म' पात्र नक्कली हाकिम बनेर गरिब किसान कहाँ ठग्न पुगेको छ । सहरी परिवेशमा बढ्दै गएको ठगी प्रवृत्तिले मान्छेमा मानवता हराएको र निम्न आर्थिक स्तर भएका व्यक्ति पनि माथिल्लो वर्गबाट शोषित र पीडित बनेको कुरालाई यस उपन्यास मार्फत प्रस्तुत गरिएको छ ।

त्यस्तै प्रसाद राजाको दरबार पनि यस उपन्यासमा स्थानिक परिवेश बनेर आएको छ । 'म' पात्र लक्ष्मीलाई थुक चाट्न लगाएको घटना, प्रसाद राजा र लक्ष्मीले पैसा बाँडेको प्रसङ्ग र देशप्रेमी रविलाई प्रतिगामीको आरोप लगाएर मार्ने षडयन्त्र प्रसाद राजाको दरबारमा भएको छ । त्यसै गरी 'म' पात्र लक्ष्मीको स्मृतिमा रहेको उसको मामाघर पनि यस उपन्यासको स्थानिक परिवेश बनेर आएको छ । बाल्यकालमा 'म' पात्र लगायत उसकी बहिनी र आमा माइतीमा बस्न थालेको पाइन्छ । 'म' पात्रकी आमा ड्राइभरसँग पोइल गएपछि 'म' पात्रले भोग्नुपरेका दुःख पीडाको सन्दर्भ र 'म' पात्र कामुक, छलकपटी र अवसरवादी बन्ने कारणका रूपमा 'म' पात्रको मामाघरको प्रसङ्ग आएको छ ।

जनआन्दोलनको समयमा रविले 'म' पात्र लक्ष्मी र रोजिना रानीलाई लुक्ने ठाउँको व्यवस्था अमिताको घरमा मिलाईदिएको छ । साथै 'म' पात्र लक्ष्मी र रोजिना रानीले सुख सुविधाका साथ आफ्नो ज्यान जोगाएका छन् । रोजिना रानीको सुसारे प्रतिभालाई लिएर 'म' पात्र लक्ष्मी घुम्न गएको एकान्त स्थल र उनीहरू दुईजना गफ गर्न चउरमा बसेको स्थान पनि यस उपन्यासको स्थानिक परिवेश बनेर आएको छ । रवि र लक्ष्मीको छिमेकी परिवारको घर, उपन्यासको अन्तिमतिर अन्त्य नं. एक, दुई, तीनमा रविले पानी खान लागेको धारो भएको स्थान र छुरा प्रहार भइसकेपछि अस्पतालको विछ्यौना आदि स्थानहरू उपन्यासको स्थानिक परिवेशको रूपमा रहेको छ ।

यसरी यस उपन्यासको स्थानिक परिवेश काठमाडौं सहर बाहिरका एक दुई वटा घटना बाहेक अरू घटना काठमाडौं सहरको सेरोफेरोमा घटित भएको कुरा उपन्यासको अध्ययन पश्चात् स्पष्ट हुन आएको छ । काठमाडौंको सहरी परिवेशमा मौलाउदै गएको ठगी, चोरी, यौनदुराचार र भ्रष्टाचार जस्तो विकृतिमय घटनाहरूले समाजमा नकारात्मक प्रभाव पारेको कुरा स्थानिक परिवेश मार्फत प्रष्ट भएको छ ।

### ४.१.२ समय : काल

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको समय सीमा किटान गर्न सक्ने अवस्था नभए पनि पञ्चायतकालीन सामाजिक व्यवस्था देखि लिएर पञ्चायतोत्तर प्रजातन्त्रको विसङ्गत पक्षको चित्रण गरिएकाले वि.सं. २०३६ साल पछिको एक दशकको अवधि यस उपन्यासभित्र समेटिएको छ । यस उपन्यासमा पञ्चायतकालीन शासनव्यवस्था र त्यसको अन्त्य तथा प्रजातन्त्रको पुनर्वहाली र त्यसपछिको समयलाई चित्रण गरिएको छ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास वि.सं. २०३६।०३७ देखि २०४८ सम्मको समयावधिको पृष्ठभूमिलाई आधार बनाएर तत्कालीन राजनीति र त्यसबाट प्रभावित पक्षहरूलाई विश्लेषण गरेर लेखिएको (अधिकारी, २०६७ : ३३-३४) उपन्यास हो । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा सामन्त वर्गहरू र तिनका भरौटेहरूले गरिब, निमुखा वर्गप्रति आर्थिक शोषण र यौन शोषण गरेको घटना यस उपन्यासमा आएको छ । पञ्चायतकालीन र पञ्चायतोत्तर प्रजातन्त्रकालीन समयमा रहेका सङ्गतहीन विकृत एवं विद्रुप परिस्थितिप्रति तीव्र व्यामोह देखाई आलोचना ( गौतम, २०५७ : १९) गरिएको छ । यस उपन्यासमा पञ्चायतकालको अन्त्य भएर प्रजातन्त्र भित्रिए पनि शासन व्यवस्थामा कुनै परिवर्तन नआएको कुरा निर्दोष रविको पीठ्युमा रोपिएको छुराबाट स्पष्ट हुन्छ । शासन सत्ता हातमा लिनेहरूले राष्ट्रको धन वैयक्तिक ढङ्गले खर्च गरेको पाइन्छ । सोझा गरिब र निमुखा वर्गहरूले भने दुई छाक खानको लागि अधिक मेहनत गरे पनि गरिबी र अभावले नछोडेको देखिन्छ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको समय पञ्चायतकालको अन्त्यतिरबाट सुरू भएर प्रजातन्त्रको स्थापना भए सम्मको समयवृत्त रहेको छ । पञ्चायतकालीन समयमा ठूलाबडाले आफ्ना भरौटेहरूलाई गर्न लगाएको चाकडी र चाप्लुसीको पराकाष्टालाई यस अंशले प्रष्ट पार्दछ । “ए ! उसले भन्यो - त्यसो भए एकपटक थुकेर चाट त ? मैले बुझिन । त्यसैले मैले सोधे - “के मर्जी भा”को हजुर ?” “थुक र आफ्नो थुक चाट अनि स्कच पाउँछौ भनेको पण्डित ?” ... तर धन्यवाद दिनुपर्छ ईश्वरलाई एक्कासी मेरो मनमा एउटा कुरा आयो । ... मैले स्कचको सिसी हातमा लिएँ ...गिलासमा एक पेग जति रक्सी हालेँ । तर निलिनँ । त्यसपछि नौलो क्रिया गरे जस्तै

गरी सारा रक्सीलाई मुखबाट बगाए गिलासमा झारेँ । त्यसपछि मुखबाट झारेको त्यो रक्सी स्वाट्ट पारेर निलिदिएँ" (पृ. ७५-७८) त्यस्तै 'म' पात्र लक्ष्मीले प्रसाद राजाको जुत्ता बोकेर नजिक भएको र राजालाई धन आर्जन गर्ने माध्यम बनाएको छ । प्रजातन्त्रदेखि समाजवादसम्म र साम्राज्यवाददेखि सैनिक तानाशाहीसम्मका सबै शासकलाई लक्ष्मी जस्तो चम्चा चाहिँदो रहेछ (सुवेदी, २०५०:६६) । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको समय मञ्चीय रूपमा पञ्चायतकाल भए पनि सूच्य कालिक परिवेशको रूपमा विभिन्न समयको पनि चित्रण गरिएको छ । उपन्यासको प्रारम्भमा 'म' पात्र लक्ष्मीले रविको आनीबानीको वर्णन गर्दा रविले गर्मी मौसममा कहिलेकाही नुहाइहाले पनि जाडो मौसममा हत्तपत्त ननुहाएको र यदि नुहाइहाले पनि कुनै अप्ठ्यारो कार्यमा मात्र नुहाएको कुराको चर्चा गरेको छ । त्यसै गरी 'म' पात्र लक्ष्मीले आफ्नो रक्सी खाने लतलाई हरेक नयाँ वर्षबाट छोड्ने प्रतिज्ञा गरे पनि छोड्न नसकेको कुराको चर्चा गरेको छ । "कति पटक मैले रक्सी छोड्छु पनि भनेको थिएँ । वैशाख १ गतेदेखि सधैँ छोड्ने प्रतिज्ञा गर्दथे रक्सी न के छुट्थ्यो बरू त्यसले गर्दा चैत महिनाभरि बेसरी धोकिन्थ्यो (पृ. ४४)।" साँझ परेपछि भट्टी पसलमा जाने र सुरा र सुन्दरीमा रमाउने सामान्य व्यक्ति र देशका ठूला नेताहरूमा नैतिक ह्रास आएका कुरा यस उपन्यासमा आएको छ । सहायक मन्त्रीलाई 'म' पात्रले रातको समयमा कन्या उपलब्ध गराएको कुरालाई यस आत्मस्वीकारोक्तिले स्पष्ट पार्दछ ।

"एक पटक मैले पनि सहायक मन्त्रीलाई कन्याको उत्कट अभिलाषा उत्पन्न हुँदा यसैका सहयोगले उपलब्ध गराउन सकेको थिएँ । यो बेग्लै कुरा हो कि सहायक मन्त्रीकहाँ लानुअघि आफैंले ठोकीबजाइ गरेँ, मन्त्रीकहाँ लाने लाईक छ कि छैन भनेर (पृ. ७२) ।" रातको समयमा 'म' पात्र लक्ष्मीलाई समलैङ्गिक व्यभिचार आदि गर्न लगाउने भान्दाई भन्ने व्यक्ति विहान भएपछि घण्टौं लगाएर पूजा पाठ गर्ने र मस्तकमा त्रिपुण्ड धारणा गरेर धार्मिक व्यक्ति जस्तो देखिन्थ्यो । यसरी **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा पञ्चायतकालीन समयमा देखिएका विभिन्न विकृति, विसङ्गति, हत्या, बलात्कार, ठगी र ठूलाबडा व्यक्तिले राष्ट्रको धन फजुल खर्च गरेको कुरा उपन्यासको कालिक परिवेश मार्फत देखाइएको छ ।

### ४.१.३ सांस्कृतिक पक्ष

संस्कार भित्र व्यक्तिका सकारात्मक र नकारात्मक आनीबानी लगायत सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि पक्षहरू पर्दछन् । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा विन्यास गरिएका पात्रहरू विभिन्न वर्गका रहेका छन् र उनीहरूको जीवनशैली, आचारव्यवस्था र संस्कारगत क्रियाकलापहरूलाई यस उपन्यासमा देखाइएको छ । नेपाली समाजमा देखिने विभिन्न समाज व्यवस्था अनुसार विभिन्न संस्कार समेटिएको पाइन्छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा अर्काको कविता चोरेर पुरस्कृत हुने आफ्नो मौलिक सिर्जना गरेर कविता वाचन गर्दा कहिल्यै पुरस्कृत नहुने संस्कारलाई पनि देखाइएको छ । 'म' पात्र लक्ष्मीमा अर्काको खुट्टा तान्ने संस्कार प्रबल रूपमा रहेको देख्न सकिन्छ । रविले साहित्य सिर्जना गरेको देखेर लक्ष्मीले व्यङ्ग्य गर्ने भावमा "तँ त, देवकोटालाई पनि जित्न आँटिस कि क्या हो ?" (पृ. ४७) भनेको छ । रवि र लक्ष्मीको जुठो भान्छालाई देखेपछि रुक्मिणीले अलच्छिन लाग्ने कुरा व्यक्त गरेकोबाट सामाजिक संस्कार झल्केको पाइन्छ । "कस्तो पारेको भान्छा पकाउन थालेपछि भान्छा यस्तो रहन दिनु हुन्छ ? अलच्छिन लाग्छ अलच्छिन (पृ. ३२) ।" हिन्दु धर्म संस्कार अनुसार पाहुना भनेको देवताका अर्को रूप हो भन्ने कुरालाई यस उपन्यासमा देखाइएको छ । आफूले आधा पेट खाएर भए पनि घरमा आएका पाहुनालाई खानेकुराको विभिन्न परिकार बनाएर खुवाएको प्रसङ्गबाट पाहुनाको स्वागत सत्कार गर्ने संस्कारलाई देखाइएको छ । गरिब निमुखा वर्गलाई ठगेर आफ्नो पेट भर्ने संस्कारलाई 'म' पात्र लक्ष्मी र उसको साथीले प्रतिनिधित्व गरेको छ । लक्ष्मी र उसको साथीले बैङ्कबाट ऋण उपलब्ध गराइदिने आश देखाएर गरिब किसानसँग उल्टै पैसा ठगेको मानवता बिहीन संस्कार पनि यस उपन्यासमा रहेको छ । सिलवालको बाबुको मृत्यु पश्चात् किरिया बस्ने प्रसङ्गले हिन्दु धर्म अनुसार मान्छेको मृत्यु पश्चात् किरिया बस्ने संस्कारको चर्चा भएको छ । त्यसै गरी राजनैतिक व्यक्तित्व भएकाहरूले यौन तृप्तिका

लागि सुरा र सुन्दरीको माग राखी विलासितामा रमाउने संस्कारको चर्चा पनि यस उपन्यासको 'म' पात्र लक्ष्मीद्वारा व्यक्त गरिएको छ ।

'म' पात्र लक्ष्मीले आफ्नै भात भान्छा गर्ने रुक्मिणीको बलात्कार गरेपछि, बलात्कृत रुक्मिणी रुँदै "अब मेरी छोरीको बिहे हुँदैन" भन्ने कुरा व्यक्त गरेबाट उनको मनमा सामाजिक संस्कारको भय रहेको कुरा स्पष्ट हुन्छ । 'म' पात्र लक्ष्मीको बाल्यकाल आमाको माइतीघरमा संयुक्त परिवारमा बितेको पाइन्छ । बाल्यकालमा 'म' पात्र लक्ष्मीलाई भान्दाई नामक व्यक्तिले समलैङ्गिक क्रियाकलाप गरेको र परिवारका अन्य सदस्यद्वारा तिरस्कार र घृणा गरेको देखिन्छ । साथै बाल्यकालमा पाएको विकृतिमय संस्कारले गर्दा नै लक्ष्मी कामुक र यौन कुण्ठित भएको कुरा उपन्यासको अध्ययनबाट स्पष्ट भएको छ । साँझ परेपछि कुनै भट्टी पसलमा सुरा र सुन्दरीमा रमाउने संस्कारको कुरा पनि यस उपन्यासमा आएको छ । जी.एम. र मन्त्रीहरूका वरिपरि घुम्ने झिंगा बनेर तिनकै शक्ति केन्द्रका आडमा रहेर पत्रकारिता गर्ने संस्कार (गौतम, २०५७:२१) लक्ष्मी र शिवराम नामक पात्रमा रहेको छ । त्यसैगरी ठूलो ओहदामा पुगेका व्यक्तिहरूले राज्यको धन दुरूपयोग गरी मनोमानी ढङ्गले व्यक्तिगत रूपमा खर्च गर्ने संस्कारिक परिवेश पनि यस उपन्यासमा आएको छ । गरिब र कङ्गाल व्यक्ति पनि चाकडी र चाप्लुसी गरेकै भरमा रातारात धनी हुने संस्कार पनि यस उपन्यासमा देख्न सकिन्छ ।

मान्छे मरेपछि मलामी जाँदा चोखो र शुद्ध हुनुपर्ने ठाउँमा शब खरानी हुन नपाउदै भट्टी पसलमा गएर रक्सी र छोएला खाने व्यक्तिको संस्कारलाई पत्रकार विष्णु भन्ने पात्रले प्रतिनिधित्व गरेको कुरा उपन्यासको अध्ययन पश्चात् स्पष्ट हुन्छ । हिन्दुहरूको महान् चाड बडादशैंमा आफूभन्दा ठूलाको हातको टीका लगाउने संस्कारको चर्चा 'म' पात्र लक्ष्मीद्वारा व्यक्त भएको छ । आर्थिक अभावको कारण महिलाहरूले वेश्यावृत्ति गर्ने संस्कारको चर्चा यस उपन्यासका रुक्मिणी, सविता, प्रतिभा, शिला र गिता नामक नारी पात्र मार्फत देखापरेको छ ।

होटलमा उधारोमा खाना खाने र पैसा तिर्नुको सट्टा होटल नै फेर्ने आधुनिक सहरका ठगी प्रवृत्ति बोकेको संस्कार विशेष गरी 'म' पात्र लक्ष्मीमा रहेको छ र रविले पनि 'म' पात्रको ठग्ने संस्कारलाई साथ दिएको घटना परिवेश यस उपन्यासमा आएको छ । प्रजातन्त्रका हिमायती रविका विरुद्धमा नचाहिँदो लेख छपाएर अपमानित बनाउने काम रूग्ण मानसिक संस्कार भएका प्रजातन्त्रका प्रतिगामीहरूले गरेका छन् ।

देशमा राजनैतिक परिवर्तन हुने आशंका बोकेका प्रसादराजा जस्ता चैतेहरू पार्टीमा छिरेर चुनाव जितेका छन् भने पद्मनाभले चुनाव हारेको छ । उपन्यासको सिङ्गो आयतन भरि मर्यादाको संरक्षणमा टिकेको रवि उपन्यासको अन्तमा पुग्दा रहस्यमय तरिकाले गरिने हत्याको शिकार बन्दछ । यो मानवता, स्वाभिमान र मर्यादाको हत्या हो । मानवीय संवेदना, निष्ठा र सत्यताको पनि हत्या हो यथास्थितिको यस नाङ्गो उद्घाटनले उपन्यासकार चैते संस्कार र परम्परा देखि क्रुद्ध छन् भन्ने कुरा स्पष्ट हुन्छ (सुवेदी, २०५०:६८) । वास्तवमा राजनैतिक व्यवस्था परिवर्तन भए पनि, संविधान परिवर्तन भए पनि र समयानुसार केही भौतिक परिवर्तन देखिए पनि शासन सत्तामा बस्नेहरू र तिनका अघिपछि गर्दै स्तुति गाउनेहरूको संस्कार, मानसिकता र चेतनामा कुनै परिवर्तन नआएको अभिव्यञ्जना यस उपन्यासमा प्रस्तुत गरिएको छ (गौतम, २०५७:२७७) । प्रजातन्त्र आइसकेपछि यसले झन उग्र रूप धारण गरी आफ्नो परिवर्तित संस्कार देखाउन थालेको तथ्य, चैते बनेर अवसरवादी र चाटुकारहरू पार्टीमा छिरेर देशलाई लुटेको प्रसङ्गले प्रमाणित गर्छ (बराल र एटम, २०६६:२७७) ।

यसरी यस उपन्यासका पात्रहरूले राम्रा र नराम्रा विभिन्न संस्कारहरू बोकेका छन् र विशेष गरी राजनीतिमा हुने गरेका कुत्सित र फोहर संस्कारप्रति उपन्यासकारले पनि रोष प्रकट गरेका छन् । वेश्यावृत्ति गर्ने संस्कार सहरी परिवेशमा बढ्दै गएको छ । गरिबीको कारण मान्छेमा अभाव उत्पन्न भएको छ र अभावको परिपूर्तिका लागि ठगी, चोरी जस्ता नकारात्मक परिवेश समाजमा बढ्दै गएको छ भन्ने कुरालाई यस उपन्यासमा देखाइएको छ ।

## ४.१.४ सामाजिक पक्ष

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा नेपाली जनजीवनको सामाजिक परिवेशको यथार्थ चित्रण गरिएको पाइन्छ । यस उपन्यासमा निम्न, मध्यम र उच्च वर्गका पात्रहरूको माध्यमद्वारा समाजमा व्याप्त रहेको विकृति र विसङ्गतिको चित्रण गर्ने कार्य गरिएको छ । साथै सहरी र ग्रामीण क्षेत्रको सामाजिक जनजीवनलाई देखाउने काम यस उपन्यासमा गरिएको छ ।

हाम्रो समाजमा नातावाद र कृपावादले जरा गाडेको छ । नातावाद र कृपावादको भरमा असक्षम मानिस पनि जागिर खान पुगको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । 'म' पात्रलाई जिल्लाका एउटा मानिसले सामान्य चिनजानको नाताले पत्रिकामा जागिर लगाइदिएको घटना प्रसङ्गबाट यो कुरा स्पष्ट भएको छ । यस उपन्यासमा 'म' पात्रले गरेका विभिन्न यौनिक क्रियाकलापहरूबाट समाजमा व्याप्त रहेको यौन विकृतिलाई उजागर गर्ने कार्य गरिएको छ । साँझ परेपछि भट्टी पसलमा गएर रक्सी खाने र युवतीहरूसँग जिस्किने सामाजिक कुसंस्कार 'म' पात्रलगायत अन्य पात्रमा पनि रहेको पाइन्छ । समाजमा विद्यमान विभिन्न वर्गहरूमध्ये धनी वर्ग झन धनी बन्दै गएका छन् भने गरिब वर्गहरू झन् गरिब बन्दै गएको कुरा यस उपन्यासका पात्रहरूको जनजीवनबाट स्पष्ट भएको छ । धनी वर्गले गरिब वर्गलाई शोषण, अन्याय, अत्याचार गर्न नछोडेको सामाजिक कुरीतिपूर्ण परिवेशलाई पनि यस उपन्यासले प्रस्तुत गरेको छ ।

यस उपन्यासको घटना विशेष गरी काठमाडौंको सहरी समाजमा घटेको भए पनि ग्रामीण समाजको झल्को पनि यस उपन्यासमा देख्न सकिन्छ । 'म' पात्रले बाल्यकाल बिताएको आमाको माइतीघरको घटना सन्दर्भलाई हेर्दा आइमाईहरू बसेर पात गाँस्दै अर्काको कुरा काटेको प्रसङ्गले ग्रामीण समाज रहेको कुरा स्पष्ट हुन्छ । त्यसै गरी 'म' पात्र लक्ष्मी र प्रतिभा एकाविहानै घुम्न गएको ठाउँमा किसानहरू खेतमा काम गरिरहेको र किसानका कट्टु नलगाएका केटाकेटीहरूले आगो तापेको प्रसङ्गले पनि किसान परिवार गरिब भएको कुरा स्पष्ट हुन्छ । साथै जाडो मौसममा पनि थरथर

काम्दै काम गर्नुपर्ने बाध्यता रहेको देखिन्छ । लुगाको अभावमा नाङ्गै आगो तापेको प्रसङ्गले किसान परिवार गरिब र अशिक्षित समाजका हुन् भन्ने कुरा प्रष्ट हुन्छ ।

पद्मनाम जस्तो नेता, प्रसादराजा जस्तो प्रतिगामीको चुनाव जिताइ तथा लक्ष्मी जस्तो कुलङ्गारको सम्मान र रविजस्तो प्रजातान्त्रिक योद्धाले खाएको छुरीबाट देश र समाजको स्थिति र संस्कृति विसङ्गतिको खाडलमा खसिसकेको कुरा (बराल र एटम, २०६६:२८७) यस उपन्यासको अध्ययनबाट प्रष्ट भएको छ । जनआन्दोलन चर्कदैं गएपछि प्रसाद राजाकी श्रीमती रोजिना र अमिताले लक्ष्मीको गर्भधारण गर्नु, बहुदल आएपछि लक्ष्मीले चैते काङ्ग्रेस बनेर राजालाई चुनाव जिताई मन्त्री बन्ने अवस्थामा पुऱ्याउनु र रविको पिठ्युँमा अज्ञात व्यक्तिले छुरा प्रहार गरी घायल बनाउनु आदि घटनाहरूले समाजले सही गति लिन नसक्दा कुसंस्कार बढ्दै गएको देखिनुले सामाजिक परिवेश अद्योगतितर्फ धकेलिएको सङ्केत गर्दछ (निरौला, २०६१:६३) । रवि को अन्तर्मुखी स्वभाव र बौद्धिकताको ईर्ष्या गर्ने लक्ष्मी सधैं अर्काको कविता चोरेर कविता प्रतियोगितामा पुरस्कृत भएको छ भने आफ्नो मौलिक र स्तरीय साहित्य सिर्जना गर्ने रवि कहिल्यै पुरस्कृत नभएका घटनाले चोरी, छलकपट र भुठोपनले समाजमा प्रश्रय पाएको कुरालाई यस उपन्यासले प्रस्तुत गरेको छ ।

यसरी यस उपन्यासमा समाजमा विद्यमान विकृति विसंङ्गतिप्रति तीखो व्यङ्ग्य प्रहार गरी समतामूलक, सभ्य र सुसंस्कृत समाज निर्माणको अपेक्षा गरिएको छ ।

### ४.१.५ राजनीतिक पक्ष

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा पञ्चायतकालीन शासनव्यवस्था र प्रजातन्त्र आइसकेपछिका राजनैतिक विकृति र विसङ्गतिलाई उजागर गर्ने कार्य गरिएको छ । विशेष गरी यस उपन्यासको केन्द्रीय कथ्य पनि राजनीतिको सन्दर्भकै वृत्तभित्र घुमेको देखिन्छ । नेपालमा निर्दलीय पञ्चायती शासन व्यवस्था रहेको र नातावाद, कृपावाद एवम् मनपरीतन्त्रले जरा गाडेकोले पहुँचवाला व्यक्तिहरूको मात्र प्रभुत्व रहेको पाइन्छ । त्यसै गरी पद्मनाभले चुनाव हारे पनि ऊ राष्ट्रको शक्ति सम्पन्न व्यक्तिको रूपमा रहेको कुरा यस उपन्यासमा आएको छ । चाकडी र

चाप्लुसीका भरमा कोही राता रात धनी भएका छन् भने कोही रातदिन पसिना बगाउँदा पनि गरिब नै रहेको कुरा यस उपन्यासमा आएको छ । साथै गरिबलाई धनी वर्गले शोषण र दमन गर्न नछोडेको देशको असमान परिस्थितिबाट दिक्क भएर रवि आन्दोलनमा लागेको कुरा यस उपन्यासमा आएको छ । यस उपन्यासमा प्रजातन्त्रको पुनर्स्थापनापूर्वको पञ्चायतकालीन समयको राजनीति र प्रजातन्त्रको स्थापनापछिको राजनीति गरी दुई वटा राजनीतिका सन्दर्भहरू जोडिएका छन् । पञ्चायतकालीन शासनव्यवस्थाका शासकहरूको व्यक्तिवादी सोच, भ्रष्ट आचरण र विलासी प्रवृत्तिका कारण देशमा भ्रष्टाचार, चाकडी, चाप्लुसी जस्ता भ्रष्ट क्रियाकलापहरू बढ्दै गएको छ । साथै नेता तथा मन्त्रीहरूले सरकारी धनको दुरूपयोग गरी देशलाई झनझन कङ्गाल बनाउँदै लगेको यथार्थ तथ्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ । त्यसैगरी प्रजातन्त्रको आगमन पश्चात् पनि त्यस्ता राजनीतिक विकृतिहरू घट्नुको सट्टा झन बढ्दै गएको कुरालाई प्रसाद राजाको पार्टी प्रवेशले पुष्टि गरेको छ (अधिकारी, २०६७:३६) । प्रसाद राजा र लक्ष्मी जस्ता केही षड्यन्त्रकारीहरूले आन्दोलन दबाउन हर प्रयास गरेको पाइन्छ । रवि पार्टीमा लागेको छ भन्ने थाहा पाएर प्रसादराजा जस्तो सुकै हिँसा गर्न पनि तत्पर भएको कुरा यस अंशले पुष्टि गर्दछ । “कुराले मात्र पुगेन भने, जसरी भए पनि ठिक पार्नू । यसै गरी एक-एकलाई ठिक पार्नुपर्छ । लौ पण्डित ऊ तेल्लाई पैसा देऊ ।” (पृ. १४४) प्रजातन्त्र प्रेमी रविलाई मार्न प्रसाद राजाले गुन्डालाई पैसा बाँड्न लगाएको छ र सो काम लक्ष्मीले गरेको छ । प्रजातन्त्रको प्रतिगामीहरू आन्दोलनले चर्को रूप लिएपछि लुकेर बस्ने र बहुदल आएपछि रूप बदलेर नेता भई काङ्ग्रेसमा छिरेका छन् । साथै पैसा र शक्तिको आडमा चुनाव जिती मन्त्री बनेको घटना प्रसङ्ग नै उपन्यासको राजनैतिक परिवेश बनेर आएको छ । यसमा २०४६ सालभन्दा केही अघिको समय पञ्चायतकालको चरम विसङ्गतिको अवस्थाको रूपमा रहेको छ । प्रजातन्त्रको प्राप्ति पछि पनि प्रजातन्त्रलाई दबाउने तिनै अवसरवादी र चाकडीबाजहरू चैते बनेर पार्टीमा प्रवेश गरेर देशलाई लुटेका छन् । राजनीतिमा रविजस्ता देशभक्त, इमान्दार, चरित्रवान्, मानवताको पुजारीलाई छुरी रोपिनु र लक्ष्मी जस्ता पतित र घृणित चाटुकारहरूले सत्ता र सम्पत्ति प्राप्त गरी पुनः देशमा

हालीमुहाली गर्नु आदि विसङ्गतिबाट राजनैतिक मर्यादा, मूल्य र मान्यता समाप्त भएको कुराको नमुना प्रस्तुत गरेको छ (भट्टराई, २०६०:८५) ।

उपन्यासलाई प्रतिकात्मक रूपबाट पनि बुभ्न सकिने देखिनु राजनीतिक घटनाक्रमको प्रभाव हो । रवि नामको आदर्श पात्रलाई वि.सं. २०१७ सालदेखि संसदीय शासन व्यवस्था खोसिए पछि दबिएको मनस्थिति र उसका मुक्तिका प्रयासहरूको प्रतीक ठानिएको छ भने 'म' पात्र लक्ष्मी जो अवसरवादी चरित्रका रूपमा देखिएको छ । उसलाई वि.सं. २०१७ देखि सुरू भएको पञ्चायती शासन र त्यस मार्फत गरे गराइएका सबै कामहरूको प्रतीक ठानीएको छ (दाहाल, २०५८:११८) । यस **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा रविको पिठ्युँमा धसिएको छुराले रविको मात्र हत्या बोध नगराई प्रजातन्त्रकै हत्या भएको र रवि प्रजातन्त्रको प्रतीकका रूपमा आएको छ । आफ्नो जीवनभरी प्रजातन्त्रको लागि क्रान्ति चाहने र देशको लागि मरिमेट्ने सच्चा र इमान्दार मानिसहरूको जीवन आर्थिक अभावमा पिल्सिएको र अवसरवादी, भ्रष्ट, पतीत, चाकडी र चाप्लुसीबाजहरूको जीवन ऐस आराम र मोजमस्तीमा बितेको स्थिति यस उपन्यासको राजनैतिक विसङ्गतिको रूपमा रहेको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा रवि मात्र सच्चा देशभक्त र प्रजातन्त्रप्रेमीको रूपमा रहेको छ भन्ने कुरालाई उपन्यासको अन्त्य नं. दुईमा रविको जीवनको अन्तिम घडीमा अर्द्धचेतनबाट निस्केका शब्दहरूले स्पष्ट पार्दछ : "प्रजातन्त्र आउँदैछ, स्वतन्त्रता आउँदैछ । म ल्याउँछु । अनि हेर्नु म के गर्छु ? (पृ.१७२) "

यसरी यस **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा पञ्चायती शासन व्यवस्थामा मात्र नभई प्रजातन्त्रको पुनर्स्थापना पछि पनि अवसरवादीहरूले देशको ढुकुटी रित्याएको प्रसङ्गले राजनीति विसङ्गति बढ्दै गएको पुष्टि हुन आउँछ । रविजस्तो सच्चा इमान्दार प्रजातन्त्रप्रेमी देशभक्तलाई प्रतिगामीको आरोप लगाइएको छ र उसको पिठ्युँमा अज्ञात व्यक्तिद्वारा छुरा धसिएको छ । लक्ष्मीजस्तो दानवी प्रवृत्ति भएको व्यक्तिले सत्ता र सम्पत्ति प्राप्त गरेर मोजमस्तीमा रमाउनु भनेको राजनीतिक मर्यादाको ह्रास हुनु हो । साथै मान्छेमा आदर्श, मानवता, इमान्दारिता, कर्तव्यनिष्ठता

आदि अन्त्य भई दानवी प्रवृत्ति बढेको कुरा उपन्यासमा आएको छ । शक्ति र सम्पत्ति प्राप्त गर्ने अवसरवादी प्रवृत्तिले प्रजातन्त्रको बदनाम गरी प्रजातान्त्रिक शासन व्यवस्थाप्रति वितृष्णाको भाव उत्पन्न गराउने काम उपन्यासमा भएको छ । साथै प्रजातन्त्रको आगमन पश्चात् पनि देशमा भएका नकारात्मक प्रवृत्ति नघटेको कुरा यस उपन्यासको अध्ययनबाट स्पष्ट हुन्छ ।

### ४.१.६ आर्थिक पक्ष

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा निम्न आर्थिक अवस्था र उच्च आर्थिक अवस्था भएका पात्रहरू रहेका छन् । यस उपन्यासमा प्रसादराजा, पद्मनाभ, शिवराम, लक्ष्मी आदि पात्रहरूले उच्च वर्गको प्रतिनिधित्व गरेका छन् भने भक्तपुरे किसान, रुक्मिणी, रवि आदि पात्रहरूले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । समाजमा विकृति र विसङ्गति फैलाउने मूल जडका रूपमा आर्थिक सन्दर्भ देखापरेको छ । धनीहरू झन धनी बन्दै गएका र सोझा निमुखाहरू झन्झन् गरिब हुँदै आर्थिक अभावमा पिल्सिनु परेको यथार्थलाई यस उपन्यासले प्रस्तुत गरेको छ ।

यस उपन्यासमा राष्ट्रको धन दुरूपयोग गरी मनोमानी ढङ्गले खर्च गर्ने प्रसाद राजा जस्तो शोषकीलाई देशको गरिब जनताप्रति कुनै वास्ता नरहेको देखिन्छ । साथै प्रसाद राजको चाकडी र चाप्लुसी गरेर लक्ष्मीले धन आर्जन गरेको छ । लक्ष्मी जस्तो कङ्गाल व्यक्ति पनि अवसरवादिताले गर्दा काठमाडौंमा दुई-दुईवटा महल दुई चार वटा उद्योग र पत्रिकाको मालिक बनेको कुरा उपन्यासको अध्ययन पश्चात् स्पष्ट भएको छ । पद्मनाभले चुनाव हारे पनि देशको पावरफूल मान्छे भइरहेको र ठूला उद्योगहरूको लाईसेन्स मिलाईदिने महादलाल बनेको कुरा ‘म’ पात्रले व्यक्त गरेको छ । **दिप्तिमान** पत्रिकाको सम्पादक शिवराम गरिबीको ढाडस देखाएर कर्मचारीलाई तलब दिने बेला मन्त्री र जी.एम.को आश्वासन देखाउने गर्दछ । साथै सम्पादकले आफू र आफ्ना परिवारलाई भने ऐस आरामका साथ पालेको कुरा उपन्यासमा देखिएको छ । पत्रकार कर्मचारीहरूलाई सम्पादकले समयमा तलब नदिए पछि आर्थिक दुरावस्थाले सताएको घटनालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यसरी धनीवर्ग र ठूला

पदका व्यक्तिले गरिब र साना पदका व्यक्तिमाथि गर्ने अन्याय अत्याचारलाई **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा प्रस्तुत गरिएको छ ।

रुक्मिणी आर्थिक अभावकै कारण अर्काको घरमा भात भान्छा गर्न गएकी छ । साथै रुक्मिणीको गरिबीको फाइदा उठाएर 'म' पात्रले रुक्मिणीको बलात्कार गरेको छ र सवितालाई पनि आर्थिक प्रलोभन देखाएर बेश्या बन्न बाध्य तुल्याएको घटना यस उपन्यासमा आएको छ । 'म' पात्रले भक्तपुरे गरिब किसानलाई बैङ्कबाट ऋण उपलब्ध गराइदिने प्रलोभनमा उल्टै आर्थिक शोषण गरेको घटनाबाट धनी वर्गले गरिब वर्गमाथि आर्थिक शोषण गर्न नछोडेको कुरा उपन्यासमा स्पष्ट रूपमा आएको छ । धन हुनेहरू धनमाथि चयन गरेर बसेका छन् भने गरिब निमुखा वर्गहरूलाई बिहान बेलुकाको छाक टार्न पनि निकै गाह्रो परेको स्थिति यस उपन्यासमा आएको छ । त्यस्तै 'म' पात्र र रवि पनि कम आम्दानीबाट आफ्नो दैनिक गुजारा चलाउन विवश भएका छन् । अभावकै कारण 'म' पात्र विभिन्न बहाना लिएर छिमेकीको घरमा खान गएको र रबिले भोको पेट लिएर किताब पल्टाएको घटना प्रसङ्ग पनि यस उपन्यासमा आएको छ । आर्थिक अभावकै कारण 'म' पात्र र रविले होटलमा उधारोमा खाना खाएको र पैसा तिर्न नसकेर लुकीछिपी हिँडेको घटना पनि यस उपन्यासमा आएका छन् । त्यस्तै रोजिना रानीले समाज सेवा गर्न भनेर गएका ठाउँका बासिन्दाहरू पनि गरिबीको मारमा परेको र खाद्यान्नको अभावको कारण भोक र रोगले पिल्सिएको कुरा उपन्यासको अध्ययनबाट स्पष्ट भएको छ ।

यसरी यस उपन्यासमा आर्थिक दुरावस्थाले निम्न वर्गका मान्छेहरूमा उत्पन्न हुने कठिनाइहरूलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । पैसा सापट माग्न आएकी गीता नाम गरेकी पात्रलाई 'म' पात्रले यौन शोषण गरेको छ । साथै गीतालाई सय रूपैयाको नोट दिएर आँशु पुछ्ने प्रयत्न गरेको घटना पनि उपन्यासमा आएको छ । आर्थिक अभावको कारण महिलाहरू यौनिक कार्यमा संलग्न भएको कुरा प्रतिभा, गीता, सविता, रुक्मिणी आदिलाई 'म' पात्रले पैसा दिएर यौन कार्यमा संलग्न गराएको कुरा उपन्यासको घटना परिवेशबाट स्पष्ट भएको छ । 'म' पात्रलाई उपन्यासको सुरूका घटनाहरूमा आर्थिक समस्याले सताएको देखिन्छ भने उपन्यासको पछिल्लो समयमामा

प्रसाद राजाको सहयोगले प्रशस्त आर्थिक लाभ गरी धन लुकाउने ठाउँको समस्या देखिएको छ । यसरी यस उपन्यासमा धनीहरू धन सञ्चय गरी लुकाउने ठाउँको अभावमा चिन्तित भएका छन् भने गरिबहरू भने भोकले पेटमा पटुका कस्नुपर्ने अवस्था सिर्जना भएको छ । साथै अवैधानिक रूपले धन कमाएर मानिस रातारात धनी भएका घटनालाई यस उपन्यासको आर्थिक परिवेशले देखाउने कार्य गरेको छ । पञ्चायतकालिन समय र प्रजातन्त्रकालिन समयमा भएका आर्थिक असमानतामा कुनै परिवर्तन नआएको कुरालाई यस उपन्यासले देखाएको छ ।

### ४.१.७ भाषिक पक्ष

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा उच्च, मध्यम र निम्न वर्गले बोल्ने भाषाको साथै मानक नेपाली भाषाको प्रयोग गरिएको छ । यस उपन्यासमा मानक नेपाली भाषाको प्रयोगसँगै अङ्ग्रेजी भाषाका वाक्यहरूको मिश्रण पनि भएको छ साथै प्रसङ्ग अनुसार कतै कतै संस्कृत भाषाका सुक्तहरूको पनि प्रयोग गरिएको पाइन्छ । यस उपन्यासमा विम्बात्मक, प्रतीकात्मक, आलङ्कारिक र व्यङ्ग्यात्मक आदि भाषाको स्पष्ट रूप देख्न सकिन्छ । उपन्यासमा अनुकरणात्मक शब्द, उखानटुक्काका साथै अध्याहार वाक्यको प्रयोगले भाषालाई सजीव, सुन्दर र कलात्मक बनाउने काम गरेको छ । गौतमले यस उपन्यासमा कवितात्मक भाषा, अनौपचारिक अर्थात स्वतन्त्र अप्रत्यक्ष कथन तथा प्रकृतवादी शैलीमा आधारित कथ्य भाषाको मनपरी प्रयोग गरेका छन् (बराल र एटम, २०६६:२८७) । यस उपन्यासमा सम्बोधनको पनि पर्याप्त प्रयोग गरिएको छ । साथै कुनै कुराको खोलुवा दिनुपर्दा बुँदागत रूपमा दिने पद्धति पनि अपनाइएको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा उच्च वर्गीय, मध्यम वर्गीय र सामान्य बोलचालीको कथ्य र लेख्य दुबै भाषाको प्रयोग गरिएको छ । उच्च वर्गीय भाषाको प्रयोग शिवरामकी श्रीमती र 'म' पात्र लक्ष्मी वार्तालाप गर्ने क्रममा आएको छ ।

"भाउजु हजुरलाई सन्चै ? (पृ. ९०)"

"म ठूलो मान्छे भएको होइन, भाउजू त्यसो नभनिसियोस न ?" (पृ. ९०)

"परार साल यसै उपलक्ष्यमा हजुरले नै रोपिसेका विरूवाहरू हुन्" (पृ. १२५)

शिष्ट र मर्यादित भाषाको प्रयोगको साथै कहिले अति तुच्छ र तल्लो स्तरको भाषाको पनि प्रयोग गरिएको छ । 'के को फुर्ती लाउँछस ए तँ गधा मेरो अघिल्तिर हँ ? के को घमण्ड ? म भन्दा राम्रो लेख्छु भनेर ? (पृ. ४८)" **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा कथ्य भाषामा निम्न र उच्च आदरार्थीको प्रयोग देख्न सकिन्छ । "घरमा अन्नको एउटा दाना छैन । ... त्यसैले त्यो सवितेलाई पनि हिँड भनेर प्रणम्य गरेँ मरे मानिन (पृ. ३७) ।"

"हजुर, यो तान बढाउनलाई रिन पाइन्थ्यो कि ? (पृ. ४५) "

यस उपन्यासमा पात्रहरूले कुराको प्रसङ्गमा बीचबीचमा अङ्ग्रेजी भाषाका वाक्यहरूको प्रयोग पनि गरेको पाइन्छ : "मनि जस्तै एजुकेशनको पनि डिभ्यालुएसन भएको छ (पृ. १६) ।"

"ओके, ओके, डन्ट माइन्ड ओके (पृ. ६) ।"

"लभ इज एन आर्ट भन्छन्, भने त्यसमा आँसु बगाउने कला पनि जान्नुपर्दछ (पृ. २६) ।"

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा प्रसङ्ग अनुसार संस्कृत भाषाको श्लोक पनि प्रयोग गरिएको छ :

नमानी (मी ?) शमीशान निर्वाण रूपम्

विभुं व्यापकम् ब्रहमवेद स्वरूपम् (पृ. ११६)

वासांसि जीर्णानि यथा विहाय

नवानि ग्रहणानि नरोडपराणि (नि?)

तथा शरीराणि विहाय जीर्णा

न्यन्यानि संयाति नवानि देही । (पृ. १६२)

यस उपन्यासमा प्रसङ्ग अनुसार विम्बात्मक, प्रतीकात्मक र व्यङ्ग्यात्मक भाषाको पनि प्रयोग गरिएको छ । अश्लील कुराहरूलाई पनि विभिन्न विम्ब र प्रतीकको माध्यमद्वारा प्रस्तुत गरिएको छ । साथै उपन्यासमा प्रयोग गरिएको श्यामव्यङ्ग्यले कथनलाई रोचकता प्रदान गरेको छ । 'म' पात्र लक्ष्मीले शीला नाम गरेकी युवतीसँग यौनदुराचार गरेपछिको घटना प्रसङ्गमा प्रतीकात्मक भाषा आएको छ ।

"भाँडोलाई जुठो बनाउन त सकिन्छ त जुठोलाई भाँडो बनाएर राख्न भने सकिन्न (पृ. २९) ।" यस उपन्यासमा विभिन्न विम्बहरूको प्रयोगको साथै अश्लील कुराहरूलाई पनि विम्बको माध्यमद्वारा प्रस्तुत गरिएको छ ।

"...केटीहरू, अलिकति पनि उक्सेका देख्नासाथ, बिग्रिने आकाङ्क्षा अति प्रबल गोरखादक्षिणबाहु समान जाग्रत हुन थाल्दथ्यो । दिनरात ठिटीहरूको सम्झनाको धपेडी बोक्न मन लाग्दथ्यो (पृ. २३) ।"

" ... तिघ्रा आदि माथि बढी समय खर्च गर्न भन्थ्यो । अनि नजानिँदो जस्तो गरेर मेरो हातलाई आफ्नै हातले यताउति पनि लगेर राखिदिन्थ्यो, ठीक ग्रामोफोनको रेकर्डमाथि सुई उचालेर राखेजस्तै (पृ. ११५) ।"

"जाली प्राय ! गरिबको कमिज जस्तै ठाउँठाउँमा च्यातिएको हुन्थ्यो तर कतै पनि टालिएको भने हुँदैनथ्यो (पृ. १९१) ।"

"बाँडचुँड शब्द उसको मुखबाट यस्तरी झर्थ्यो जसरी असिना झर्ने गर्दछ (पृ. २७) ।"

यस उपन्यासमा श्यामव्यङ्ग्यको प्रयोग पनि यथेष्ट मात्रामा गरिएको पाइन्छ :

" ...बेलुका हामीले जुन रमाइलो गऱ्यौं त्यो एक प्रकारले धार्मिक कार्य बन्न गएको थियो । रानी साहेबको पाककलाको प्रशंसा गऱ्यो र जुनसुकै केटीलाई चुमचाम गऱ्यो । त्यस बखत हामीलाई लाग्दथ्यो, चुम्नु पनि सेवाकार्यकै एक अविभाज्य अङ्ग हो । त्यस्तो समय, तर यदाकदा मात्र आउँथ्यो, जब रात समेत सेवाका लागि लागोस् (पृ. १२१) ।"

"मेरो पुस्तक रगतमा कोलेस्टोरोलको थक्का जस्तै भए पनि हाललाई बिना अडकाउ उत्रिएको छ (पृ. ६)।"

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा बङबङ, सुक्कसुक्क, धङ्धडी, मुसुक्क, पल्याकपुलुक, धुइँधुइती, चकमन्न, खुरमुरिदैं, हस्याङफस्याङ, स्वाँस्वाँ, जुरूक्क, घचघच्याउन, झमक्क, कुटुकुटु, गद्गद् आदि अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

यस उपन्यासमा उही, के निचोरे के आउँछ, ... जहाजै डुब्थ्यो, सर्प पनि मरोस लट्ठी पनि नभाँच्चियोस, ... नाक कटाइदी, कान काटेर ... दिन्छु आदि उखानटुक्काको प्रयोग भएको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा कतिपय सन्दर्भमा आलङ्कारिक भाषाको प्रयोग पनि गरिएको पाइन्छ ।

" एउटा जूनकीरी झार्नुभन्दा दुइटा जूनकीरी झर्नु अन्त नभए पनि अनुहारमा अलिक उज्यालो थपिनु नै हुन्छ (पृ. १३) ।"

"शिवरामकी स्वास्नी दियो जस्तै हाँस्दै उभिएकी थिई (पृ. ८९)।"

"महँगीले जीवनलाई साँढेले गाई लखेटेजस्तो लखेटेको (पृ. ५५)" भनेर महँगीसँग गाई साँढेको उपमा 'म' पात्रले दिएको छ ।

यस उपन्यासमा कहिँकतै कवितात्मक भाषाको प्रयोग पनि देख्न सकिन्छ :

"लाख मेरा लागि खाक बराबर थियो

अथवा भनिदिऊँ दाख बराबर थियो (पृ. १७०) ।"

"यहाँ न्युज बन्दैन, भ्यूज बन्दैन, चीज बन्छ, सन्तानोपत्तिको बीज बन्छ, न्युज बन्दैन (पृ. ८)।"

"उसको नाम रवि भएकाले ऊ चाँडो कवि बन्यो (पृ. १३) ।"

कथ्य भाषाको गालीको मनपरी प्रयोगले गर्दा यस उपन्यासमा प्रकृतवादी यथार्थको मात्रा देखापर्छ र चित्रणको बन्धनरहित अवस्थाले पनि यही कुरालाई सङ्केत गर्छ (भट्टराई, २०६०:८६) । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको भाषाशैली प्रकृतवादी किसिमको रहेको छ र साथै शब्दको बीच बीचमा अध्याहार दिइएको छ ।

"के ठान्या, त्यस्ता मु...मन्त्री खाएर हिँड्छु म ? त्यस्ता

मु...राज्यमन्त्रीलाई त...मा दलेर हिँड्छु (पृ. ७७)।"

"त्यो जाँठो डल हाकिम मर्निङ वाकमा आयो भने, बन्ने हेल्थ पनि बिग्रन्छ" (पृ. १०४) ।"

"त्यस्ता मुजी आदर्श मैले धेरै देखिसकेको छु............

आफ्ना लागि नै हो, जो मुजीले पनि गर्ने, म मात्र हो

एउटा हाकाहाकी भन्ने, बुझिस ? (पृ. १३८)"

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा स्वतन्त्र अप्रत्यक्ष कथनमा कर्मवाच्यको अत्यधिक प्रयोग गरिएको छ ।

"यहाँ मलाई पैसा बाँड्ने काम दिइएको थियो कुरा बुझियो ? म तुरुन्त मालिकको अति विश्वासको पात्र बनेको थिएँ । केही खुबी ममा पनि रहेछ (पृ. ९०) ।"

"अब त बुझियोहोला, कस्ता कस्ता कारण वा दोधार हुन सक्ता रहेछन् जीवनमा के भने, आफ्नै जीवनको समेत कुनै भागलाई स्वीकार गर्ने कि नगर्ने, होइन ? (पृ. १२७) "

यस उपन्यासमा पाठकसँग गफ गरे झैं लाग्ने खालका र सम्बोधन गरी लेखिएका भाषाहरू पनि पर्याप्त मात्रामा रहेको छ । "तपाई के ठान्नुहुन्छ, यसको कारण म बाहेक को अरू हो ? ठूलो गल्ती गर्नुहुन्छ त्यसो भए । मै हुँ महाशय, मै हुँ, कारण ?अरू को हुन्छ ?(पृ. १५८)"

"तपाई यसलाई मेरो, सर्प पनि मरोस लट्ठी पनि नभाँच्चियोस् भन्ने प्रकारको व्यवस्था ठान्नु हुन्न भने । ठान्नु किन हुन्न भने, मेरो विचारमा, त्यो ठान्ने क्षय अझै केही क्षणपछि आउने भएको थियो (पृ. ७७) ।"

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा कुनै कुरालाई स्पष्ट पार्नुपर्दा बुँदागत रूपमा प्रस्तुत गर्ने पद्धति पनि अपनाइएको छ ।

सम्पादकले समाचार बनाउने प्रसङ्गमा कुकुरले मान्छेलाई टोक्यो भने न्युज हुँदैन, मान्छेले कुकुरलाई टोके न्युज हुन्छ भन्ने कुरा व्यक्त गरेपछिको प्रसङ्गमा 'म' पात्रले मनमा सोचेका कुरालाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

१. मान्छेले कुकुर टोके न्युज हुन्छ, मान्छेले मान्छे टोके न्युज हुन्छ कि हुँदैन ?

२. मान्छेले अन्य जनावर टोके न्युज बन्छ कि बन्दैन, उदाहरणका लागि सर्प, बिच्छी, गोही, न्याउरी मुसा ।

३. मान्छेले मेच टोके न्युज बन्छ कि बन्दैन अथवा रुख र राजनीति टोके न्युज बन्छ कि बन्दैन ? जुन मान्छेका दाँत छैनन् त्यसैले केही टोके न्युज बन्छ कि बन्दैन ? (पृ. ८) भनेर तीनवटा बुँदामा प्रस्तुत गरिएको छ ।

त्यसैगरी 'म' पात्रले सिलवालको गुणहरूको बारेमा चर्चा गर्दा एक, दुई, तीन, चार, पाँच गरी बुँदागत रूपमा उल्लेख गरेको छ । रविलाई छुरा हानेको सन्दर्भमा 'म'

पात्र लक्ष्मीले प्रश्न, सम्भावना, उपप्रश्न, उपसम्भावना, मूल प्रश्न गरी बुँदागत रूपमा उल्लेख गरेको छ । त्यस्तै रविको हत्या भइसकेपछि हत्यारा नसमातिनुका कारणहरूलाई पनि बुँदागत रूपमा उल्लेख गरिएको छ ।

यसरी यस उपन्यासमा विभिन्न भाषिक प्रयोगको कारण यसले छुट्टै मूल्य मान्यता प्राप्त गरेको छ । साथै अङ्ग्रेजी, संस्कृत र नेपाली भाषाको प्रयोगबाट भाषिक प्रयोगमा केही नवीनता आएको छ ।

## ४.२ आन्तरिक परिवेश

उपन्यास वा साहित्यिक कृतिमा वर्णित पात्रका मानसपटलभित्र अवस्थित राम्रा नराम्रा भावनाहरूलाई आन्तरिक परिवेश भनिन्छ । आन्तरिक परिवेश अन्तर्गत पात्रका मनमा भएका अन्तरकुन्तरका भावनाहरूको विश्लेषण गर्ने कार्य गरिन्छ । आन्तरिक परिवेश पात्रको मनसँग सम्बन्धित हुने भएकाले फ्रायड, एडलर, युङ्ग, र फ्रमको मनोवैज्ञानिक सिद्धान्तको आधारमा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासका विभिन्न पात्रहरूको मनको विश्लेषण गर्ने कार्य गरिएको छ ।

### ४.२.१ चेतन र अचेतन अवस्था

प्रस्तुत उपन्यासका पात्रीय मनोदशाका विभिन्न रूपलाई कार्यपीठिका बनाइएको छ । विशेष गरेर पात्रका अचेतनमनलाई पृष्ठभूमि बनाएर अनेक घटनाहरू घटित भएको देखिन्छ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको 'म' पात्र लक्ष्मी र रविसँगै एउटै कोठामा बस्ने साथी साथी हुन् । लक्ष्मीले रविलाई चेतन मनले कहिले प्रेम गरेको छ भने कहिले अचेतन मनले ईर्ष्या र रिस गरेको छ । 'म' पात्र लक्ष्मीमा चेतन मनभन्दा अचेतन मन बढी सक्रिय भएको देखिन्छ । अचेतन मनको उत्पन्न व्यवहारले 'म' पात्र लक्ष्मीले शीला र गीतासँग आफ्नो कोठामा यौन दुराचार गरेको छ । त्यस्तै 'म' पात्रले ब्लु फिल्म हेरेर आए पछि भात भान्छा गर्न लागेकी रुक्मिणीको बलात्कार गरेको छ । गरिब निमुखा वर्गप्रति पनि 'म' पात्रले आर्थिक शोषण गरेका घटना अचेतन मनका कारण घटित भएका हुन् । रविको बौद्धिकता देखेर हत्या गर्ने

सोच उत्पन्न हुनु,  रोजिना र अमिता माथि यौन उत्तेजनामा आई बलात्कार गर्नु 'म' पात्रको अचेतन अवस्थाका घटनाहरू हुन् । यौन उत्तेजित भएर प्रसादराजाले अश्लील र फोहर कुरा गर्नु, 'म' पात्रलाई थुक चाट्न लगाउनु, रविलाई मार्न गुन्डालाई पैसा बाँड्नु सन्तान प्राप्तिको चाहनाले आफ्नी श्रीमतीलाई अन्य पुरुषसँग बस्न दिनु जस्ता असामान्य घटना प्रराद राजाका अचेतन अवस्थाका क्रियाकलापहरू हुन् । यी क्रियाकलापहरू आन्तरिक परिवेशका रूपमा आएका छन् ।

## ४.२.२ जीवनमूलक प्रवृत्ति र मृत्युमूलक प्रवृत्ति

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासका विभिन्न पात्रहरूको क्रियाकलापमा जीवनमूलक प्रवृत्ति र मृत्युमूलक प्रवृत्ति दुवै परिवेश देख्न सकिन्छ । 'म' पात्र र रवि सँगै एउटा कोठामा बस्ने साथी हुन. । रविको तुलनामा लक्ष्मीमा जीवनमूलक प्रवृत्ति प्रबल भएको पाइन्छ । 'म' पात्र लक्ष्मी र रविले पत्रिकाको कम आम्दानीको जागिरबाट आफ्नो दैनिक गुजारा चलाउन सङ्घर्ष गरेको घटनामा जीवनमूलक परिवेश पाइन्छ । जागिरको सिलसिलामा पनि रविभन्दा लक्ष्मी बढी भौतारिएको छ साथै सामान्य चिनजानको मानिसलाई पनि नमस्कार गरेर जागिर खोजिदिने आग्रह गरेको घटनाबाट 'म' पात्र मा जीवनमूलक प्रवृत्ति रहेको देखिन्छ । 'म' पात्रले प्रसादराजाको आग्रह अनुसार घिन लाग्दा लाग्दै पनि आफ्नो थुक चाटेर पद र पैसा प्राप्त गरेको घटना पनि जीवन बाँच्नका लागि गरिएको सङ्घर्ष हो । त्यसकारण उसमा जीवनमूलक प्रवृत्ति रहेको कुरा स्पष्ट हुन्छ । विभिन्न युवतीहरूसँग यौन कार्यमा संलग्न भएका घटनाबाट पनि 'म' पात्रमा जीवनमूलक प्रवृत्ति रहेको कुरा उपन्यासको अध्ययन पश्चात् स्पष्ट हुन्छ । 'म' पात्रमा अर्कालाई ठगेर, लुटेर र चोरेर भएपनि आफू बाँच्ने प्रवृत्ति रहेको छ । 'म' पात्रले अर्काको कविता चोरेर भए पनि पुरस्कृत भएको र कविको रूपमा स्थापित भएको घटनाले 'म' पात्रमा जीवनमूलक प्रवृत्ति भएको कुरा उपन्यासको अध्ययन पश्चात् आन्तरिक परिवेशमा आएको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको पात्र रविमा जीवनमूलक प्रवृत्ति र मृत्युमूलक प्रवृत्ति दुवै रहेको देखिन्छ । उपन्यासको सुरू तिरका घटनामा रविमा

जीवनमूलक प्रवृत्ति अन्तर्निहित रहेको पाइन्छ भने उपन्यासको अन्तिम तिरका घटनामा मृत्युमूलक प्रवृत्ति पाइन्छ । रविले निरन्तर रूपमा साहित्य सिर्जना गरेर साहित्यप्रति मोह देखाएको घटनाबाट रविमा जीवनमूलक प्रवृत्ति रहेको देख्न सकिन्छ । रविले अमिता नाम गरेकी केटीसँग प्रेम गरेको घटनाबाट पनि रविमा जीवनमूलक आन्तरिक परिवेश अन्तर्निहित रहेको कुरा देख्न सकिन्छ। साथै भोको पेटमा पनि किताब पढ्ने र साहित्य सिर्जनामा केन्द्रित भएको घटनाले पनि जीवनमूलक प्रंवृत्ति भएको कुरा देख्न सकिन्छ । जीवनमूलक प्रवृत्ति अन्तर्निहित भएको कारण रवि कहिले **दिप्तिमान** पत्रिकामा जागिर खान पुगेको छ भने कहिले प्रसाद राजाको दरबारमा पुगेको छ। यस उपन्यासमा प्रसाद राजाको दरबारबाट अपमानित भएर निष्कासित भइसकेपछि निराश भएर आन्दोलनमा सक्रिय भएको घटनाबाट रविमा मृत्युमूलक प्रवृत्ति देखापर्न थालेको पाइन्छ । 'म' पात्रले आफ्नी प्रेमिकालाई अर्काले गर्भवती बनाएपछिका घटनाबाट भने रविमा खिन्नताबोध र उदासीपन देखिएको छ। जसले गर्दा मृत्युमूलक प्रवृत्ति सक्रिय भएको पाइन्छ।

### ४.२.३ हीनता र उच्चताको भावना

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको 'म' पात्रले आफूमा बौद्धिकताको अभावमा हीनता बोध गरेको कुरालाई 'म' पात्रकै आत्मस्वीकारोक्तिले स्पष्ट पारेको छ। "प्रसाद राजा एक त अरूभन्दा रविलाई बढी महत्व दिन्थ्यो, इन्टेलेक्चुअल भनेर होला । त्यहीँ मलाई हीनताभास हुन्थ्यो । लाग्दथ्यो रबि थोरै पैसा खाने भएर पनि मभन्दा माथि कसरी देखिन पुग्यो ? ... मालिकका सामुन्ने म पनि थिएँ, तर मालिक रविलाई रवि जी भन्छ, ...मलाई त उही, पण्डित (पृ. १२९) ।"

'म' पात्रमा धुम्रपान र मद्यपानको नराम्रो कुलत बसेको र त्यसलाई छोड्ने प्रयत्न गरे पनि छोड्न नसकेको घटनाबाट 'म' पात्रले हीनताको भाव राखेको कुरा यस उपन्यासमा आएको छ । उपन्यासको सुरूका घटनाहरूमा 'म' पात्रले धन कमाउन नसकेको घटनाबाट पनि हीनताबोध गरेको कुरा उपन्यासमा स्पष्ट रूपमा आएको छ।

'म' पात्रले कविता प्रतियोगितामा समकक्षी साथीलाई पराजित गर्न सकेको कारण उच्चताबोध गरेको छ । 'म' पात्रले ठूलाबडाको चाकडी र चाप्लुसी गरेर भए पनि धन आर्जन गर्न सफल भए पछि 'म' पात्र  लक्ष्मीले उच्चता बोध गरेको छ । त्यस्तै रविले प्रसादराजाको आदेशलाई उलङ्घन गरेपछि प्रसादराजामा बदला र प्रतिशोधको भावना जागृत भई उच्चता ग्रन्थिको विकास भएको छ ।

## ४.२.४ अन्तर्मुखी र बहिर्मुखी प्रवृत्ति

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासका पात्रहरूमा अन्तर्मुखी र बहिर्मुखी दुबै प्रवृत्ति रहेको पाइन्छ । उपन्यासको प्रमुख पात्र रविमा अन्तर्मुखी प्रंवृत्ति रहेको कुरा उपन्यासको अध्ययनबाट स्पष्ट हुन आएको छ । रवि आफ्ना मनका कुराहरू हत्तपत्त कसैसँग व्यक्त गर्न नचाहने स्वभावको रहेको छ । रवि आफूलाई धेरै मान्छेहरूको समूहमा प्रस्तुत गर्न नचाहने र प्रायः एक्लै रमाउने प्रंवृत्तिको रहेको छ । रवि आफ्नो स्वभावको बारेमा अरूलाई खुलस्त नभन्ने र अरूको स्वभावको बारेमा पनि रुचि नदेखाउने प्रवृत्तिको रहेको छ । कसैको अन्याय र अत्याचार नसहने तर त्यसको विद्रोह गर्नुको सट्टा पछाडि हट्ने प्रवृत्तिबाट रविमा अन्तर्मुखी प्रवृत्ति रहेको देखिन्छ ।

यस उपन्यासको 'म' पात्रमा बहिर्मुखी प्रवृत्ति देखापर्दछ । ऊ सबैसँग फरासिलो व्यवहार देखाएर नजिक हुने गर्दछ साथै आफ्नो स्वार्थपूर्तिका लागि सामान्य चिनजानको व्यक्तिलाई पनि आफ्नो बनाएर फाइदा लिने स्वभावको रहेको छ । 'म' पात्र सकेसम्म आफूलाई अरूको सामु प्रस्तुत गर्ने स्वभावले गर्दा बहिर्मुखी प्रवृत्ति भएको कुरा स्पष्ट हुन्छ । 'म' पात्रले प्रसादराजाको दरबार, दिप्तिमान पत्रिकाको कार्यालय र विभिन्न भट्टीपसलहरूमा साथीभाइहरूसँग जमघट गरी सबैसँग रमाइलो गरी हाँस्ने र हँसाएको घटना प्रसङ्गबाट 'म' पात्रमा बर्हिमुखी प्रवृत्ति भएको कुरा स्पष्ट हुन्छ । यस उपन्यासको प्रसादराजा र शिवराममा पनि बहिर्मुखी प्रवृत्ति रहेको पाइन्छ ।

### ४.२.५ स्वपीडन र परपीडन रति

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको पात्र रविमा स्वपीडन रति पाइन्छ । 'म' पात्रले रविमाथि गरेको व्यङ्ग्य र उपहासको पीडालाई सहेर बसेको छ। साथै भोकले आक्रान्त हुँदा पनि किताब पढ्दै रमाएर बसेको घटना प्रसङ्गबाट स्वपीडन रति भएको कुरा स्पष्ट हुन्छ । त्यस्तै 'म' पात्रमा पनि स्वपीडन प्रवृत्ति देख्न सकिन्छ । रविको अमिता नाम गरेकी केटीसँग प्रेम सम्बन्ध रहेको कुरा थाहा पाए पछि 'म' पात्र एकान्तमा बसेर रोएको घटनाले 'म' पात्रमा स्वपीडन प्रवृत्ति रहेको कुरा थाहा हुन आएको छ । 'म' पात्रले आफूमा बौद्धिकता र धनको अभाव महसुस गरी आफूदेखी आफैं पीडित भएको घटनाबाट पनि उसमा स्वपीडन रति देखिएको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा 'म' पात्रमा विशेष गरी परपीडन रति देखिन्छ । 'म' पात्रमा अरूलाई व्यङ्ग्य गरेर हाँसोमा उडाएर आनन्द लिने प्रवृत्ति पाइन्छ । 'म' पात्र अर्काको प्रगति उन्नति देख्न नचाहने प्रवृत्तिको रहेको छ । उपन्यासमा 'म' पात्रले रविलाई पीडा दिएर आनन्द मानेको घटना प्रसङ्गबाट पनि 'म' पात्र परपीडक रहेको कुरा स्पष्ट हुन्छ । रविको विरुद्धमा 'म' पात्र लगायत समूहका केही व्यक्तिहरूले नचाहिँदा कुरा छपाएपछि 'म' पात्र आनन्दित बनेको छ । यस कुरालाई 'म' पात्रको आत्मस्वीकारोक्तिले स्पष्ट पारेको छ । "म आफू सन्तुष्ट थिएँ कि थिइनँ त ? नढाँटेर भनूँ ? म सन्तुष्ट नहुने प्रश्नै कसरी उठ्ला ? कसैको अनुपस्थितिमा त्यसलाई लडाउनु जस्तो आनन्द अर्को होला कुनै ? (पृ. १६४) ।"

रविको बौद्धिकता देखेर 'म' पात्र ईर्ष्याले भुतुक्क भएर रविलाई पीडा दिन व्यङ्ग्य गरेको घटनालाई यस अंशले स्पष्ट पार्दछ ।

"जति देवकोटा बने पनि, इन्टेलेक्चुअलटी बेग्लै कुरा हो, बुझिस ? कविता लेखेर तँ कवि हुन सक्छस्, इन्टेलेक्चुअल हुन सक्तैनस् (पृ. ४७) ।"

'म' पात्र आफू कविता प्रतियोगितामा पुरस्कृत भएको तर आफ्नो समकक्षी साथी पुरस्कृत नभएको कारण आफ्नो पुरस्कार देखाएर पीडा थपेको घटनाले 'म'

पात्रमा परपीडन प्रवृत्ति देखिन आएको छ । त्यस्तै विभिन्न नारीहरूलाई यौन व्यभिचार गर्न लगाएर उनीहरूको पीडामा आनन्दित हुने प्रवृत्ति 'म' पात्रमा रहेको छ । गरिब निमुखाहरूलाई ठगेर, लुटेर 'म' पात्र लक्ष्मी आनन्दित भएको घटना पनि यस उपन्यासमा आएका छन् । रविको सच्चरित्र, इमान्दारिता र बौद्धिकतामा ईर्ष्या गर्ने 'म' पात्रले रविलाई मार्न गुन्डालाई पैसा बाँडेको घटनाले 'म' पात्रमा परपीडन प्रवृत्ति रहेको कुरा स्पष्ट हुन्छ ।

यसरी यस उपन्यासमा पात्रका मनका चेतन, अचेतन जीवनमूलक मृत्युमूलक, हीनता, उच्चता, अन्तर्मुखी, बहिर्मुखी, स्वपीडन र परपीडन रति जस्ता आन्तरिक कुरालाई आन्तरिक परिवेश अन्तर्गत राखेर अध्ययन गरिएको छ ।

## ४.३ उपन्यासका अन्य तत्त्व र उपसंहार अर्थात् चौथो अन्त्यको परिवेशको सम्बन्ध

उपन्यासलाई पूर्णता दिनका लागि विभिन्न औपन्यासिक तत्त्वहरूको आवश्यकता पर्दछ । कथानक, पात्र, परिवेश, संवाद, भाषा आदिको उचित संयोजन भएमा उपन्यासले सफलता प्राप्त गर्दछ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास काठमाडौंको सहरी परिवेशमा कार्यव्यापार सम्पन्न भएको हुनाले यससँग औपन्यासिक तत्त्वहरूको संयोजन के-कसरी भएको छ भन्ने कुरालाई यस प्रकार वर्णन गरिएको छ ।

### ४.३.१ उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको कथानक र परिवेश

कथानक र परिवेशले नै पात्रको व्यवहार, आचार, विचार, रहनसहन आदिमा फरकपन ल्याउँछ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास काठमाडौँको सहरी परिवेशमा सन्दर्भित भएर आख्यानीकृत भएको छ । पञ्चायतकालीन समयमा देखा परेका सामाजिक, राजनैतिक, आर्थिक र पत्रकारिता आदि क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासका घटनाहरू शृङ्खलित रूपमा नआई विशृङ्खलित रूपमा आएका छन् । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा 'म' पात्र लक्ष्मी र रविको माध्यमबाट मुख्य कथानक अगाडि बढेको छ । सहायक कथानकले पनि मूल कथानकलाई अगाडि बढाउन सहयोग गरेको छ ।

कथानक झिनो रूपमा आए पनि विभिन्न क्षेत्रमा देखिएका विकृति, विसङ्गति हत्या, शोषण आदिलाई श्यामव्यङ्ग्यका माध्यमद्वारा प्रस्तुत गरिएको छ । पञ्चायतकालीन समयको झल्को दिन विभिन्न बिम्ब र प्रतीकको प्रयोगले कथानकलाई गतिशीलता प्रदान गरेको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा काठमाडौं सहरमा बढ्दै गएको विकृति विसङ्गतिलाई विषयवस्तु बनाइएको छ । साथै पञ्चायतकालमा मात्र विसङ्गति नभई प्रजातन्त्रकालीन समयमा पनि विकृति र विसङ्गतिको वृद्धि भइरहेको कुरालाई यस उपन्यास मार्फत प्रस्तुत गरिएको छ । 'म' पात्र कवि बनेर नाम कमाउनका साथै जागिर खाएर पैसा कमाउने उद्देश्यले गाउँबाट काठमाडौं आएको घटनाबाट उपन्यासको आरम्भ भएको छ । उपन्यासमा आदि, मध्य र अन्त्यको शृङ्खला रहेको छ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास १७९ पृष्ठ र बाउन (५२) परिच्छेदमा रहेको कुरा उपन्यासको अध्ययनबाट स्पष्ट भएको छ ।

'म' पात्र गाउँबाट कवि बनेर नाम कमाउने जागिर खाने उद्देश्यले काठमाडौं आएको छ । उपन्यासमा 'म' पात्र लक्ष्मी र रवि काठमाडौंमा सँगै बस्न थालेको प्रसङ्गबाट कथानक आरम्भ भएको छ । कथयिता 'म' पात्र स्वयम् उपन्यासको पात्र भएको र आफ्नो धूर्त स्वभावको प्रस्तुतिसँगै रविको इमान्दारिताको वर्णन गरेको छ । उपन्यासको कथानक निर्माण गर्ने घटनाका शृङ्खलाको विकास यसमा द्रूततर गतिमा भएको छ (बराल र एटम, २०६६ :२७९) । लक्ष्मी र रवि शिवरामको **दीप्तिमान** पत्रिकामा काम गर्दछन् र साथै पत्रिकाको कम आम्दानीले आफ्नो दैनिक गुजारा चलाउन बाध्य भएका छन् । आर्थिक अभावको कारण लक्ष्मी र रवि होटलको उधारो तिर्न नसकेर होटल फेर्दै हिँडेका छन् र उधारो धेरै भए पछि आफ्नै कोठामा पकाएर खान थालेका छन् । ठग र फटाहा व्यक्ति अर्काको चोरेको कविताबाट पुरस्कृत भएको छ । तर सोझो र इमान्दार व्यक्ति आफ्नो मौलिक रचना प्रस्तुत गरेर पनि कहिल्यै पुरस्कृत नभएकोले साहित्यिक क्षेत्रमा भएको विकृति र विसङ्गतिलाई पनि यस उपन्यास मार्फत उजागर गरिएको छ । 'म' पात्र लक्ष्मीले आफ्नो धूर्तता र चाकडीका भरमा सबैतिर प्रभाव पारेर धन कमाउने माध्यम बनाएको छ । देशको चौथो अङ्ग

मानिएको पेसामा लागेका मान्छेहरूमा केवल पैसाको भोक हुनु र जी.एम. तथा मन्त्री लगायत शक्तिकेन्द्रहरूमा चाकडी बजाएर त्यसबाट सञ्चालित हुनुले यस क्षेत्रको गम्भीर स्थिति देखाउँछ । सही सूचना प्रवाहको जिम्मेवारी लिने लक्ष्मी र शिवराम जस्ता पत्रकारहरूले यस पेसाकै बेइज्जती गरिरहेका छन् (बराल र एटम, २०६६ : २७७) । 'म' पात्रले आफ्नै भात भान्छा गर्ने रुक्मिणीलाई बलात्कार गर्न पुगेको छ भने शीला, गीता र सवितालाई पैसाको लोभ लालच देखाएर वेश्या बनाएको छ । कामुकता र अतृप्त यौन प्यासले गर्दा 'म' पात्रमा दानवीय प्रवृत्ति रहेको कुराबाट अमानवीय क्रियाकलाप स्पष्ट भएको छ । 'म' पात्र प्रसादराजाको दरबारमा चाकडी र चाप्लुसी गर्न जाँदा आफ्नै एकपटक थुकेको थुक पनि चाट्न पुगेको छ । साथै जगिङ जाँदा खुट्टाबाट फुत्केको जुत्ता बोकेर राजाको मन जितेको घटनाबाट नाङ्गो आदर्श स्पष्ट भएको छ । नेपाली समाजमा ठूलाबडाको चाकडी गरेर व्यक्ति रातारात धनी बन्ने र आफ्नो स्वार्थपूर्तिका लागि मान्छे जस्तोसुकै अनैतिक क्रियाकलाप गर्न पनि पछि नहट्ने कुरा **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासबाट स्पष्ट भएको छ । समाजमा कृपावाद र नातावादकै कारण भ्रष्टाचार, अनैतिकता र अनियमितताले जरा गाडेको कुरा स्पष्ट भएको छ। 'म' पात्र लक्ष्मीले बैंकबाट ऋण उपलब्ध गराइदिने बहानामा नक्कली हाकिम बनेर भक्तपुरे किसानकहाँ ठग्न पुगेको छ । यस प्रसङ्गबाट धनी वर्गले गरिब र निमुखा वर्गको आर्थिक शोषण गर्न नछोडेको सहरिया मान्छेमा अन्तर्निहित दानवीय प्रवृत्तिलाई स्पष्ट पारेको छ । प्रजातन्त्रको लागि भएको आन्दोलनमा रवि सक्रिय भएर लागेको छ भने प्रसाद राजा र लक्ष्मी जस्ता प्रजातन्त्रका विरोधीहरू आन्दोलन दबाउने काममा सक्रिय भएका छन् । यी सङ्घर्ष विकासका घटनाले कथानकलाई अगाडि बढाउने काम गरेको छ । आन्दोलनको समयमा प्रसाद राजाकी श्रीमती रोजिना र लक्ष्मीलाई रविले आफ्नो प्रेमिका अमिताका घरमा लुक्ने व्यवस्था मिलाईदिएको छ तर कृतघ्न र अवसरवादी स्वभावको लक्ष्मीले रोजिना र अमितालाई एकैसाथ गर्भवती बनाएको छ । उपन्यासको कथानकमा देशमा बहुदलीय प्रजातन्त्र आएसम्मको घटना सङ्कटावस्थाका शृङ्खलाहरू हुन् । पञ्चायती व्यवस्थाका चाडकीबाजहरू चैते भई पार्टीमा प्रवेश गरेर टिकट र पैसाका भरमा सांसद र मन्त्री भएका छन् । चाप्लुसीबाज र अवसरवादीहरू रातारात धनी भएका छन् भने प्रजातन्त्र प्रेमी र आदर्श देशभक्तमाथि

छुरा प्रहार गरी घाइते बनाइएको छ । रविलाई घाइते बनाइनु भनेकोप्रतीकात्मक अर्थमा प्रजातन्त्रको हत्या हुनु हो । देशभक्त रविमाथि छुरा प्रहार गरी घाइते बनाउनु उपन्यासको चरमावस्था हो । उपन्यासमा समाजका विकृति विसङ्गतिप्रति कटु प्रहार गरी व्यङ्ग्य गरिएको छ । उपन्यासमा 'म' पात्र लक्ष्मीलाई मृत्युबोधले सताएसम्मको घटना सङ्घर्षह्रासका रूपमा आएको छ । 'म' पात्रले रविको मृत्युको सम्भावनात्मक कारण बताएको र रविले छुरा धसिएको पिठ्युँ लिएर हिँडेको स्वैरकल्पनात्मक कुरा उपसंहारका रूपमा आएको छ । समाजमा सञ्जन र राम्रो काम गर्न चाहनेहरूले दण्ड पाएका र खराब आचरण भएका र अवसरवादीहरूले प्रगति र प्रशंसा पाएको कुरा यस उपन्यास मार्फत प्रस्तुत गरिएको छ । समसामयिक विकृति र विसङ्गतिप्रति श्यामव्यङ्ग्यका साथ कथानकको अन्त्य भएको छ । लक्ष्मीले पनि उपन्यासको अन्त्यमा आफ्नो मृत्युलाई पनि यस्तै अनिश्चित तर भयावह रूपमा स्वीकारेको छ ( सुवेदी, २०५० : ६५) ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको कथानक अनुसारको परिवेशले उपन्यासलाई सहजता र स्वाभाविकता प्रदान गरेको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको कथानकमा निश्चित समयलाई नदेखाइए पनि २०४६/०४७ साल तिरको राजनैतिक परिवेशलाई मुख्य रूपमा देखाइएको छ । राजनैतिक परिवेश र कथानक बीच भएको तालमेलले उपन्यासलाई जीवन्तता प्रदान गरेको छ । मान्छे मरेपछि नुहाएर शुद्ध हुने, मान्छे मर्दा मलामी जाने, सांस्कृतिक परिवेशले कथानकलाई स्वाभाविकता प्रदान गरेको छ । साँझ परेपछि भट्टी पसलमा सुरा र सुन्दरीमा रमाएको प्रसङ्ग परिवेश सुहाउँदो रहेको छ । त्यस्तै दरबारभित्रका फोहोर र कुत्सित वातावरणमा प्रसाद राजा र उसका भरौटेहरू रक्सीमा मातेर रविलाई ठीक लगाउनुपर्छ भन्ने कुरा परिवेश सुहाउँदो देखिन्छ । आर्थिक अभावका कारण नारीहरू आफूलाई बेच्न बाध्य भएको प्रसङ्ग पनि कथानक र परिवेश सुहाउँदो रहेको छ । गरिबीका कारण रुक्मिणी अर्काको घरमा झूठो भाँडा माझ्न पुगेकी छ र साथै बढी भएको भात आफ्ना छोराछोरीलाई बाँडचुँड गरेर ख्वाएको प्रसङ्ग परिवेश सुहाउँदो रहेको छ । राजनीतिमा फैलिँदै गएको विकृति र विसङ्गतिलाई

रोचक र व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको यस उपन्यासको कथानक परिवेश अनुकूल रहेको छ ।

यसरी **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको कथानक मुख्य र सहायक रहेको छ । मुख्य कथानक 'म' पात्र लक्ष्मी र रविको माध्यमद्वारा अगाडि बढेको छ भने सहायक कथानक शिवराम, प्रसादराजा, पद्मनाभ, रुक्मिणी, सविता आदि पात्रहरूको माध्यमद्वारा अगाडि बढेको छ । कथानक विशृङ्खलित रूपमा आए पनि आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेको छ । उपन्यासमा कतिपय सन्दर्भमा स्वैरकल्पनाको प्रयोग गरिएको भए पनि यसले कथानकलाई कुतूहल बनाएको छ । समाजमा देखिने सामाजिक, राजनैतिक, सांस्कृतिक आर्थिक र पत्रकारिता आदि क्षेत्रमा भएका विकृति र विसङ्गतिप्रति कटु व्यङ्ग्य गरिएको छ । उपन्यासमा  घटित घटनाले कथानक र परिवेशलाई विश्वसनीय बनाउन सहयोग गरेको छ ।

## ४.३.२ उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासका पात्र र परिवेश

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा पात्र र परिवेश बीच राम्रो तालमेल रहेको छ । समाजले परिवेशको निर्माण गर्ने र परिवेशले मान्छे वा पात्रको निर्माण गर्ने हुँदा परिवेश र पात्रका बीचमा घनिष्ट सम्बन्ध हुन्छ (थापा, २०४७ :१४२)

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा पात्रहरूको चरित्रकै माध्यमबाट कथानक अगाडि बढाइ प्रतीकात्मक रूपमा कलात्मक सन्देश प्रदान गरिएको छ (बराल र एटम २०६६ : २८०) । उपन्यासमा पात्रहरूको आउने र जाने क्रम निश्चित नभएकाले पात्रहरूको संख्या  अत्यधिक रहेको कुरा उपन्यासको अध्ययन पश्चात् स्पष्ट भएको छ । यसमा परम्परागत उपन्यासभन्दा भिन्न रूपमा पात्रको संयोजन र नायिकाविहीन देखिएको छ (मरासिनी, २०६६ : ६७) । काठमाडौंको सहरी परिवेशले पात्रलाई निश्चित भूमिका प्रदान गरेको छ । पञ्चायतकालीन र प्रजातन्त्रकालीन समय सीमालाई परिवेश बनाएर पात्रहरूले कार्यव्यापार पूरा गरेका छन् । समाजमा देखापरेका विकृति, विसङ्गति र सन्त्रासको स्थितिमा बाँचिरहेका सीधासाधा सङ्घर्षशील मान्छेहरूको चिन्ताजनक स्थिति तथा छेपाराले झै रङ्ग बदल्न सिपालु चैते

अवसरवादीहरूले देशलाई चुसिरहेको प्रसङ्ग स्पष्ट पार्न पनि यसमा चरित्रको सुन्दर र विशिष्ट आयोजना गरिएको छ (बराल र एटम, २०६६ : २८०) उपन्यासका पात्रहरूमा 'म' पात्र लक्ष्मी, रवि, शिवराम, प्रसादराजा आदिको मुख्य भूमिका रहेको छ । रवि मात्र सत् पात्रका रूपमा उपन्यासमा उपस्थित भएको छ । त्यस्तै रुक्मिणी, सविता, शिला, गिता, प्रतिभा, भक्तपुरे किसान आदि पात्रहरूको पनि परिवेश अनुकूल उपयुक्त भूमिका रहेको छ ।

दुईपैसे पत्रिकाको सम्पादक शिव र शिवकी श्रीमती , रवि र लक्ष्मीकी भान्छे बसेकी अधबैंसे रुक्मिणीकी किशोरी छोरी, प्रसाद राजा र उसका चाकडिया र पत्नीहरू, अमिता र प्रतिभा जस्ता महिलाहरू, जाँड खाने साथीहरू र चैते नेता र कार्यकर्ताहरू, केही अश्लील समलिङ्गामी र विपरीतलिङ्गामी छाडा पात्रहरू यस उपन्यासमा वर्तमानको असुरक्षा र अराजकताका प्रतिनिधि भएर छरिएका छन् ( सुवेदी, २०५०: ६३) । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा देखापरेका पात्रहरूले निश्चित परिवेशमा आएर सामाजिक, सांस्कृतिक , राजनैतिक, आर्थिक आदि क्रियाकलापको यथार्थ रूप देखाएका छन् । उपन्यासका पात्र व्यक्तिगत नभई वर्गीय किसिमका छन् ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको 'म' पात्र लक्ष्मी उपन्यासको कथावाचक पनि हो । उसले आफ्नो र उपन्यासका अन्य पात्रहरूको कथा भन्ने काम गरेको छ । नेपाली समाजको सङ्क्रान्तजीवन, गाउँबाट जिल्लाको सदरमुकाम र राजधानी पस्ने आजको प्रवृत्तिको प्रदर्शन गर्ने पात्र म र रवि राजधानी आइपुग्छन् ( सुवेदी, २०५०: ६६) ।

काठमाडौंको सहरी परिवेशमा दैनिक गुजारा चलाउन अत्यन्त सङ्घर्ष गर्नुपरेको कुरा उपन्यासको अध्ययन पश्चात् स्पष्ट हुन आएको छ । 'म' पात्र लक्ष्मीले पत्रिकामा काम गर्न थाले पनि आफ्नो कामप्रतिको जिम्मेवारी पूर्ण रूपमा बहन गर्न नसकेको अवस्थाले पत्रकारिता पेसाको बदनाम भएको छ । पत्रकारिता पेसामा आबद्ध व्यक्तिले आफ्नो काम, कर्तव्यप्रति सचेत र इमान्दार नभई धन कमाउने तर्फ अग्रसर हुने प्रवृत्ति पात्र अनुसार परिवेश सुहाउँदो रहेको देखिन्छ । अनियमितता, अनैतिकता,

भ्रष्टाचार जस्ता नकारात्मक प्रवृत्तिले समाजको बिग्रदो स्थिति भएको कुरालाई पात्रहरूको माध्यमद्वारा परिवेश अनुकूल रूपमा देखाइएको छ । सहरिया परिवेशका मान्छे अनैतिक र भ्रष्ट आचरणको हुने कुरा उपन्यास मार्फत सङ्केत गरिएको छ । 'म' पात्रको चरित्र, गरिमायुक्त छैन, उसको जीवन स्थिति नैतिक धरातल पनि भ्रष्ट भएको उसको आन्तरिक संरचना र व्यवहार एकै भान्छा र ओछ्यानका साथीलाई पनि थाहा छैन (सुवेदी, २०५० :६४) । 'म' पात्र रक्सीको लोभमा भक्तपुरे गरिब किसानलाई लोभलालच देखाएर ठग्न पछि नहटेको कुराबाट उपन्यासमा मार्मिक परिवेश सिर्जना हुन पुगेको छ । 'म' पात्रले यौनतुष्टिका लागि शिला, गिता, सविता, अमिता आदिदेखि लिएर पाँच सन्तानकी आमा रुक्मिणीलाई पनि नछोडेको कुरा उपन्यासमा आएको छ। यौन व्यभिचारका प्रसङ्गमा 'म' पात्र लक्ष्मीको आत्मस्वीकारोक्तिले स्पष्ट पार्दछ ।

लुकेर निस्कँदा पत्ता पाइयो , लगभग एक समयमा अमिता र रोजिना दुवै गर्भवती भएका छन् । ... यसको कारण म बाहेक के कोही अरू हो ? ठूलो गल्ती गर्नुहुन्छ त्यसो भए । मै हुँ महासय त्यसको कारण ? अरू को हुन्छ ? (पृ.१७३) "

"ऊ झस्की , त्यसपछि मेरा क्रियाकलापहरू बढ्दै जान थालेपछि , ऊ चुप लागी त्यहाँ कराउने वा भाग्ने अवसर थिएन, ऊ त्यसो गर्न सक्तिन थिई । मलाई थाहा थियो । त्यसको लाभ उठाएको थिएँ (पृ.४१) ।" यस खालका प्रसङ्गहरू उपन्यासका हरेक कोण र परिवेशमा आएका छन् । नेपाली समाजमा बढ्दै गएको यौन व्यभिचारी परिवेशलाई उपन्यासकारले श्यामव्यङ्ग्यद्वारा प्रस्तुत गरेका छन् । देशभक्त पुजारी रविलाई कुटाउने उद्देश्यले 'म' पात्रले गुण्डालाई पैसा बाँडेको प्रसङ्गले पात्रको मनका आपराधिक परिवेशलाई प्रष्ट्याउने कार्य गरेको छ । 'म' पात्रले सुरुका दिनहरूमा आर्थिक अभावको कारण छिमेकीको घरमा विभिन्न बहाना लिएर भात खान पुगेको छ र जड्याहा बानीले शान्त वातावरणलाई अशान्त पारेर फर्केको घटना उपन्यासमा प्रस्तुत भएको छ । तर रविको इमान्दारिता र अन्तर्मुखी स्वभावले गर्दा कयौं दिन भोक भोकै बस्नु परेको घटनालाई उपन्यासकारको आफ्नै जीवनसँग दाँजिएको छ । "ईश्वरचन्द्र, म र उत्तमको एउटा भान्सा थियो । तर त्यस भान्सामा दाल, भात, तरकारी सधैं पाक्तैनथ्यो, बेलुका त झन कहिले पनि होइन भने पनि

हुन्छ" (गौतम , २०५०, १२६) । भन्ने जस्ता घटनाको मिलान , पात्रमा हुन्छ र धेरैजसो भोको रहिएका दिनसँग रविलाई दाँज्ने गरिएको छ (दाहाल, २०५८ : ११९) । शिवराम, प्रसादराजा पद्मनाभ जस्ता धूर्त र व्यभिचारी पात्रहरूले राष्ट्रको धन रित्याएका छन् । आफ्नो मनोमानी ढङ्गले खर्च गरेर आर्थिक दुरावस्था निम्त्याउने परिवेश पात्र मार्फत सिर्जना गरिएको छ । **उपसंहार अर्थात् चौथो अन्त्य**मा जति अनियमित कामहरू भए र हुँदै छन् तिनीहरूको बयान प्रतीकात्मक रूपले एउटा पात्रबाट गराइएको छ र प्रतीकात्मक रूपमा नेपाली समाजका सामाजिक, नैतिक, आर्थिक र राजनीतिक कमजोरीहरू टिप्ने प्रयत्न भएको छ (दाहाल, २०५८ : १२१) ।

यसरी उपन्यासमा आएका पात्रहरूले काठमाडौंको परिवेशमा घटित भएका घटनाहरूलाई जीवन्तता प्रदान गरेका छन् । पात्रहरूको माध्यमद्वारा नै परिवेश गतिशील बन्ने गर्दछ र उपन्यासकारको मूल सन्देश पनि पात्रद्वारा नै प्रवाह हुन्छ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा सहरिया विकृतिमय परिवेशप्रति उपन्यासकारले रोष प्रकट गर्दै श्यामव्यङ्ग्य गरेका छन् । यसरी **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा पात्र र परिवेश बीच राम्रो तालमेल रहेकोले उपन्यासलाई स्वाभाविकता प्रदान गरेको छ ।

### ४.३.३ उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको संवाद र परिवेश

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा विभिन्न पात्रहरूको बीचमा स्वाभाविक सरल पात्रानुकूल संवादको प्रयोग गरिएको छ । पात्रको संवादबाट नै यसमा कहाँको परिवेश प्रयोग गरिएको छ भन्ने कुरा स्पष्ट हुन्छ । पात्रहरूका बीचमा स्थापित समस्या, अन्तर्द्वन्द्व परिणतिलाई संवादले उपयुक्त ढङ्गले प्रस्तुत गर्न सक्छ । एउटा पात्रलाई प्रतिद्वन्द्वी र प्रतिस्पर्धी बनाई सम्पूर्ण उपन्यास 'म' पात्र वा लक्ष्मी शर्माले भनेको छ । त्यसैले एकल संवादको विवरण बढी भएको उपन्यास भए तापनि पाठकलाई रमाइलो दिन कतैकतै अन्य पात्रका संवादहरूको यथावत् स्मरण र सारण गरिएको छ (दाहाल, २०५८ : ११७) उपन्यासमा लामा र छोटा दुवै खालका संवादको

प्रयोग गरिएको छ । म पात्र लक्ष्मीले जागिरको सिलसिलामा विभिन्न व्यक्तिहरूबीच गरेको संवाद यस प्रकार रहेको छ :

“भाइ कताबाट ? ”

“ यही छु ।”

“कहाँ काम गर्छौ ?”

“काम खोज्दैछु दाइ, हजुरलाई त थाहा छ , हामी जस्ताको काठमाडौंमा कुनै सोर्स हुँदैन । हजुर पहिलो व्यक्ति हो, केही गर्न सक्ने खालको मैले काठमाडौंमा भेटेको । सो इफ यू कुड डु काइण्डली समथिङ्ग फर मी, आइ विल बी अबलाईज्ड थ्रु आउट माइ लाईफ (पृ. ६) ।”

यस संवादलाई हेर्दा कतै छोटो र कतै धेरै लामो एकल संवाद भेटिन्छ । साथै संवादको क्रममा नेपाली र अङ्ग्रेजी भाषाको प्रयोगबाट सहरिया परिवेश रहेको कुरा स्पष्ट भएको छ ।

‘म’ पात्र लक्ष्मी अत्यन्त कामुक र यौन पिपाशु रहेको र उसले अनेकौं केटीहरूलाई फकाएर यौनकार्यमा संलग्न भएको कुरा प्रस्तुत संवादबाट स्पष्ट हुन्छ ।

“ तिमीलाई गुलियो मन पर्छ गीता ?”

“चिनी त मन पर्दैन ।” उसले भनी ।

... मिठाई हालेको ओठतिर चोर औलो छुवाउँदै देखाएर सोधेँ “ यस्तो गुलियो नी ?”

“त्यस्तो गुलियो त मन पर्छ ” (पृ. २६) ।”

यसरी उपन्यासभरि नै प्रायः जसो ठाउँमा फोहरी र यौन व्यभिचारी संवादको प्रयोग देख्न सकिन्छ ।

शिवरामले दरबारभित्रको चाहनामा राज्यमन्त्रीलाई फाल्ने समाचार लेख्ने र प्रसादराजालाई माथि उठाउने किसिमको लेख छपाएर आफूहरू बुद्धिमान् हुने पीतपत्रकारिता पेसालाई प्रस्तुत संवादद्वारा स्पष्ट पारेको छ ।

"जति दिन बाँकी भए पनि, विषय म अहिल्यै बताइदिन्छु तिमीले नै लेख्नु पर्छ ।"

" के विषय हुन्छ ?"

" विषय हुन्छ श्रीमान् चन्द्रप्रसाद " (पृ.५२)

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा ग्राम्य जनजीवनको कथ्य भाषाका संवादहरू पनि देख्न सकिन्छ ।

" के भो आमालाई ? "

" के हुन्छ आमालाई ? " बुढीले भनी "जे हुनु त हामीलाई भइगो नि ?"

" के भयो , भन्नुस न ?"

" पोइल गई तेरी आमा (पृ. १२१) ।"

असल र इमान्दार व्यक्ति दुष्ट र खराब व्यक्तिका दृष्टिमा असल भए पनि खराब प्रमाणित गर्न खोज्ने दरबारिया मान्छेहरूका बीच भएको संवाद यस प्रकार रहेको छ ।

" यो रवि कस्तो मान्छे ?"

" चुतिया हो साले ।"

" प्रतिगामी हो ?"

"हो (पृ. १६२) । "

रविको सिर्जनशीलता र इमान्दारितालाई देखेर भित्रभित्रै जलन भएका परपीडक स्वभावका व्यक्तिहरूबीच भएको संवाद यस प्रकार रहेको छ ।

"त्यसैले रिसाएका यिनीहरू ?"

"होइन, अर्कै कारण छ ।"

"के कारण छ ?"

" जे पनि लेख्छ र कविता पनि टप लेख्छ, अरूले नभ्याउने लेख्छ, अनि यिनीहरू सब नीच छन्, ऊ छैन, त्यसैल (पृ.१६४)।"

यसरी **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा पात्रको स्वभाव र स्तर अनुसारको संवाद उपयुक्त परिवेशको संयोजनले उपन्यासलाई जीवन्तता प्रदान गरेको छ। साथै उपन्यासमा सहरी परिवेशको चित्रण गरिएकाले कतै कतै अङ्ग्रेजी भाषाका वाक्यहरूको पनि प्रयोग गरिएको छ। उपन्यासमा यौन व्यभिचारका क्रममा बोलिएका फोहर र कुत्सित संवादको प्रयोग पनि धेरै ठाउँमा दोहोरिएका छन् । साथै फोहर र अश्लील संवाद पनि परिवेश सुहाउँदो रहेको छ ।

## ४.३.४ उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको भाषा र परिवेश

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा पात्रहरूले आफ्नो स्वभाव र स्तर अनुसारका भाषाको प्रयोग गरेका छन् । उपन्यासमा कवितात्मक खँदिलोपन अनौपचारिक अर्थात् स्वतन्त्र अप्रत्यक्ष कथनको प्राधान्य तथा यथार्थ तथा प्रकृतवादी सत्यमा आधारित कथ्य भाषाको मनपरी प्रयोगमा केन्द्रित छ (बराल र एटम, २०६६ :२८७) । प्रस्तुत उपन्यासमा काठमाडौंको सहरी परिवेशको चित्रण गरिएकाले भाषा प्रयोगमा पनि बीच बीचमा अङ्ग्रेजी भाषाको शब्द प्रयोग गरिएको पाइन्छ ।

"पत्रकार भएर लेक्चररको काम नगर यार (पृ. ३९)।" भाषा प्रयोगमा कतिपय ठाउँमा अशिष्ट र अमर्यादित भाषाको पनि प्रयोग गरिएको छ ।

"त्यस्ता मुजी हाकिमलाई नै त्यो काम हेर्न भन न (पृ. १०४)।"

उपन्यासमा श्यामव्यङ्ग्यात्मक भाषाले पाठकलाई रोचकता प्रदान गरेको छ ।

"मेरो पुस्तक, रगतमा कोलेस्टोरोलको थक्का जस्तै भए पनि हाललाई बिनाअड्काउ उत्रिरहेको छ " (पृ.६) ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा उच्च वर्गीय, मध्यमवर्गीय र सामान्य बोलीचालीको कथ्य भाषा र लेख्य भाषा दुवैको प्रयोग गरिएको छ। उच्च वर्गीय भाषाको प्रयोग 'म' पात्र र रोजिना रानीका बीच विरुवा रोप्ने क्रममा आएको छ।

"परार साल यसै उपलक्ष्यमा हजुरले नै रोपिसेका विरुवाहरू हुन् ?" (पृ. १२५)

शिष्ट र मर्यादित भाषाको प्रयोगको साथै कहिले अति तुच्छ र तल्लो स्तरको भाषाको पनि प्रयोग गरिएको छ ।

"ऊ जुरुक्क उठी । मैले पनि उठ्नै पर्‍यो । राँडीले लडाउन पो आँटी । मनमा यस्तो आयो (पृ. १४४)।"

"यो राँडीलाई निकाल्नैपर्छ (पृ. ३६)।"

उपन्यासमा प्रसङ्ग अनुसार संस्कृत भाषाको सूक्तहरू पनि प्रयोग गरिएको छः

नामानी (मी ?) शमीशान निर्वाण रूपम्

विभुं व्यापकम् ब्रह्मवेद स्वरूपम् (पृ.११६)

उपन्यासमा प्रसङ्ग अनुसार बिम्बात्मक , प्रतीकात्मक र व्यङ्ग्यात्मक भाषाको प्रयोग गरिएको छ । अश्लील कुराहरूलाई पनि विभिन्न बिम्ब र प्रतीकको माध्यमद्वारा प्रस्तुत गरिएको छ ।

"भाँडोलाई जूठो बनाउन त सकिन्छ, त जुठोलाई भाँडो बनाएर राख्न भने सकिन्न (पृ.२९) ।"

यसमा विभिन्न बिम्बहरूको प्रयोगको साथै अश्लील कुराहरूलाई पनि बिम्बको माध्यमद्वारा प्रस्तुत गरिएको छ । "एउटा जूनकीरी झार्नुभन्दा दुईवटा जूनकीरी झर्नु

अन्त नभए पनि अनुहारमा अलिक उज्यालो थपिनु नै हुन्छ (पृ.१२)।" उपन्यासमा कतैकतै कवितात्मक भाषाको प्रयोग पनि देख्न सकिन्छ : "यहाँ न्युज बन्दैन, भ्युज बन्दैन चीज बन्छ, सन्तानोत्पत्तिको बीज बन्छ, न्युज बन्दैन (पृ. ८)।"

"उसको नाम रवि भएकाले ऊ चाँडो कवि बन्यो (पृ.१३)।"

कथ्य भाषाको मनपरी गाली गर्दा उपन्यासमा प्रकृतवादी शैली अभिव्यक्त हुन पुगेको छ । " त्यो जाँठो डल हाकिम मर्निङ वाकमा आयो भने बन्ने हेल्थ पनि बिग्रन्छ (पृ.१०४)।"

उपन्यासमा बडबड, सुक्क सुक्क, धडधडी, मुसुक्क, स्वाँस्वाँ, जुरुक्क, झमक्क, कुटुकुटु , गद्गद् आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ जसले गर्दा भाषालाई सरल र स्वाभाविकता प्रदान गरेको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासले काठमाडौंको सहरी परिवेशको विकृति र विसङ्गतिलाई उजागर गरेको छ । साथै विशेष गरी पञ्चायतकालीन समय र प्रजातन्त्रकालीन समयमा भएका राजनैतिक क्षेत्रका विकृति र विसङ्गतिलाई मूल विषयवस्तु बनाइएको छ । उपन्यासमा बहुल पात्रहरूको प्रयोग गरिएकाले चरित्र प्रधान उपन्यासका रूपमा पनि रहेको छ । उपन्यासमा कथावस्तु शृङ्खलित रूपमा नआए पनि यसले समसामयिक यथार्थ घटनाहरूलाई स्वैरकल्पनाको हल्का प्रयोगद्वारा अभिव्यक्त गरेको छ । उपन्यासमा संवाद र भाषा प्रयोगमा स्वाभाविकता आएकोले उपन्यास उत्कृष्ट बन्न पुगेको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा मुख्य कार्यपीठिकाको रूपमा काठमाडौं सहर रहेको छ । काठमाडौंको सहरी परिवेशमा हुने चोरी, लुटपात, ठगी, हत्या, हिंसा, बलात्कार आदि जस्ता अपराधिक क्रियाकलापलाई युगीन परिवेशका रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ । सरही परिवेशका मान्छेभित्र मानवता हराइसकेको कुरालाई पनि उपन्यासमा पात्रको माध्यमद्वारा प्रस्तुत गरिएको छ। धनी सामन्त वर्गले गरिब, निमुखा वर्गमाथि आर्थिक र शारीरिक शोषण गर्न नछाडेको सहरी जीवनको विकृतिमय परिवेशलाई उपन्यासले उजागर गर्ने कार्य गरेको छ ।

कर्मचारीहरूमा बढ्दै गएको भ्रष्टाचार, अनियमितता चाकडी, चाप्लुसीले समाजमा नकारात्मक असर पुऱ्याएको कुरालाई राजनैतिक परिवेश मार्फत देखाउने प्रयास गरिएको छ । अर्काको रचना चोरेर आफू नाम कमाउने संस्कार पनि सहरी परिवेशमा हुने गरेका र हुँदै आएका छन् । सहरमा दैनिक गुजारा चलाउन अत्यन्त सङ्घर्ष गर्नुपरे पनि मान्छेहरू सहरी परिवेशतर्फ आकर्षित भएको कुरा उपन्यासमा व्यक्त भएको छ । सहरी परिवेशका मान्छे आफूलाई सभ्य र भलादमी तुल्याउनका निमित्त अङ्ग्रेजी भाषाका शब्दलाई बीच बीचमा मिसाएर बोल्ने गर्दछन् । जसले गर्दा गाउँले र सहरिया परिवेश छुट्टिने गर्छ । यस उपन्यासमा मूल रूपमा राजनैतिक परिवेश आएको छ । देशमा राजनैतिक परिवेश फितलो बन्दै गएपछि निर्दोष व्यक्तिले पनि ज्यान गुमाउनु परेको दुःखद अवस्थालाई कार्यकारण शृङ्खलामा जाडेर कथानक पूर्ण भएको छ । जसले गर्दा उपन्यासमा स्वाभाविकता आएको छ । उपन्यासको सम्पूर्ण घटनाहरू सहरी परिवेशमा घटित भएका छन् । परिवेश अनुरूप नै विभिन्न पात्रहरूको क्रियाकलाप पनि अगाडि बढेको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको आन्तरिक परिवेशको रूपमा पात्रका मनभित्रका कुराहरूलाई प्रस्तुत गरिएको छ । आन्तरिक परिवेशलाई फ्रायड, एडलर र युङ्गका मनोविश्लेषण सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । 'म' पात्र लक्ष्मी जागिरको सिलसिलामा गाउँबाट काठमाडौं सहर आइपुगेको छ साथै यसले सहरमा भोग्नुपरेका अभाव, छटपटी आदिले उब्जाएका मान्छेमा अन्तर्निहित भावना, द्वेष, घृणा तिरस्कार, छलकपट, मोह, लोभ, क्रोध, ईर्ष्या, प्रेम, वासना आदिलाई आन्तरिक परिवेशका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासका अन्य पात्रमा भन्दा 'म' पात्रमा आन्तरिक परिवेश केन्द्रित भएको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यसमा विभिन्न औपन्यासिक तत्त्वहरूको उपयुक्त संयोजन भएको छ । परिवेश अनुसारको कथानक, पात्र, संवाद र भाषा प्रयोगले उपन्यासले सफलता प्राप्त गरेको छ । औपन्यासिक तत्त्वहरूको समुचित प्रयोगले उपन्यास जीवन्त बन्न पुगेको छ ।

# परिच्छेद – पाँच

## उपसंहार तथा निष्कर्ष

### ५.१ निष्कर्ष

ध्रुवचन्द्र गौतम (२०००) ले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनको विशेष प्राप्ति आख्यान विधामा रहेको पाइन्छ । गौतमले सानैदेखि साहित्य सिर्जना गरेको पाइन्छ । गौतमले **सरस्वती तिम्रो शक्ति महान्**, शीर्षकको कविताबाट लेखनारम्भ गरेका हुन् । उपन्यासका क्षेत्रमा भने गौतमले वि.सं २०२४ सालको **रूपरेखा** पत्रिकामा **अन्त्यपछि** उपन्यास लिएर देखापरेका हुन् । **सातौं ॠतु**सम्म आइपुग्दा एकल र सामूहिक गरी दुई दर्जनभन्दा बढी उपन्यास लेखेको पाइन्छ । नवीन मूल्य र मान्यतालाई आत्मसात् गर्दै अस्तित्वादी, विसङ्गतिवादी, आलोचनात्मक यथार्थवाद, स्वैरकल्पनात्मक, मिथकीय, सूत्र एवम् अनुभवन्यासका साथै सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक, नैतिक आचरण आदि क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा चित्रण गरिएको पाइन्छ । आख्यान विधामा विविध किसिमका नवप्रयोग गरी उपन्यास रचना गरेकाले उनलाई **आख्यान पुरुष** (२०६०) को उपाधिद्वारा सम्मानित समेत गरिएको छ ।

वि.सं २०२४ सालदेखि नेपाली साहित्यमा अविरल रूपमा लागेका गौतमको उपन्यास यात्रालाई तीन चरणमा विभाजन गरेर अध्ययन गरिएको छ । **अन्त्यपछि** (२०२४) र **बालुवामाथि** (२०२८) प्रथम चरणमा देखिएका अस्तित्ववादी विसङ्गतिवादी प्रयोगधर्मी उपन्यास हुन् । वि.सं २०२९ देखि दोस्रो चरणको सुरुवात भए पनि **डापी** (२०३३) उपन्यासबाट थालनी भएर **उपसंहार अर्थात् चौथो अन्त्य** अगाडिसम्मको अवधिलाई मानिन्छ । यस चरणमा **कट्टेलसरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३) , **स्व. हीरादेवीको खोज** (२०४५), **एक सहरमा एक कोठा** (२०४६) उपन्यास देखिएका छन् । स्वैरकल्पना, मिथक एवम् तत्कालीन अवस्थामा देखिएका यथार्थ रूपलाई व्यङ्ग्यात्मक पाराले उपन्यासमा प्रस्तुत गरिएको छ ।

गौतमको उपन्यास लेखनगत दृष्टिले सङ्ख्यात्मक र गुणात्मक दुवै किसिमले उत्कृष्ट रहेको छ । उपन्यास लेखन र प्रयोगात्मक दृष्टिले उर्वर एवम् उत्कर्ष विन्दुका रूपमा तेस्रो चरण महत्त्वपूर्ण रहेको छ । **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८) देखि वर्तमानसम्मको अवधिमा आलोचनात्मक यथार्थवाद, अमूर्त रूपवादी, स्वैरकल्पनात्मक, प्रकृतवाद, यौनमनोविज्ञानका साथै सूत्र उपन्यास र अनुभवन्यास आदि प्रवृत्तिका उपन्यासहरूको सिर्जना गरेका छन् । यस चरणमा **दुविधा** (२०५२) **अग्निदत्त+अग्निदत्त** (२०५३) **फूलको आतङ्क** (२०५५), **बाढी** (२०५६), **सहस्राब्दीको अन्तिम प्रेम कथा** ( २०५६), **मौन** (२०५८), **तथाकथित** (२०५९), र **सातौँ ऋतु** (२०६८) उपन्यास रहेका छन् । गौतमले एकल र सहलेखनका साथमा नवीन प्रयोग गरेर उपन्यासलाई उत्कृष्ट बनाएका छन् । उपन्यासमा अकथा, अनायक, सूक्ष्म कथानक, विशृङ्खलता आदि जस्ता उत्तरआधुनिकताका तत्त्वहरू निर्वाह गर्दै आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक, सांस्कृतिक एवम् प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृतिहरूलाई स्वैरकल्पना, मिथक र  व्यङ्ग्यका माध्यमबाट यथार्थ रूप प्रस्तुत गरिएको छन ।

गौतमको उपन्यास यात्राको तेस्रो चरणमा लेखिएको **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८) उपन्यास स्वैरकल्पनात्मक, श्यामव्यङ्ग्यात्मक आदिको प्रयोग गरी लेखिएको प्रकृतवादी शैलीको उपन्यास हो । पञ्चायतकालीन समय र प्रजातन्त्रकालीन समयका समसामयिक विषयवस्तुलाई आधार बनाएर उपन्यासको रचना गरिएको छ । ५२ परिच्छेद र १७९ पृष्ठमा संरचित **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासले सहरी परिवेशमा देखिएका हत्या, बलात्कार, यौन व्यवहार, ठगी, शोषण आदिको यथार्थ रूपलाई उजागर गरेको छ । सहरी जनजीवनमा देखिएका विकृति, विसङ्गतिलाई व्यङ्ग्य र स्वैरकल्पनाको माध्यमद्वारा उपन्यासमा प्रस्तुत गरिएको छ। उपन्यासमा प्रमुख, सहायक र गौण पात्र नेपथ्यीय र मञ्चीय रूपमा उपस्थित भएर कार्यव्यापार गरेका छन् ।

कुनै पनि पात्रले कार्यव्यापार गर्ने आधारभूमिलाई परिवेश भनिन्छ । निश्चित परिवेशमा आएर उपन्यासको निर्माण हुन्छ । कथानकलाई वातावरणको नजिक ल्याउने र क्रियाव्यापारलाई पूर्णता दिनका लागि उपयुक्त कार्यस्थल नै परिवेश हो ।

उपन्यासमा पात्रको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक आदि परिस्थिति परिवेशसँगै जोडिएर आएका हुन्छन् । परिवेशमा देश-काल र वातावरण गरी दुई तत्त्व रहेको हुन्छ । परिवेशलाई आन्तरिक र बाह्य परिवेशमा विभाजन गरिएको हुन्छ । बाह्य परिवेश अन्तर्गत सामाजिक रहनसहन, रीतिरिवाज, धार्मिक, सांस्कृतिक, राजनैतिक, ऐतिहासिक, आर्थिक, शैक्षिक, भाषिक आदि विविध पक्षहरू पर्दछन् । आन्तरिक परिवेशमा पात्रका मनका विभिन्न भावहरू पर्दछन् । आन्तरिक परिवेशलाई चेतन-अचेतन, जीवनमूलक-मृत्युमूलक, हीनता-उच्चता, अन्तर्मुखी-बहिर्मुखी, स्वपीडन- परपीडन रति आदि पाश्चात्य सिद्धान्तको आधारमा देखाउने कार्य गरिएको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास वि.सं २०४६ /०४७ सालतिरको समयावधिलाई लिएर लेखिएको उपन्यास हो । पञ्चायतकालीन र प्रजातन्त्रकालीन समयका शासन व्यवस्था र त्यसले निम्त्याएका विभिन्न विकृति र विसङ्गतिलाई स्वैरकल्पना, बिम्ब, प्रतीक आदिका माध्यमबाट चित्रण गरिएको छ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको स्थानिक परिवेशका रूपमा नेपालको राजधानी काठमाडौं सहर रहेको छ । काठमाडौं सहरमा भएका विकृतिलाई उपन्यासमा 'म' पात्र लगायत अन्य पात्रका माध्यमद्वारा प्रस्तुत गरिएको छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको आन्तरिक परिवेशको रूपमा पात्रका मन भित्रका कुराहरूलाई प्रस्तुत गरिएको छ । उपन्यासमा आन्तरिक परिवेशलाई फ्रायड, एडलर र युङ्गका मनोविश्लेषण सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । 'म' पात्र जागिरको सिलसिलामा गाउँबाट काठमाडौं सहर आइपुगेको छ । साथै उसले सहरमा भोग्नुपरेका अभाव, छटपटी आदिले उब्जाएका मान्छेमा अन्तर्निहित भावना, द्वेष, घृणा, तिरस्कार, छलकपट, मोह, लोभ, क्रोध, ईर्ष्या, प्रेम, वासना आदिलाई आन्तरिक परिवेशका रूपमा प्रस्तुत गरिएको छ । अन्य पात्रमा भन्दा 'म' पात्रमा आन्तरिक परिवेश केन्द्रित भएको छ। साथै 'म' पात्रकै माध्यमद्वारा सम्पूर्ण कथावस्तु अघि बढेको छ र 'म' पात्र उपन्यासको कथावाचक वा समाख्याता पनि हो ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा विभिन्न औपन्यासिक तत्त्वहरूको उपयुक्त संयोजन भएको छ । परिवेश अनुसारको कथानक, पात्र, संवाद र भाषा प्रयोगले उपन्यासले सफलता प्राप्त गरेको छ । बिग्रदो सहरिया परिवेशले मान्छे विकृति र विसङ्गति तर्फ धकेलिँदै गएको कुरा उपन्यासमा आएको छ । देशमा राजनैतिक परिवेश फितलो बन्दै गएपछि निर्दोष व्यक्तिले पनि ज्यान गुमाउनु परेको दुःखद अवस्थालाई कार्यकारण शृङ्खलामा जोडेर कथानक पूर्ण भएको छ। उपन्यासको सम्पूर्ण घटनाहरू सहरी परिवेशमा घटित भएका छन् । परिवेश अनुरूप नै विभिन्न पात्रहरूको क्रियाकलाप अगाडि बढेको छ। पात्र चयनमा धनी सामन्त वर्गदेखि लिएर गरिब र शोषित पीडित वर्गसम्म रहेका छन् । पात्रहरूको बीचमा सन्दर्भ अनुसार स्वाभाविक संवाद प्रयोग भएको छ। **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको भाषा परिवेश अनुरूप प्रयोग गरिएको छ। नेपाली भाषाको प्रयोगका साथसाथै कतै अङ्ग्रेजी भाषाका वाक्यहरू र कतै संस्कृत भाषाका सूक्तहरूको पनि प्रयोग गरिएको छ।

यसरी **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा परिवेश अनुसारको कथानक, पात्र, संवाद र भाषाको संयोजन गरिएकाले स्वाभाविकता र जीवन्तता प्राप्त गरेको छ।

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा नेपाली उपन्यास परम्पराभन्दा भिन्न किसिमको संरचना रहेको छ। साथै यस उपन्यासले परम्परित सैद्धान्तिक मान्यतालाई तोडेर पाश्चात्य मुलुकको सिद्धान्तलाई अनुसरण गरेको छ । उपन्यासमा शृङ्खलाविहीन कथानकको आयोजना गरिएको छ। मूल विषयवस्तुसँग झिनो कथावस्तु जोडिएर आएको छ र यसले मूल विषयवस्तुलाई पूर्णता प्रदान गर्न सहयोग गरेको छ। उपन्यासमा बहुल पात्र भए पनि मुख्य नायक र नायिकाको अभाव भएको छ। उपन्यासमा समसामयिक विषयवस्तुलाई स्वैरकल्पना र व्यङ्ग्यका माध्यमद्वारा प्रस्तुत गरिएको छ । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास नेपाली उपन्यास परम्परामा प्रयोगशीलता अपनाइएको उत्कृष्ट उपन्यासका रूपमा रहेको छ । यसमा काठमाडौं सहरमा भएका विकृतिमय परिवेश र पञ्चायतकालीन परिवेशको चित्रण गरिएको छ।

त्यसैले उपन्यासमा सामाजिक, आर्थिक, राजनैतिक आदि परिवेश मुख्य रूपमा आएको छ ।

## सम्भावित शोधशीर्षकहरू

(क) **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको समाजशास्त्रीय अध्ययन ।

(ख) **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा प्रयुक्त श्यामव्यङ्ग्य ।

# सन्दर्भ सामग्रीहरू


अग्निहोत्री, श्रीनारायण (१९६१), **हिन्दी उपन्यास साहित्यका शास्त्रीय विवेचना**, आगरा : सरस्वती पुस्तक सदन ।

अधिकारी, ज्ञानु (२०६७), **प्रायोगिक समालोचना केही प्रतिरूप,** काठमाडौं : भुँडीपुराण ।

अधिकारी, हेमाङ्गराज (२०६६), **प्रयोगात्मक नेपाली शब्दकोश,** दो.सं, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अब्राह्म्स, एम.एच. (इ.१९९२), **अ ग्लोसरी अफ लिटरेरी टर्मस्,** ते.सं, मद्रासः म्याक्मिलन इन्डिया ।

अवस्थी, महादेव (२०६५), **नेपाली कथा भाग २**, दो.सं, ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशव (२०६०), "नेपाली नाट्य क्षेत्रमा ध्रुवचन्द्र गौतमको योगदान", **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम**, पौडेल, खुमनारायण (सम्पा.), चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. १६७- १७३ ।

कोइराला, कुमार (२०६०), "निमित्त नायकको विसङ्गत संसार", **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.), चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. ६७- ७२ ।

खनाल, मीना (२०६६), **एक पालुवा अनेकौं याम उपन्यासको परिवेशको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि., ने.के.वि., कीर्तिपुर ।

खरेल, शेखर (२०४८), "सातौं ऋतुमा नफुलेको फूल" , **कान्तिपुर कोसेली,** (वर्ष २० अङ्क १४, फागुन , २०), पृ. ङ ।

खरेल, हरिप्रसाद (२०६६), **ध्रुवचन्द्र गौतमका उपन्यासमा प्रयुक्त भाषिक प्रयोग,** अप्रकाशित शोधपत्र, त्रि.वि., ने.के.वि., कीर्तिपुर ।

गोर्खाली, रमेश (२०६०), "सहस्राब्दीको अन्तिम प्रेमकथाको अभिव्यञ्जनात्मक मूल पाठ", **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.), चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. १२४-१३१ ।

गौतम, ध्रुवचन्द्र (२०५९), **बाढी,** काठमाडौं : नेपाली लेखक सङ्घ ।

-----, (२०६३), **उपसंहार अर्थात् चौथो अन्त्य,** ते.सं, ललितपुर : साझा प्रकाशन, ।

गौतम, लक्ष्मणप्रसाद (२०५७), **सान्दर्भिक समालोचना**, काठमाडौं : भुँडीपुराण ।

-----, (२०६०), "औपन्यासिक नवप्रयुक्तिको रूपमा बाढी र यसको आनुभवन्यासिक विश्लेषण", **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.) , चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. १०३-१२३ ।

तिवारी, वरुणकुमार (२०३५), **मनोविज्ञानका प्रवर्तकहरू,** काठमाडौं : ने.रा.प्र.प्र. ।

थापा, किशन (२०६०), "अधिर", "स्वर्गीय हीरादेवीको खोजः समकालीन जीवनको त्रासदी, **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.), चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. ७३-७७ ।

थापा, रोशन (२०६०), "निरव" "मौनभित्रका विस्फोटहरू", **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.), चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. १३२-१४५ ।

दाहाल, कुमारराज (२०४७), **साहित्यकार डा. ध्रुवचन्द्र गौतमका कृतिहरूको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि., ने.के.वि., कीर्तिपुर ।

दाहाल, खेमनाथ (२०५८), "उपसंहार अर्थात् चौथो अन्त्य एक समीक्षा" , **समकालीन साहित्य,** (वर्ष १२ अङ्क २, पूर्णाङ्क ४४), पृ. ११६-१२१ ।

निरौला, गिरिराज (२०६१), **उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको स्रष्टापरक अध्ययन**, अप्रकाशित शोधपत्र, रत्नराज्य लक्ष्मी क्याम्पस, ने.शि.स.प्रदर्शनीमार्ग, काठमाडौं ।

नेपाल, घनश्याम (१९८७), **आख्यानका कुरा,** सिलगुढी :नेपाली साहित्य प्रचार समिति ।

न्यौपाने, टङ्कप्रसाद (२०३८), **साहित्यको रूपरेखा**, काठमाडौंः साभ्का प्रकाशन ।

पाण्डे, ज्ञानु (२०६०), "उपन्यासकार ध्रुवचन्द्र गौतम : विषयमाथिको एक अध्ययन", **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.), चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. २५-३० ।

पोखरेल, कृष्णप्रसाद (२०६०), संस्कार कथा एक आञ्चलिक विश्लेषण अनेक ", **समकालीन साहित्य**, (वर्ष १४ अङ्क १, पूर्णाङ्क ५१), पृ. ११७-१२७ ।

पौडेल, कृष्णा (२०६०), "अभाव र विसङ्गतिको कथाः एक सहरमा एक कोठा" **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.) , चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. ७८-८० ।

पौडेल, वसन्तप्रसाद (२०६०), **कट्टेलसरको चोटपटक उपन्यासको चलचित्रीकरण,** अप्रकाशित शोधपत्र, त्रि.वि., ने.के.वि., कीर्तिपुर ।

पौड्याल परशुराम (२०६५), **कथाको रूपविन्यास, सिद्धान्त र विवेचना,** प्र.सं., काठमाडौं : बुद्ध एकेडेमिक पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार,** चौ.सं ललितपुर : साभ्का प्रकाशन, ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यासः परम्परा र पृष्ठभूमि,** दार्जिलिङ : दीपा प्रकाशन ।

बराल, ईश्वर  (सम्पा.) (२०४८), **झ्यालबाट** , पाँ.सं, ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर र अन्य (सम्पा.) (२०५५), **नेपाली साहित्यकोश,** काठमाडौं : ने.रा.प्र.प्र. ।

बराल, ऋषिराज (२०५६), **उपन्यासको सौन्दर्यशास्त्र** ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ते.सं , ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६७ ), "भूमिका", **अप्रिय,**लेखक ध्रुवचन्द्र गौतम, प्र.सं ललितपुर : साझा प्रकाशन ।

भट्टराई, टङ्क (२०६०), "प्रकृतवादी उपन्यासका रूपमा उपसंहार अर्थात् चौथो अन्त्य, **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.), चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. ८१-८६ ।

भट्टराई, हर्षनाथ र माधव लम्साल (२०६३), **राष्ट्रिय नेपाली शब्दकोश**, प्र.सं., काठमाडौं : नेशनल एडुकेशनल पब्लिसिङ हाउस ।

मरासिनी, गणेश (२०६६), "अलिखित उपन्यासको परिवेश विधान", अप्रकाशित शोधपत्र, त्रि.वि., ने.के.वि., कीर्तिपुर  ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५३), **प्रकृति प्रत्ययकोश,** प्र.सं, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

........, (२०६०), "नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान", **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.), चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. ८-२४ ।

लुइटेल, लीला (२०५७ ), "ध्रुवचन्द्र गौतमको औपन्यासिक शिल्प," **गरिमा** (वर्ष १८ अङ्क ६, पूर्णाङ्क २१०, जेठ), पृ. ८६-९१ ।

लुइटेल, लीला (२०६०), "शिल्पसंयोजनको नवीनताका दृष्टिले फूलको आतङ्क", **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** पौडेल, खुमनारायण (सम्पा.), चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, पृ. ९७- १०२ ।

वर्मा, धीरेन्द्र र अन्य (सम्पा.) (२०२०), **हिन्दी साहित्यकोश (भाग १)** , दो.सं वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

वर्मा, वृन्दावनलाल (१९५६), **उपन्यास और कला,** (सम्पा.) शिवकुमार मिश्र कानपुरः रवि प्रकाशन ।

वेन्सन, विलियम र हेलेन वेन्सन (१९७४), **इन्साइक्लोपिडिया अफ ब्रिटानिका**, प.सं. लन्डनः वेन्सन ।

शर्मा, मोहनराज (२०५०), **कथाको विकास प्रक्रिया**, दो.सं., काठमाडौं : साझा प्रकाशन ।

-----, (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : ने.रा. प्र.प्र. ।

शर्मा, मोहनराज (२०५९), "उपन्यासकार डा. ध्रुवचन्द्र गौतम", **समकालीन साहित्य**, (वर्ष १३ अङ्क १, पूर्णाङ्क ४७), पृ. ८२-८५ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, दो.सं , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हरिप्रसाद (२०५९)**, कथाको सिद्धान्त र विवेचना,** काठमाडौं : ने.रा.प्र.प्र. ।

श्रेष्ठ, दयाराम (२०३९), **पच्चीसवर्षका नेपाली कथा**, काठमाडौं : ने.रा. प्र.प्र. ।

सत्याल, यज्ञराज (२०१७), **नेपाली साहित्यको भूमिका,** काठमाडौं : शिक्षा विकास योजना प्रकाशन विभाग ।

सापकोटा, ध्रुव (२०४३), "भेटवार्ता डा. ध्रुवचन्द्र गौतम" **गरिमा** (वर्ष ४ अङ्क १२, पूर्णाङ्क ४८, मङ्सीर ), पृ. ७८-८७ ।

सुवेदी, धनप्रसाद (२०५६), **नेपाली उपन्यासमा आञ्चलिकता**, खोटाङः यादेवी ढकाल ।

सुवेदी, राजेन्द्र (२०५०), "उपन्यासकार ध्रुवचन्द्र गौतम र उनको उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको अध्ययन", **समकालीन साहित्य**, (वर्ष ३ अङ्क ४, पूर्णाङ्क १२), पृ. ६२-६९ ।

----, (२०५४), **सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम,** ललितपुर : साझा प्रकाशन ।

-----, (२०६४), **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति** , दो.सं., ललितपुर : साझा प्रकाशन ।

-----, (२०६४), "उपन्यासकार ध्रुवचन्द्र गौतम र उनको उपन्यास सिर्जनाको दोस्रो चरण", **मिर्मिरे समालोचना विशेषाङ्क** (वर्ष ३६, अङ्क ११, पूर्णाङ्क २७० फागुन), पृ. ३३३-३५८ ।